


• वर्ष १३ • अंक २१ • काठमाडौं, शुक्रबार, असोज १८, २०६४ • SAPTAHIK • Nepali National Weekly • Friday, Oct. 5, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-



# नेपालमै आङ सिरिङ्ग पार्ने रेस्लिङ

मुकुन्द बोगटी


काठमाडौं- रंगशालाको कभर्ड हलमा आएका एकथरी दर्शक 'देवा.. देवा.. देवा..' चिच्चाइरहेका थिए भने अर्काथरी दर्शक 'मिस्टर यती' को नाम लिइरहेका थिए। जब देवाले आक्रमण गर्दै मिस्टर यतीलाई रिङमा पछार्थे तब दर्शकहरू उत्तेजित हुन्थे। उनीहरू अझ बढी आक्रमण गर्न देवालाई उक्साइरहेका थिए। यसै क्रममा जब मिस्टर यतीले देवालाई हिर्काउन थाल्थे तब अर्का भागमा बसेका दर्शक पेपरको प्लेकार्ड उचाल्दै मिस्टर यतीलाई जोस्याउँथे। लगभग आधा घन्टासम्म चलेको यो भिडन्तमा आफूलाई आक्रमण गर्न ल्याएको टिनको ड्रम खोसेर देवाले मिस्टर यतीकै टाउकोमा प्रहार गर्दा ड्रम कुच्चिएको देखेर दर्शकहरूको जीउ नै सिरिङ्ग भयो। त्यसपछि मिस्टर यतीले देवाको टाउकोमा माटोको गाग्री बजारे, तब देवा रन्थनिएर पछारिए। यो आक्रमणकै कारण देवाको टाउकोबाट रगत बग्न थाल्यो। यो दृश्य देखेर खेल हेर्न आएका एक बालकले अनियन्त्रित भै पाइन्टमै पिसाब गरे तर पनि तातोपानी हेभिवेट च्याम्पियन देवाले टाउको फुटेको आक्रोशमा मिस्टर यतीलाई पराजित गरेर आफ्नो उपाधिको रक्षा गरे।

यो दृश्य केही दिनअघि रंगशालाको कभर्डहलमा सम्पन्न फ्रिस्टाइल मनोरञ्जन रेस्लिङ प्रतियोगिताको हो। सेटेलाइट च्यानलमार्फत् नेपालमा भित्रिएको फ्रिस्टाइल मनोरञ्जन रेस्लिङले लोकप्रियता पाइरहेको परिप्रेक्ष्यमा नेपालमै त्यसको स्वाद दिन विगत केही वर्षदेखि सगरमाथा मनोरञ्जन रेस्लिङ संघले विभिन्न स्थानमा फ्रिस्टाइल रेस्लिङ प्रतियोगिता आयोजित गर्दै आएको छ। सगरमाथा मनोरञ्जन रेस्लिङ संघका अध्यक्ष उद्धवप्रसाद थपलिया भन्छन्- यो खेल टेलिभिजनकै कारण विश्वभर लोकप्रिय छ। हामीले नेपालीहरूमा पनि फ्रिस्टाइल मनोरञ्जन रेस्लिङ खेल्ने क्षमता छ भन्ने कुरा देखाउन खोजेका हौं।

नेपालमा फ्रिस्टाइल रेस्लिङ विदेशी च्यानलकै कारण लोकप्रिय भए पनि केही दशकअघि काठमाडौंको रंगशालामा दारा सिंह, रन्धावाजस्ता दक्षिण एसियामै ख्याति कमाएका फ्रिस्टाइल रेस्लरबीच प्रतियोगिता हुँदा हजारौं मानिस ओइरिएका थिए। करिब एक दशकअघि दशरथ सङ्गशालामै पश्चिमी मुलुकमा फ्रिस्टाइल रेस्लरहरूले आफ्नो खेल देखाएका थिए तर पनि घरघरमा भने फिस्टाइल रेस्लिङले टेलिभिजन च्यानलमार्फत् नै लोकप्रियता पाएको हो। अहिले पनि अधिकांश स्पोर्ट्स च्यानलले दिनहुँजसो फ्रिस्टाइल मनोरञ्जन रेस्लिङ प्रसारण गर्दै आएका छन्।

बाँकी पृष्ठ २२ मा

# आफ्ना मानिसहरूको मायाका कारण जितें




## प्रशान्त तामाङ

प्रशान्त तामाङ, तेस्रो इन्डियन आइडल। अहिले भारतलगायत विश्वभरका नेपालीभाषीहरूमाझ प्रशान्त सुपरिचित छन्। दार्जीलिङका यी २४ वर्षीय तन्नेरी इन्डियन आइडल घोषित भएपछि पहिलो कन्सर्ट सार्वजनिक गर्न नेपाल आइपुगे। काठमाडौं र पोखरामा प्रशान्तको क्रेज निकै देखियो। पोखरामा कन्सर्ट सकिएपछि आयोजकहरूको हस्तक्षेपका बीच होटल सांग्रिलामा प्रशान्त तामाङसँग साप्ताहिकका पोखरा संवाददाता शिव शर्माले गरेको कुराकानी पृष्ठ ५ मा।

# स्टाइलिस सवारी

सुव्रत आचार्य



काठमाडौं- प्लस टु अध्ययनरत छ-सात जना युवा एउटा मोटरसाइकललाई घेरेर उभिएका थिए। कोही त्यसमा बसेर साथीको मोबाइलबाट तस्बिर खिचाउँदै थिए भने कोही त्यसको एक्सिलेटर बटार्दै थिए। गत सोमबार सम्पन्न 'नाडा अटो सो-२००७' को यामाहा स्टलको प्रवेशद्वारमै राखिएको उक्त मोटरसाइकल थियो- 'आर वान बाइक'। 'आर वान' को अर्थ पनि छ- रेसिङ नम्बर वान। ११ सय सिसी क्षमताको यो मोटरसाइकलको मूल्य छ- १६ लाख नेपाली रुपैयाँ। जापानमा बनेको यो मोटरसाइकलपछि अटो सोमा युवाहरूको आकर्षण बनेको थियो, होन्डा कम्पनीको स्टलमा सजाएर राखिएको 'होन्डा सीबीआर'। ६ सय सिसीको उक्त मोटरसाइकलको मूल्य १३ लाख ५० हजार रुपैयाँ छ। 'यो बाइकको माइलेज कति छ ?' - मोटरसाइकललाई छुँदै एक युवकले सेल्सम्यानसँग प्रश्न गरे। सेल्सम्यानले जवाफ फर्काए- '१५/१६ त दिन्छ होला।' २३ वर्षीय भिडियो सम्पादक अमित पौडेल आफूले एक वर्षदेखि चढिरहेको १ सय ५० सिसीको मोटसाइकलको तुलनामा केही स्टाइलिस मोटरसाइकलको खोजीमा थिए। 'कारको मूल्य तिरेर बाइक किन्न त सकिन्न, तर अझ स्टाइलिस बाइक पाइन्छ कि भनेर खोज्दैछु।' - उनले भने। उनी बजाजको स्टलमा हालै नेपाली बजारमा आएको 'पल्सर डिटिएस-एफ आई

बाँकी पृष्ठ १० मा




साइबर गर्ल अंशु



साप्ताहिक इन्फो

## क्यासेट

### पापपुण्य



गायक हेमन्त रानाको पहिलो एकल गीतिसंग्रह 'पापपुण्य' श्रोतामाझ आएको छ। सम्झना अडियो भिडियो (स्याब) प्रा.लि. ले बजारमा ल्याएको यो संग्रहमा आठवटा गीत समावेश छन्। संग्रहमा हेमन्त राना, सुनील बर्देवा, लोचन रिजाल, राजु जीएमको शब्द सुन्न सकिन्छ भने संगीत हेमन्त राना, सुनील बर्देवा, लोचन रिजाल तथा विशाल पौडेलको छ।

### चली बोलबम जलवा चढाए

नेपाल म्याक्स अडियो भिडियो काठमाडौंको प्रस्तुतिमा तिनाउ एफएम बुटवलका सञ्चारकर्मी श्रीनिवास चौधरीले नयाँ क्यासेट एल्बम 'चली बोलबम जलवा चढाए' बजारमा ल्याएका छन्। एल्बममा भोजपुरी भाषाका सातवटा भजन संग्रहित छन्। भगवान् शिवप्रति समर्पित सबै गीतमा शब्द र संगीत श्रीनिवासकै छ भने संगीत संयोजन सुरेश सेन्चुरीले गरेका छन्। एल्बममा वीरेन्द्र अग्रहरी, प्रिया थापा, मीना चौधरी तथा श्रीनिवास चौधरीको स्वर सुन्न पाइन्छ।

### सुनौलो बिहान

रञ्जना म्युजिक इन्डस्ट्रिज काठमाडौंको प्रस्तुतिमा रेसुङ्गा सांस्कृतिक परिवार, तम्घास, गुल्मीले संविधानसभा निर्वाचनका लागि लोकजागरण ल्याउने खालका गीतहरूको क्यासेट एल्बम 'सुनौलो बिहान' बजारमा ल्याएको छ। साइड 'ए' मा ४ वटा तथा साइड 'बी' मा २ वटा गीत रहेको एल्बममा शब्द रचना कमल श्रेष्ठ र दिलशोभा पुनले गरेका छन् भने स्वर लक्ष्मी परियार, आकाश विक, माधव कुँवर एवं दिलशोभा पुनको छ।

## ग्यालरी

-अस्ट्रेलियाली कलाकार सुसानाका चित्रहरूको प्रदर्शनी गत आइतबारदेखि सिद्धार्थ आर्ट ग्यालरीमा प्रारम्भ भएको छ। ८० वर्षीया यी कलाकारले भोगेका जीवन यथार्थलाई विभिन्न ४३ चित्रमार्फत प्रस्तुत गरिएको प्रदर्शनीमा दोस्रो विश्वयुद्ध, हिटलरको नरसंहार, पिकासोको संगतजस्ता विषय समेटिएका छन्। ५० को दशकमा पहिलो पटक नेपाल आएकी सुसानाले विश्वका अन्य स्थानमा पनि यस प्रकारको प्रदर्शनी आयोजना गर्दै आएकी छिन्।

-मूर्तिकार समूह आरम्भको आयोजनामा नक्साल बालमन्दिरस्थित नाफा आर्ट ग्यालरीमा गत शनिबारदेखि 'प्रथम राष्ट्रिय मूर्तिकला प्रदर्शनी' प्रारम्भ भएको छ। आधुनिक तथा समसामयिक विषयमा ४५ मूर्तिकारका ७६ वटा मूर्ति राखिएको उक्त प्रदर्शनीमा प्रस्तर, काठ, मेटल, सेरामिक, टेराकोटा, फाइबर राइजिङ, पेन्टेड स्टिल तथा पोलिकोर्मिक उडजस्ता सामग्रीको प्रयोगमा सिर्जित मूर्ति आकर्षक ढंगमा सजाइएका छन्। प्रदर्शनीमा राजन काफ्ले, विजय महर्जन, राजु पिठाकोटेलाई उत्कृष्ट तथा नरेन्द्रबहादुर श्रेष्ठ, भुवन थापा, इन्द्र खत्री तथा रमेश प्रधानलाई विशेष सम्मान प्रदान गरिएको थियो।

-कलाकार सम्झना राजभण्डारीको पहिलो एकल चित्रकला प्रदर्शनी नेपाल आर्ट काउन्सिल बबरमहलमा सम्पन्न भएको छ। एक्रेलिक माध्यमबाट प्रकृति र मानव घनिष्ठतालाई क्यानभासमा उतारिएको राजभण्डारीका ३९ वटा चित्र प्रदर्शनीमा राखिएका थिए। रूखलाई मानव आकृतिको स्वरूप दिँदै नारीभावनालाई चित्रमा प्रतिविम्बित गरेकी कलाकार राजभण्डारीका चित्रकला प्रदर्शनीको शीर्षक 'मिराज अफ दि नेचर' राखिएको थियो।

-१५ जना अग्रज कलाकारको चित्रकला प्रदर्शनी गत असोज १० गते बिहीबारदेखि सिंह आर्ट ग्यालरी पाटनमा प्रारम्भ भएको छ। 'अवतार' शीर्षकको उक्त चित्रकला प्रदर्शनीको उद्घाटन उद्योगपति राजेन्द्र खेतानले गरेका थिए। कलाकारहरू वत्सगोपाल वैद्य, शशि शाह, कृष्ण मानन्धर, उत्तम नेपाली, मदन चित्रकार, केके कर्माचार्य, विजय थापा, राधेश्याम मुल्मी, शशिकला तिवारी, श्यामलाल श्रेष्ठ, नवीन्द्रमान राजभण्डारी, ज्ञानमणि राय, उत्तम खरेल, आई.बी. मल्ल तथा उमाशंकर रायले दुई दिनको कार्यशालाका क्रममा तयार पारेका ३० वटा सृजना प्रदर्शनीमा राखिएका छन्। प्रदर्शनी आगामी असोज २५ गतेसम्म चल्नेछ। कार्यशालाका क्रममा रंगकर्मी पत्रकार कृष्ण शाह यात्रीले तयार पारेको आकृति डकुमेन्ट्री पनि सार्वजनिक गरिएको थियो।

-कलाकार गौरव श्रेष्ठको एकल पेन्टिङ प्रदर्शनी गत साताको बिहीबारदेखि द आर्ट सप दरबारमार्गमा प्रारम्भ भएको छ। आगामी बुधबारसम्म चल्ने उक्त प्रदर्शनीको शीर्षक 'स्पिरिच्युअल अबस्ट्र्याक्सन्स' राखिएको छ।

## पुस्तक

### सानीको साहस

शर्मिला खड्काद्वारा लेखिएको बालउपन्यास 'सानीको साहस' लाई तेजबहादुर दाहालले प्रकाशित गरेका हुन्। बालबालिकाहरूका लागि तयार गरिएको यो पुस्तकमा २६ अध्याय छन्। रुचिकर शैलीमा लेखिएको यो पुस्तकको मूल्य ८० रुपैयाँ छ।

### मान्छे/मान्छेहरू

नाटककार कृष्ण साहयात्रीद्वारा रचना गरिएका आठवटा नाटकको संग्रह 'मान्छे/मान्छेहरू' पाठकहरूका लागि गतिलो खुराक हुनसक्छ। नेपाली साहित्यमा लोप हुँदै गएको नाट्यसाहित्यलाई नयाँ जीवन दिने जमर्को गरेको यो पुस्तक विवेक सिर्जनशील प्रकाशनले प्रकाशित गरेको हो। पुस्तकको विशेष मूल्य २ सय रुपैयाँ तथा साधारण मूल्य ७५ रुपैयाँ छ।

### आर्यघाटको सम्झौता

कवि शान्तिराम कोइरालाद्वारा रचना गरिएको खण्डकाव्य 'आर्यघाटको सम्झौता' लाई ज्योतिष पण्डित वासुदेवकृष्ण शास्त्री तथा विक्रम कोइरालाले प्रकाशित गरेका हुन्। यो कृतिको मूल्य संस्थागत १ सय १ रुपैयाँ एवं व्यक्तिगत ३१ रुपैयाँ छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

घरेलु समस्याले सताउनेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। गलत विचार एवं शत्रु बढ्नेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। अध्ययनमा अवरोध आउनेछ। बुधबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ।

### वृष

पराक्रम एवं सोच्ने शक्ति बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसायमा हासिल हुने सफलता कायमै रहनेछ। घरेलु समस्याले सताउने हुँदा सफलताका लागि घरबाहिरै रहनु उचित हुन्छ। शत्रुले दुःख दिन सक्छन्। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुऱ्याउनुहोला।

### मिथुन

पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अरूबाट सहयोग पनि पाउनुहोला। अध्ययनमा सुधार आउनेछ। बौद्धिकताका साथै बोलीको प्रभाव बढ्ने योग भए पनि शत्रुदेखि सजग रहनुहोला। स्वास्थ्यमा ध्यान दिनुपर्ने बेला छ।

### कर्कट

विवाददेखि टाढै रहनुहोला। काममा अवरोध आउन सक्छ। धनमाल पनि हराउनेछ। घरेलु समस्याले सताउनेछ। जसको सट्टा अपजस प्राप्त होला। शुक्रबार, शनिबार, बुधबार र बिहीबार पराक्रम बढ्ने, काममा सफलता एवं मानसम्मान मिल्ने तथा भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ।

### सिंह

सुरुमा खर्च एवं विवाद बढ्नेछ। कुरा काट्नेहरू प्रशस्तै हुनेछन्। मन चिन्तित रहन सक्छ। धनमाल हराउने देखिन्छ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। सोमबार, मंगलबार र बुधबार मानसम्मान एवं काममा सफलता मिल्ने तथा प्रसन्नता बढ्ने योग छ।

### कन्या

ग्रहगोचर राम्रा छन्। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। आम्दानी एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। व्यवसाय बढ्ने क्रम यथावत् रहनेछ। आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। अध्ययनमा ह्रास आउन सक्छ।

### तुला

साताको पूर्वार्द्ध अनुकूल रहनेछ। काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। बोलीको प्रभाव बढ्नेछ। अध्ययनमा सफलता मिल्नेछ। यात्रा गर्ने अवसर प्राप्त होला। बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्।

### वृश्चिक

सुरुमा नैराश्यता एवं उदासीनता बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। खर्च एवं विवादले सताउन सक्छ। घरेलु समस्याले घेर्नेछ। आइतबारदेखि मानसम्मान एवं काममा सफलता मिल्ने तथा धन आर्जन हुने देखिन्छ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ।

### धनु

स्वास्थ्य बिग्रन सक्छ। काममा अवरोध आउनेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। गलत विचार बढ्न सक्छ। घरेलु समस्याले सताउनेछ। विश्वास गरेकाहरूले धोका दिनेछन्। मंगलबारदेखि काममा सुधार आउने, मानसम्मान मिल्ने तथा धन आर्जन हुने योग छ। यात्रा गर्ने अवसर जुट्नेछ। अध्ययनमा सुधार आउनेछ।

### मकर

व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मानसम्मान पाउनुहोला। धन आर्जन हुनसक्छ। आइतबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ। आफन्तहरूको समस्याले पिरोल्नेछ।

### कुम्भ

समय बलियो छ। सुरुमा परिश्रम गर्नुपरे पनि काममा सफलता हासिल हुनुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसाय बढ्नेछ भने यात्रा पनि हुनसक्छ। अध्ययनमा सफलता मिल्नेछ। बुधबार तथा बिहीबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### मीन

गलत विचार बढ्न सक्छ। काममा अवरोध आउनुका साथै अध्ययनमा अवरोध आउनेछ। गलत विचारका कारणले प्रतिष्ठामा समेत आँच आउन सक्छ। आइतबारदेखि परिश्रम गर्दा धन आर्जन गर्न सकिनेछ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। सफलताका लागि गोपनीयता अपनाउनुहोला।

## यो साताको पञ्चाङ्ग

असोज १९ गते एकादशी, २४ गते औँसी

# प्रेसविरोधी हर्कतविरुद्ध सबै एकजुट

**साप्ताहिक समाचार**

माओवादीनिकट प्रेस मजदुर संगठनले कान्तिपुर पब्लिकेसन्समा एक सातादेखि पुऱ्याउँदै आएको अवरोधको विषय अन्तर्राष्ट्रियकरण हुन थालेको छ। कान्तिपुरमा गरिएको आक्रमणका सम्बन्धमा संयुक्त राष्ट्रसंघका नेपाल प्रतिनिधि इयान मार्टिनले गहिरो दुःख व्यक्त गरेका छन्। त्यसैगरी अन्तर्राष्ट्रिय पत्रकारहरूको संगठन रिपोर्टर्स विदाउट बोर्डर्सले स्वतन्त्र पत्रकारितालाई सम्मान गर्न माओवादीलाई आग्रह गरेको छ। पाँच दिनअघि जनताको सुसूचित हुने अधिकारमा अवरोध नपुऱ्याउन पुनरावेदन अदालत पाटनले आदेश दिएलगत्तै मजदुरहरूले कान्तिपुर पब्लिकेसन्सको मूल गेटमा ताला लगाएर परिसरमा आगजनी गर्ने प्रयास गरिएपछि यसप्रति सर्वत्र चासो बढेको हो। आगजनीको प्रयासलाई कान्तिपुर पब्लिकेसन्समै कार्यरत पत्रकारहरूले विफल बनाएका थिए।

अदालतको आदेशको अवज्ञा गर्दै केही मजदुरले कान्तिपुर पब्लिकेसन्सको प्रेसमा क्षति पुऱ्याएर पत्रिका प्रकाशनमा अवरोध गरे। त्यति मात्र होइन, उनीहरूले पब्लिकेसन्सका प्रबन्ध निर्देशक कैलाश सिरोहियाको गाडीमा पनि क्षति पुऱ्याए। प्रेसमा क्षति भएकै कारण कान्तिपुर तथा काठमाडौं पोस्टको राजधानी संस्करण प्रकाशित हुन सकेनन्। उनीहरूले एकतर्फी समाचार प्रकाशित भएको भन्दै विराटनगर संस्करण बजारमा जान नदिने प्रयासस्वरूप प्रेसको गाडी रोकेर पत्रिका जलाए। चितवनमा छापिन लागेको पत्रिकामा अवरोध पुऱ्याउन प्रेस मजदुरहरूलाई चौरमा जम्मा गरेर कान्तिपुर पत्रिका छापे ज्यान मार्ने धम्की दिए। पोखरा पुगेका पत्रिकाहरू वाईसीएलका कार्यकर्ताले लुटेर नदीमा बगाए।

यसबीच माओवादीनिकट ट्रेड युनियनका अध्यक्ष शालिकराम जमरकट्टेलले टेलिभिजन बन्द गर्ने मात्र होइन, कान्तिपुरका सबै सञ्चारमाध्यम इतिहासमा मात्र जीवित रहने गरी तहसनहस पार्ने धम्की पनि दिए।

कान्तिपुर पब्लिकेसन्समा कार्यरत मजदुरको हक अधिकारका नाममा प्रारम्भ भएका यी गतिविधिलाई आफूहरूले वार्ताबाटै सुल्झाउने प्रयास गरेको पब्लिकेसन्सले बताएको छ। पब्लिकेसन्सका अनुसार मजदुरसँग प्रशासनले पटक-पटक वार्ता गरेर सहमतिमा पुगेको थियो। हस्ताक्षर गर्ने समयमा मजदुरहरू उपस्थित नभएपछि वार्ताको बाटो अवरुद्ध भएको हो। दुवै तर्फबाट हस्ताक्षर गर्ने समयमा माओवादीका मजदुर नेताले तत्कालै हस्ताक्षर नगर्न टेलिफोनबाट दबाब दिएपछि मजदुरहरू हस्ताक्षर कार्यक्रममा उपस्थित नभएको बताइँदै आएको छ। टेलिफोनमा उनीहरूलाई आन्दोलनका कार्यक्रम जारी राख्न निर्देशन आएपछि उनीहरूले तत्कालै विज्ञापन तथा प्रकाशन रोक्ने कार्यक्रमको घोषणा गरे।

त्यसपछि भने पब्लिकेसन्सले मजदुर हकहितका नाममा राजनैतिक गतिविधि तीव्र पारिएको भन्दै एकपक्षीय रूपमा कर्मचारी तथा मजदुरका विषयलाई सम्बोधन गर्ने प्रयास गऱ्यो।

कान्तिपुरमाथि आक्रमण गरेर माओवादीले आफ्नो सर्वसत्तावादी चरित्र उजागर गरेको सञ्चारकर्मी, मानवअधिकारवादी तथा नागरिक समाजले बताएका छन्। यस्तो प्रवृत्तिले शिर उठाउनु उचित नभएको भन्दै सञ्चारकर्मीहरूले त्यसका विरुद्ध आन्दोलनको घोषणा गरेका छन्। मंगलबार तथा बुधबार माइतीघर मण्डलामा भेला भएका पत्रकारहरूले स्वतन्त्र प्रेसका विरुद्ध हुन सक्ने खतरालाई दृष्टिगत गरी सबै पत्रकारहरू ऐक्यबद्ध भएको उद्घोष गरे। उनीहरूले माओवादी नेतृत्वले स्वतन्त्र प्रेसको सम्मान गर्ने बताए पनि बारम्बार त्यसको उल्लंघन भएकाले माओवादीहरूप्रति सञ्चारकर्मी विश्वस्त नभएको बताए।

**सर्वत्र विरोध**

माओवादीले सञ्चारमाध्यममा पुऱ्याउँदै आएको अवरोधको सर्वत्र विरोध भएको छ। उनीहरूले नेपाल समाचारपत्र, अन्नपूर्ण पोस्ट, दि हिमालयन टाइम्स, एचबीसी एफ.एम. आदिमा यसअघि यस्तै क्रियाकलाप गरेको भन्दै श्रृखंलाबद्ध विरोध सुरु भएको छ। कान्तिपुर पब्लिकेसन्समा भएको हस्तक्षेप उनीहरूको सर्वसत्तावादी चरित्रको निरन्तरता भएको निष्कर्ष निकालिएको छ। माओवादीले यस्तै चरित्र प्रदर्शन गर्ने हो भने राजनैतिक दलका रूपमा यसको कुनै स्थान नरहने पनि चेतावनी दिइएको छ। यसरी चेतावनी दिनेहरूमा मिडिया सोसाइटी, एडिटर एलाइन्स, राष्ट्रिय मानवअधिकार आयोग, नेपाल उद्योग-वाणिज्य महासंघ, नेपाल विज्ञापन संघ, अनौपचारिक सेवा केन्द्र (इन्सेक), साउथ एसियन फ्री मिडिया एसोसिएसन नेपाल छन्।

कान्तिपुरमाथि भएको आक्रमणको विरोध गर्नेहरूमा नेपाल बार एसोसिएसन, नेपाल चिकित्सक संघ, नेपाल प्रजातान्त्रिक ट्रेड युनियन संघ, नेपाल ट्रेड युनियन महासंघ, नेपाल ट्रेड युनियन कांग्रेस, ४१ वटा मानवअधिकारवादीहरूको छाता संगठन पनि छन्। उनीहरूले शान्ति प्रक्रियामा प्रवेश गरेका माओवादीहरूको जंगली शैली नेपाली जनतालाई सहन नहुने बताएका छन्। अदालती आदेशलाई समेत अपहेलना गर्ने माओवादीबाट नेपाली जनता निराश भएको कुरा विभिन्न संघसंस्थाहरूले जनाएका छन्। माओवादी क्रियाकलापप्रति असहमति व्यक्त गर्नेहरूमा सामुदायिक रेडियो प्रसारक संघ, फ्रिडम फोरम, नेपाल वातावरण पत्रकार समूह, दैनिक पत्रिका राष्ट्रिय सञ्जाल, सर्वोच्च अदालत बवार एसोसिएसन, सगरमाथा टेलिभिजन समूह, उपभोक्ता मञ्च नेपाल, होटल एसोसिएसन अफ नेपाल, आईपीआई नेपाल नेसनल कमिटी, रिलेक नेपाल राष्ट्रिय समिति छन्।

नेपालका सबैजसो राजनैतिक दलले माओवादी कार्यको भर्त्सना गरेका छन्। नेपाली कांग्रेस, नेकपा (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनशक्ति पार्टी, मधेसी जनअधिकार फोरम, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), नेकपा (संयुक्त मार्क्सवादी) नेकपा (माले) जस्ता दलले माओवादीले कान्तिपुर प्रकाशनमा अवरोध गरेर आफ्नो सर्वसत्तावादी चरित्र प्रदर्शन गरेको जनाएका छन्।

कान्तिपुरमा भएको आक्रमणको विरोध गर्नेहरूमा मानवअधिकार सञ्चार प्रतिष्ठान, लन्डनस्थित नेपाल-ब्रिटेन डटकम, एसोसिएट न्युज एजेन्सी, कान्तिपुर टेलिभिजन कर्मचारी संघ, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल, नेपाल आदिवासी जनजाति पत्रकार संघ, नेपाल आर्थिक पत्रकार समाज, क्रियाशील महिला पत्रकार समूह, नेपाल कृषि पत्रकार संघ, हातेमालो मिडिया सर्भिसेज, मिडिया म्यानेजमेन्ट एसोसिएसन नेपाल, आर्थिक उन्नतिका लागि शान्ति पनि छन्।

काठमाडौंबाहिर पनि कान्तिपुर पब्लिकेसन्समा भएका कार्यहरूको विरोध भएका छन्। यसरी विरोध गर्नेहरूमा नेपाल पत्रकार महासंघ कास्की शाखा, मेची-महाकाली ब्रोडकास्टिङ एसोसिएसन, नेपाल पत्रकार महासंघ पर्वत शाखा, उदयपुर शाखा, चितवन शाखा आदि छन्। संखुवासभाका अधिकारकर्मीहरूले कान्तिपुरमाथि भएको हमलाको विरोधमा ऱ्याली निकालेका छन्। दोलखामा सक्रिय आठवटा संघ-संस्थाले पनि माओवादी कार्यको निन्दा गरेका छन्। दमौलीमा पत्रकार, कानुन व्यवसायी तथा मानवअधिकारवादीहरूले पनि ऱ्याली निकालेका छन्।

पत्रकार महासंघ तनहुँ शाखाले निकालेको विरोध जुलुसमा मानवअधिकारवादी, कानुन व्यवसायी एवं नागरिक समाजको उल्लेख्य उपस्थिति थियो। पत्रकार मञ्च दमक, प्रेस युनियन सप्तरी, पत्रकार महासंघ खोटाङ शाखाले पनि सदरमकामा ऱ्याली निकालेका छन्। इलामका पत्रकारहरूले आफ्नो शरीरमा माओवादीको प्रेसविरोधी हर्कतको भर्त्सना गरेको प्लेकार्ड टाँसेर प्रदर्शन गरे भने नेपाल पत्रकार महासंघ सुनसरी शाखाले निकालेको जुलुसमा सयौं नागरिकको संलग्नता थियो। कान्तिपुरमा गरिएको आक्रमण तथा चौतारामा पूर्वहवल्दार मानबहादुर तामाङलाई कुटपिट गरिएको विरोधमा चौतारास्थित माओवादी कार्यालय पनि तोडफोड गरिएको छ।

## साता संक्षेप

**असोज ११** कान्तिपुर प्रकाशनमा अवरोधको सर्वत्र विरोध, कान्तिपुर पब्लिकेसन्सद्वारा माओवादी युनियनद्वारा पटक-पटकको वार्तापछि सहमतिमा पुग्दा पनि पत्रिका प्रकाशन तथा विज्ञापनमा रोक लगाउनुमा गलत नियत भएको आशंका।

- रायमाझी आयोगद्वारा दोषी ठहर गरेका व्यक्तिलाई संविधानसभा निर्वाचनमा उठ्न लगाएको प्रतिबन्ध सर्वोच्च अदालतद्वारा खारेज।

**असोज १२** माओवादीसहित ३ बामदलद्वारा संसद्को विशेष अधिवेशन माग, समावेदनमा ८७ सांसदको हस्ताक्षर।

- वादी समस्या सामाधानका लागि आयोग गठनसहितको माग गर्दै सिंहदरबारमा धर्नामा प्रहरी हस्तक्षेप, ५७ महिला पक्राउ।
- कान्तिपुर पब्लिकेसन्समा माओवादी ट्रेड युनियनद्वारा गरिएको अवरोधलाई सर्वोच्च अदालतद्वारा अमान्य घोषणा, सूचनाको हकमाथि जबर्जस्ती गरेको अदालतको ठहर।
- निर्वाचन आयोगद्वारा आनन्दीदेवी पक्षधर रहेको सद्भावना पार्टीलाई मान्यता, महतोद्वारा निर्वाचन आयोगको फैसला अस्वीकार, संविधानसभामा भाग नलिने महतो पक्षको घोषणा।
- ललितपुरको भट्टेडाँडामा यात्रुबस दुर्घटना, ९ को मृत्यु, १३ घाइते।

**असोज १३** निर्वाचन कार्यक्रम ५ दिन पर सऱ्यो, मंसिर ६ मै निर्वाचन गर्न माओवादी सहमत।

- लगातारको वर्षाका कारण नेपालगन्ज बजारमा पानीको सतह बढ्यो, बर्दियामा बाढीले बगाएर ५ को मृत्यु।

**असोज १४**– माओवादी मजदुरहरूद्वारा कान्तिपुर पब्लिकेसन्समा आगो लगाउने प्रयास।

- राजधानीमा बम बिस्फोट गराउनेमध्ये ४ पक्राउ, पक्राउ पर्नेमा जगतनारायण ठाकुर, उपेन्द्र साह, सञ्जीव साह तथा रामलखन ठाकुर।
- सांस्कृतिक रूपमा एक्लिएका राजाले इन्द्रजात्राको अन्तिम दिन कुमारीको हातको टिका लगाए, टिका लगाउनु व्यक्तिगत आस्था भएको कुमारीघरका आयोजकको टिप्पणी।
- धनगढीमा अनमिनको गाडी दुर्घटना, २ को मृत्यु ९ घाइते।

**असोज १५** माओवादी ट्रेड युनियन महासंघका अध्यक्षद्वारा कान्तिपुर पत्रिका सधैंका लागि बन्द गर्ने धम्की, आफ्ना माग पूरा नभए चार दिनभित्र कान्तिपुर टेलिभिजन पनि बन्द गराउने चेतावनी।

- राजाले कुमारी दर्शन गरेकोमा सरकारको आपत्ति, दरबारमा रहेका सेनामध्ये आधा कटौती गर्न प्रधानमन्त्रीको निर्देशन।

**असोज १६** प्रेस हस्तक्षेपविरुद्ध नेपाल पत्रकार महासंघ सडकमा, नागरिक समाजद्वारा आन्दोलनको घोषणा।

- नेपालका लागि प्रभावशाली राष्ट्रका राजदूतद्वारा निर्वाचन नसार्न आग्रह, अमेरिकी, भारतीय तथा चिनियाँ राजदूतद्वारा प्रधानमन्त्रीसँग भेट।
- नेपाल सद्भावना पार्टीको विवाद सर्वोच्चमा।

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

निर्वाचन हुन्छ कि हुँदैन भन्ने कुरा प्राविधिक कुरा हुन्, तर पनि मंसिर ६ मा संविधानसभाको निर्वाचन गराउनुको विकल्प छैन। यसको विकल्प भनेको विनास र अराजकता मात्र हो। सकेसम्म निर्वाचन मंसिर ६ मै गराउनुपर्छ। यसका लागि माओवादीले अघि सरेर काम गर्नुपर्छ। यो उसको कर्तव्य हो। माओवादीले कति सिट प्राप्त हुन्छ भन्ने कुराको हिसाब पनि गर्नुहुँदैन। यसपटक थोरै आयो भने अर्को पटक जनताको मत जितेर ठूलो दल बन्छु भनेर लाग्नुपर्छ।

**लोकराज बराल, राजनैतिक विश्लेषक**

संविधानसभामा माओवादी प्रतिबद्ध छैनन् भन्ने कुरामा मलाई विश्वास लाग्दैन। माओवादीले गोदावरी, बर्दिया निकुञ्ज तथा हापुरेका वार्ताहरूमा संविधानसभाका बारेमा जबरजस्त लविङ गरेका हुन्। यसमा तत्कालीन सरकार सहमत नहुँदा वार्तासमेत भङ्ग भएका हुन्। अहिले आएर अन्य बहाना बनाएर निर्वाचनबाट विमुख हुन खोज्नु कुनै पनि राजनैतिक शक्ति र व्यक्तिका लागि सर्वथा नसुहाउने कुरा हो।

**रामचन्द्र पौडेल, नेता, नेपाली कांग्रेस**

संविधानमै निर्वाचनको मिति तोकिएकाले अहिलेको स्थिति असहज बनेको हो। पहिले जेठमा निर्वाचन हुने कुरा संविधानसमा उल्लेख थियो, त्यो हामीले नै परिवर्तन गऱ्यौं। अब त्यसलाई संशोधन गर्दा ठ्याक्कै मिति तोक्नु हुँदैनथ्यो। मिति तोकेर हामीले गल्ती गऱ्यौं। दलहरू निर्वाचन गराउन संकल्पबद्ध थिए भने संविधानमै मिति नतोकेको भए फरक पर्ने थिएन। पटक-पटक मिति तोक्दै सार्दै जाने हो भने त्यसले संवैधानिक संकट निम्त्याउँछ। यसले संविधानसभा मात्र होइन, मुलुकलाई नै संकटमा पार्छ।

**केपी शर्मा ओली, नेता, नेकपा (एमाले)**

माओवादीले राखेको माग तथा सरकारबाट बर्हिगमनपछि संविधानसभाको वातावरण बिग्रिएको छ। संविधानसभाको तयारी गरिरहेका दलहरू पनि बालुवाटारबाट समस्याको पोको फुकाउन लागेका छन्। स्थानीय स्तरमा केन्द्रको नीति पर्खेर बस्नुपरेको अवस्था छ। त्यसैले पनि संविधानसभाको बनिसकेको वातावरण अवरुद्ध भएको हो। राजनैतिक गतिरोध अन्त्य हुनेबित्तिकै नेपाली कांग्रेस एकीकरणको सन्देश लिएर गाउँ-गाउँ जाँदैछ।

**गोपालमान श्रेष्ठ, उपसभापति, नेपाली कांग्रेस**

राजनीतिमा वैध-अवैधले त्यति मान्यता पाउँदैन, जति शक्तिले पाउँछ। कैयौं राज्य र सरकारहरू वैध हुँदाहुँदै अवैध शक्तिले विस्थापित गरेको इतिहास छ। वैधताको कुरा गर्ने हो भने अहिलेको अन्तरिम व्यवस्थापिका संसद् तथा सरकार दुवैको वैधता पुष्टि हुन सक्तैन। मंसिर ६ गते संविधानसभाको निर्वाचन हुन सकेन भने त्यसपछि यो सरकारको वैधता रहँदैन भन्ने कुरा म मान्दिनँ। यति हो, सरकारमा सकारात्मक शक्ति हावी भयो भने देशको भविष्य उज्ज्वल छ, नकारात्मक शक्ति आयो भने त्यसले देशलाई अप्ठ्यारो पार्छ।

**विश्वकान्त मैनाली, अध्यक्ष, नेपाल बार एसोसिएसन**

हिजो समानुपातिक निर्वाचन प्रणालीमा जाने अवसर आएका बेला माओवादीले त्यसलाई महत्त्व दिएन। यसले माओवादीको अडानलाई कमजोर बनाएको छ। माओवादी माग तथा नेपाली कांग्रेसको अडानका कारण संविधानसभाको निर्वाचन हुन सकेन भने हाम्रो विश्वसनीयतामाथि प्रश्न उठ्छ। राजनैतिक दल नै राष्ट्रिय एकताका प्रतीक हुन् भन्ने कुरा हामीले देखाउनुपर्छ। यसका लागि सकेसम्म कांग्रेसले आफ्नो अडान त्यागेर समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्छ। होइन भने माओवादीले नै संविधानसभाको अवसर गुम्न नदिन केही लचकता अपनाउनुपर्छ।

**प्रकाश, महामन्त्री, एकता केन्द्र– मसाल**

# आफ्ना मानिसहरूको मायाका कारण जितें



**इन्डियन आइडलमा भाग लिने इच्छा कसरी जाग्यो ?**

इन्डियन आइडलको अडिसन खुलेको छ भन्ने सुनेपछि साथीहरूले मलाई भाग लिन कर गरे । मैले भने त्यसतर्फ खासै ध्यान दिएको थिइनँ । पुलिस फोर्सका साथीहरूले एसएमएसमार्फत अडिसनका लागि मेरो नाम लेखाइदिए । फलस्वरूप म अडिसन दिन बाध्य भएँ ।

**अडिसनमा पर्छु जस्तो लागेको थियो तपाईंलाई ?**

अलिकति पनि लागेको थिएन । बिहान ९ बजेदेखि बस्दा-बस्दा रातिको ९ बजे बल्लतल्ल अडिसनका लागि अवसर पाएँ । म भोकै थिएँ, केही खाएको थिइनँ । मलाई अडिसनमा पर्छु जस्तो पटक्कै लागेन । तैपनि मैले मनबाट गीत गाएँ र भाग्यले छानिएँ ।

**सानो सहर दार्जीलिङबाट सहभागिता जनाउनुभएको थियो, टप टेनमा पर्छु भन्ने लागेको थियो ?**

टप टेनमा पुग्छु भनेर पनि सोचेको थिइनँ तर मलाई ट्यालेन्टले भन्दा पनि भाग्यले साथ दियो । त्यसमाथि भगवान् र आमसमर्थकको पनि साथ रह्यो । अन्ततः म टप टेनमा पुग्न सफल भएँ । त्यसपछि मेरो इन्डियन आइडलको यात्रा सबल बन्दै गयो ।

**तपाईंलाई जजहरूले त्यति सपोर्ट गरेको देखिएन नि ?**

त्यस्तो भन्न मिल्दैन । सबै जना जज राम्रै हुनुहुन्थ्यो । सबैको सहयोगकै कारण मैले इन्डियन आइडलमा सहभागिता जनाउन पाएको हुँ ।

**तर अनु मल्लिकले तपाईंप्रति गरेको व्यवहार सुरुमा त्यति राम्रो थिएन, होइन ?**

जजहरूले कमेन्ट गर्नु स्वाभाविक हो । मलाई त्यो कमेन्टले अझ अगाडि बढ्ने हौसला मिल्यो । उहाँले गर्नुभएको कमेन्टलाई मैले सुधारका लागि दिइएको सुझाव सम्झिएँ । मैले त्यसलाई नराम्रो दृष्टिकोणले लिइनँ, किनकि उहाँले मेरो भलाइकै लागि भन्नुभएको थियो ।

**तपाईंलाई इन्डियन आइडलका आफ्ना प्रतिस्पर्धीहरूमध्ये सबैभन्दा राम्रो लागेको प्रतिस्पर्धी को थियो ?**

मलाई सबैभन्दा राम्रो अभिषेक लाग्यो । किनकि ऊ मेरो शुभचिन्तक र होस्टेमा हैंसे थप्ने साथी थियो ।

**अन्ततः इन्डियन आइडल नै बन्नुभयो कस्तो लागिरहेको छ ?**

एकदमै खुसी लागेको छ । यो खुसीलाई शब्दमा व्यक्त गर्न धेरै गाह्रो छ । टप टेनमा पर्ने साथीहरूमा कतिपय मभन्दा राम्रो गाउनेहरू पनि थिए । मैले आफूलाई सुधार गर्दै लगें । आमनेपाली र दार्जीलिङ-सिक्किमका समर्थकको ठूलो साथ पाएँ । मलाई भारतीय समर्थकले पनि खुला दिलले सपोर्ट गरेकै कारण आज म इन्डियन आइडल बनेको हुँ ।

**जोन अब्राहामले इन्डियन आइडलको टाइटल घोषणा गर्न लाग्दा आफूले नै जित्छु जस्तो लागेको थियो ?**

त्यतिबेला मैले आफूले जित्ने-नजित्ने विषयमा केही सोचिनँ । मलाई त मेरा समर्थकहरूको ठूलो चिन्ता लागिरहेको थियो, जसले मलाई इन्डियन आइडल बनाउन अहोरात्र काम गर्नुभएको थियो । म उहाँहरूले मलाई के भन्नुहोला भनेर सोचिरहेको थिएँ ।

**जोन अब्राहामले हात उठाएर इन्डियन आइडल भएको घोषणा गर्दा कसलाई सम्झनुभयो ?**

सर्वप्रथम मैले भगवान्को नाम पुकारे । आमा र दिदीलाई सम्झिएँ । त्यसपछि विश्वभर छरिएका आमनेपाली र मलाई भोट दिएर जिताउने करोडौं समर्थकलाई सम्झिएँ ।

**इन्डियन आइडल नै बन्छु भनेर सोच्नुभएको थियो त ?**

बिल्कुलै सोचेको थिइनँ । मलाई भाग्यले ठूलो साथ दियो । भगवान्को आशीर्वाद र समर्थकको सहयोगले म इन्डियन आइडल बने ।

**नेपालको सपोर्ट पाउँछु जस्तो लागेको थियो ?**

सुरुमा यसरी इन्डियन आइडलमा नेपालबाट पनि सहयोग होला भनेर कल्पना गरेको थिइनँ । पछि यहाँका एक-दुईवटा पत्रिका पढेपछि भने नेपालबाट पनि ठूलो सहयोग भएको थाहा पाउँदा ममा हर्षको सीमा रहेन । मलाई तमाम नेपालीले स्वीकार गर्नुभयो । त्यसपछि मैले मेरा लागि नभएर सबैका लागि गाउनुपर्छ भनेर अझ मेहनत गरे ।

**नेपालमा आफ्नो क्रेज सुन्दा तपाईंलाई कस्तो लाग्थ्यो ?**

नेपालबाट भोटिङ गर्ने व्यवस्था नभए पनि यहाँका दाजुभाइ-दिदीबहिनीहरूले सीमावर्ती भारतीय क्षेत्र तथा दार्जीलिङसम्म पुगेर मलाई भोट दिनुभयो । नेपालीहरूले भारतमै आएर मलाई सपोर्ट गर्दा मेरो छाती गर्वले फुलेर आएको थियो ।

**पहिले र अहिलेको प्रशान्तमा के फरक छ ?**

पहिले र अहिलेको प्रशान्त एउटै हो। फरक यति मात्र हो पहिले मलाई कमैले चिन्थे अहिले धेरैले चिन्छन् ।

**नेपाली र हिन्दीमध्ये कुन गीत बढी गाउन मन पराउनुहुन्छ ?**

दुवै उत्तिकै हो । म नेपाली गीत नगाई बस्नै सक्दिनँ। मेरो नेपाली गीतप्रतिको माया सबैलाई थाहै छ। म हिन्दी र नेपाली गीत उत्तिकै गाउँछु।

**आमनेपालीले तपाईंप्रति दर्साएको मायालाई कुन रूपमा हेर्नुभएको छ ?**

यो आफ्नै मानिसले गरेको मप्रतिको माया हो । यस्तो माया नपाएको भए म यहाँसम्म आउन सक्ने थिइनँ । यो माया आजीवन कायम रहनेछ भन्ने आशा गरेको छु ।

**तपाईंलाई नेपाली गायकहरूमा को-को मन पर्छन् ?**

अनिल सिंह, निमा रुम्बा र एड्रियन प्रधान । एड्रियन र निमासँगै कन्सर्टमा गीत गाउँन पाउँदा म अझ खुसी छु ।

**भविष्यको योजना के छ ?**

अहिले नै योजना बनाइसकेको छैन । भर्खर मात्र इन्डियन आइडल भएको छु । गीत-संगीतमै लागेर केही नयाँ गरौं भन्ने सोचाइ छ, हेरौं पछि के हुन्छ ।

**नढाँटी भन्नुहोस् त, कतिले तपाईंलाई प्रेम-प्रस्ताव राखेका छन् ?**

(हाँस्दै) ल......ल .......ल के सोध्नुभएको यस्तो ? साँच्चिकै अहिलेसम्म कसैले त्यस्तो प्रस्ताव राखेको छैन ।

**अनि इन्डियन आइडलकी प्रतिस्पर्धी चारु र तपाईंबीच विशेष सम्बन्धको चर्चा पनि थियो नि ?**

चारु एउटी राम्री साथी मात्र हुन् । उनी मलाई सपोर्ट गर्छिन्, त्यति मात्र हो ।

**तपाईंकी गलफ्रेन्ड त होलिन् नि ?**

कुनै बेला थिइन्, तर अहिले छैनन् ।

**विवाहका बारेमा के सोचाइ छ ?**

यो विषयमा केही सोचेको छैन । पहिले केही गरौं, त्यसपछि विवाह भन्ने कुरा त भैहाल्छ नि ।

**प्रहरी सेवामा कति वर्ष भयो ? अब यो पेसालाई निरन्तरता दिने विषयमा के सोचाइ छ ?**

मैले पुलिस फोर्समा काम गरेको पाँच वर्ष भएको छ। पुलिस फोर्सका साहबहरूकै कारण म आज यो स्थितिसम्म आइपुगेको छु। गीत-संगीतसँगै म यो पेसालाई निरन्तरता दिनेछु।

**सोनी च्यानलले बजारमा ल्याउन लागेको तपाईंको एल्बममा नेपाली गीत पनि समावेश गरिने कुरा साँचो हो ?**

मैले कुरा राखेको छु। उहाँहरूले हुन्छ त भन्नुभएको छ, हेरौं के हुन्छ।

**नेपालपछि तपाईंको कन्सर्टको कार्यक्रम कहाँ छ ?**

यो अहिले म भन्न सक्दिनँ। सोनीको कन्ट्र्याक हो उसले जहाँ भन्छ त्यहीं जानुपर्छ।

**तपाईंका रुचि ?**

फुटबल खेल्ने, गीत गाउने र रमाइलो ठाउँको भ्रमण ।

**अन्त्यमा नेपालीहरूलाई के भन्न चाहनुहुन्छ ?**

मेरो पहिल्यैदेखिको एउटा इच्छा थियो– नेपाल आएर एउटा एल्बम निकाल्ने । जुन मैले आफ्नो आर्थिक अवस्थाका कारण सकिरहेको थिइनँ । अहिले मलाई नेपालीहरूकै मायाले यहाँसम्म डोऱ्याएर ल्यायो । मलाई सहयोग गर्ने दाजुभाइ-दिदीबहिनीहरूप्रति म आजीवन ऋणी छु। म सबै नेपालीलाई एकताको मालामा उनिन अनुरोध गर्छु।

**–शिव शर्मा**

# धूमधामसाथ आए सुटुक्क गए

काठमाडौं-गत शुक्रबार अपराह्न चार बजे प्रशान्त तामाङ होटल सोल्टीमा पत्रकारहरूमाझ देखा परे । त्यसै दिन दुई बजे काठमाडौं आइपुगेका सुकिलो अनुहारका यी हँसिला युवा पत्रकार सम्मेलनमा आएलगत्तै उनको क्रेज पत्रकारहरूमा पनि देखियो । प्रशान्त देखा पर्नेबित्तिकै झुम्मिएका पत्रकारहरूले सबै प्रकारका प्रश्न तेर्स्याउन पनि भ्याइहाले ।

'इन्डियन आइडल बनेको क्षण मेरा निम्ति सपनाजस्तै थियो,' कम बोल्ने तथा हाँसिरहने प्रशान्तले भन्न भ्याए- 'म आइडल बन्नुमा तपाईंहरूको माया नै मुख्य कारण थियो ।' हरेक मानिसले सपना देख्नुपर्ने रहेछ भन्ने कुरा उनले यो प्रतियोगितामार्फत बुझेको बताए । नेपालीभाषी मात्र होइन, आफू नेपाली भएकै कारण यो जित भारतलगायत विश्वभर रहेका नेपालीहरूको जित भएको प्रशान्तले बताए । 'मजस्ता गायक त भारतमा थुप्रै छन् भनेर सोच्थें,' प्रशान्त भन्छन्- 'तर त्यसरी चुपचाप बस्नुको सट्टा आफूमा भएको प्रतिभा जाँच्नुपर्ने रहेछ । आफूमाथि भरोसा छ भने अवश्य सफलता पाइँदो रहेछ ।' उनले इन्डियन आइडलमा आफ्नो सहभागिताका कारण नेपाली जातिमा देखिएको एकताको भावनालाई पनि बिर्सन नसकिने बताए । संगीतको आधारभूत ज्ञानसमेत नलिएका यी युवाले प्रतियोगिताको



गाला राउन्डमा प्रतिस्पर्धा गर्दा संगीत प्रशिक्षण नलिएकोमा पश्चात्तापको अनुभूति भएको समेत भन्न भ्याए ।

डीएमआई र पार्टी नेपालको व्यवस्थापन तथा सूर्य नेपालको नयाँ पोसाक ब्रान्ड स्प्रिङउडको आयोजनामा सांगीतिक कार्यक्रमका निम्ति आएका प्रशान्तलाई आयोजकहरूले थोरै समय मात्र पत्रकार सम्मेलनमा उभ्याएका थिए । सेतो सर्ट र जिन्स पाइन्टका साथ प्रस्तुत भएका २४ वर्षीय युवाले आफूले सम्पूर्ण नेपालीको माया पाएकोमा गर्व महसुस गरेको बताए । प्रतियोगितामा निर्णायक उदितनारायण झाले गरेको सहयोगलाई पनि उनले पत्रकारमाझ सम्झन भ्याएका थिए । पत्रकार सम्मेलनमा प्रशान्तसँगै छेवैमा रहेका अन्य स्पर्धीहरू अंकिता मिश्र र दिपाली किशोर भने सोल्टीकै नोटप्याडमा खेलखेल्न मस्त थिए । पत्रकार सम्मेलनमा नेपाली पप आइकन निमा रुम्बाको उपस्थितिले खासै महत्त्व राखेको देखिएन । पत्रकारहरूले प्रश्न सोधिरहेकै बखत अचानक आयोजकले पत्रकार सम्मेलन समाप्त भएको

**बाँकी पृष्ठ १९ मा**

# पोखराको तातोमा चियर फर प्रशान्त

पोखरा- 'चियर फर प्रशान्त' कार्यक्रम सुन्नका लागि पोखरेलीहरू अघिल्लो दिनदेखि नै प्रतीक्षारत थिए । बाहिर जिल्लाबाट समेत केही युवायुवती प्रशान्त तामाङलाई नजिकबाट नियाल्न पोखरा आइसकेका थिए । आइतबार पोखराको नयाँबजारस्थित प्रदर्शनीकेन्द्रको कार्यक्रममा भने पोखरेली दर्शकहरूले वर्षाको सामना गर्नुपरेन । कार्यक्रमकै दिन आउने भनिएका प्रशान्त तामाङलाई आयोजकहरूले अघिल्लो राति नै यहाँ ल्याइपुऱ्याएका थिए । कार्यक्रमको समय दिउँसो दुई बजे तोकिए पनि कार्यक्रमस्थलमा बिहानैदेखि प्रशान्तप्रेमीहरूको जमघट सुरु भैसकेको थियो ।

ठाउँ नपाइने डरले अधिकांश त चार घण्टाअघि नै कार्यक्रमस्थलमा प्रवेश गरिसकेका थिए । दिउँसोको ठीक दुई बजे उद्घोषक आशिष स्याङ्देनको उद्घोषणसँगै कार्यक्रमको ढोका उघारियो । पोखरालाई स्वर्गसँग तुलना गर्दै इन्डियन आइडल टप टेनकी प्रतियोगी दीपाली मञ्चमा प्रकट भइन् । दीपालीले गीत प्रस्तुत गर्दा तन्नेरी दर्शक आफूलाई सम्हाल्न नसक्ने अवस्थामा पुगिसकेका थिए । त्यसको लगत्तै रक स्टार अंकिता मिश्र सेक्सी पहिरनमा मञ्चमा प्रस्तुत भइन् ।

कम्मर मर्काउँदै गीत प्रस्तुत गरिरहेकी अंकिताले दर्शकलाई पनि आफूसँगै नाच्न आग्रह गरिन । केही युवा आई लभ यु अंकिता भन्दै तालमा ताल मिलाउन थाले । अंकिता तन्नेरी युवाहरूको ढुकढुकी बनेकी थिइन् । उनीलगत्तै नेपाली पप गायक निमा रुम्बा मञ्चमा देखा परे । निमाले सुरुमा दर्शकको खासै ध्यान केन्द्रित गर्न सकेनन् । उनले मलाई आफ्नै देश प्यारो, प्रियसी र सोचेको थिइनँ जस्ता गीत गाउँदा दर्शकहरू प्रशान्तको नाम उच्चारण गर्दै थिए । युवतीहरू जोडले चिच्याउँदै वि वान्ट प्रशान्त भनेर कराइरहेको दृश्य कम रोमाञ्चकारी थिएन ।

लामो समयको प्रतीक्षालाई तोड्दै प्रशान्त तामाङ मञ्चमा देखा पर्नेबित्तिक्कै कार्यक्रमस्थल नै थर्कमान बन्न पुग्यो । प्रशान्तले सबैलाई प्रणाम गरे अनि सबै नेपालीलाई एक हुन आह्वान गर्दै उदितनारायण झाको 'यो गाउँको ठिटो म' गीत प्रस्तुत गरे । यो गीतसँगै दर्शकहरू पनि उनलाई साथ दिँदै गाउन थाले । उनले गीत सकिन लाग्दा 'नेपाली ठिटो म, प्रशान्त मेरो नाम' भन्नेबित्तिक्कै कार्यक्रमस्थल गुन्जयमान बन्न पुग्यो । आफूलाई इन्डियन आइडल बनाउन भोट हालेर सहयोग गर्ने नेपालीहरूलाई धन्यवाद दिँदै उनले आफ्नो प्रस्तुतिलाई निरन्तरता दिँदै गए । नेपालीसँगै उनले इन्डियन आइडलका क्रममा गाएका गीतहरू प्रस्तुत गरे । सुरुमा नजमेका निमा आफ्ना चर्चित गीत 'साँझमा पनि' र 'प्रीति बस्यो' गीतमा प्रशान्तसँगै सरप्राइजका रूपमा प्रस्तुत हुँदा दर्शकले ठूलो साथ थिए । प्रशान्त र निमाको यो संयुक्त प्रस्तुतिले कार्यक्रमस्थलमा बेग्लै उमंग ल्यायो ।

## कार्यकमका केही झलक

**–खुला कन्सर्टको टिकटदर महँगो भएको गुनासो गर्दै कतिपयले भने– हामीले पैसा उठाएर प्रशान्तलाई भोट दियौं तर आज उल्टै हामीले महँगो टिकटमा उनलाई हेर्न जानुपऱ्यो । टिकटकै कारण अनुकूल मौसमका बाबजुद अपेक्षा गरेजस्तो दर्शकको उपस्थित हुन सकेन ।**

**– प्रचण्ड गर्मीका कारण प्रशान्त तामाङको गीतमा असिनपसिन भएकामध्ये एक दर्जनजति दर्शक गीत सुन्दासुन्दै बेहोस भएर कार्यक्रमस्थलमै ढलेका थिए । दर्शकलाई प्रशान्तकै अनुरोधमा ट्यांकर झिकाएर पानी छर्किएको थियो ।**

**–आयोजकहरूले प्रशान्त तामाङलाई सञ्चारकर्मीहरूलाई भेट्न अवरोध सिर्जना गरेका थिए । कार्यक्रम सकिएपछि सञ्चारकर्मिलाईहरूसँग कुराकानी गर्न नदिई प्रशान्त तामाङलाई हत्तपत्त होटल सांग्रिलामा पुऱ्याइएको थियो ।**

यसैगरी अंकिता र दीपालीसँगै प्रशान्तले 'विन तेरे सनम' गीत प्रस्तुत गर्दा वातावरण रनक्क बन्न पुग्यो । त्यसको लगत्तै प्रशान्तले १९७४ एडीको 'यो मन त मेरो नेपाली हो' एड्रीन प्रधानसँगै कुममा कुम जोड्दै गाउँदा दर्शकबाट वन्स मोर पाए । कार्यक्रममा अपेक्षा गरिएभन्दा कम अर्थात करिब १० हजार दर्शक उपस्थित थिए ।




### हेलेनको मृत्युपछि यतीमा लफडा

अधिराजकुमारी हेलेन शाहको मृत्यु भएको १३ दिन नपुग्दै उनको नाममा रहेको यती ट्राभल्सभित्र लफडा सुरु भएको समाचार साप्ताहिक 'नेपालीपत्र'ले प्रकाशित गरेको छ। समाचारअनुसार यो लफडाका कारण हेलेन शाहलाई लामो समयदेखि सहयोग गर्दै आएका ज्योतिलाल खन्नाले राजीनामा दिएपछि अहिले मनोहर राणा प्रमुख अधिकृत बनाइएका छन्। हेलेनको मृत्युसँगै यती ट्राभल्समा रहेको उनको सम्पत्तिमाथि आँखा गाड्नेहरूले अहिलेको लफडा झिकेको बताइन्छ। यति ट्राभल्सलाई राम्रोसँग बुझ्नेहरू भन्छन्- हेलेनका पुराना मित्र खन्नालाई हटाएर राणालाई ल्याउनुमा पैसाकै लोभ गर्नेहरूको हात छ तर त्यो व्यक्ति वा समूह स्पष्ट भैसकेको छैन।

### पीएलाई कार्यभार

मन्त्री पदबाट राजीनामा दिएर बसेकी आवास तथा भौतिक योजनामन्त्री हिसिया यमीले नेपाल खानेपानी संस्थानमा आफना २ सयभन्दा बढी कार्यकर्तालाई जागिर दिलाउन संस्थानका महाप्रबन्धक गौतमबहादुर अमात्यलाई दबाब दिएको समाचार साप्ताहिक 'तरुण'ले प्रकाशित गरेको छ। समाचारअनुसार यमीले मन्त्री पदबाट राजीनामा दिए पनि आवास तथा भौतिक योजना मन्त्रालय अन्तर्गतका विभाग तथा संस्थानहरूमा माओवादी कार्यकर्ताहरूले दबाब दिएर काम गराउन छाडेका छैनन्। स्वयम् मन्त्रीका पिए भूमि देवकोटा प्रत्येक दिन बिहान १० बजे मन्त्रालय पुग्छन् र बेलुका मात्र फर्कन्छन्। समाचारमा उल्लेख भएअनुसार पिए देवकोटाले मन्त्रालयका सचिव पूर्णप्रकाश कडरियालाई माओवादी कार्यकर्तालाई दसैं खर्च बाँड्न पनि निर्देशन दिएका छन्।

### एकतासँगै कांग्रेसमा असन्तुष्टि

एकतासँगै नेपाली कांग्रेसमा व्यापक असन्तुष्टि देखा परेको समाचार 'बुधबार' साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार एकीकरण भएको एक साता नबित्दै तत्कालीन संस्थापन पक्षका २९ जना निवर्तमान सभापतिहरूले आफूहरूलाई अपमानजनक ढंगले पदच्युत गरेको भन्दै पार्टी सभापतिलाई ज्ञापनपत्र बुझाएपछि त्यस्तो असन्तुष्टि देखिएको हो। एकीकरणपछि पार्टीले संघीय लोकतान्त्रिक गणतन्त्रको नीति पारित गरेपछि पार्टीभित्र रहेका राजावादी खेमाले अहिले पार्टीभित्र देखा परेको असन्तष्टिलाई आधार बनाएर आफ्नो खेमालाई बलियो बनाउने योजना अगाडि सारेको छ। यसका साथै सभापति कोइरालाले रामचन्द्र पौडेललाई उपसभापतिमा र डा. रामवरण यादवलाई महामन्त्रीमा नियुक्त गरेपछि पार्टीभित्र थप बबाल सिर्जना भएको र त्यसको विरोधमा केवी गुरुङ, सुजाता कोइराला, गोविन्दराज जोशी, खुमबहादुर खड्का, विजयकुमार गच्छादार, चिरञ्जिवी वाग्ले आदि नेताहरू खुलेर लागेको समाचारमा उल्लेख छ।

### दरबारको सेना विद्रोह गर्न तयार

माओवादीसँग कुरा नमिलेर हैरान हुनुभएका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दरबारसँग निर्णायक लडाइँ लड्ने मुड भएको समाचार साप्ताहिक 'घटना र विचार'ले प्रकाशित गरेको छ। समाचारअनुसार गत आइतबार राति राजा ज्ञानेन्द्र कुमारीको दर्शन गर्न जानु र त्यसक्रममा राजाको जयजयकार र आफूविरुद्ध नाराबाजी हुनुलाई प्रधानमन्त्री कोइरालाले गम्भीरताका साथ लिनुभएको छ। यसैकारणले प्रधानमन्त्री कोइरालाले प्रधान सेनापतिलाई दरबारको सुरक्षार्थ खटिएको सेनाको संख्या आधाले कटौती गर्न निर्देशन दिनुभएको हो, तर प्रधानमन्त्रीको यो निर्देशन कार्यान्वयन सम्भव नभएको उल्लेख गर्दै उक्त साप्ताहिकले राजा र राजसंस्थाप्रति बफादार मानिएको नारायणहिटी दरबारमा रहेको सेना राजाविरुद्ध कुनै प्रतिकूल निर्णय भए विद्रोह गर्न र लड्न तम्तयार रहेको उल्लेख गरेको छ।

### सरकार छाडे पनि स्वीकार

माओवादीले सरकार छाडेर अरू दलका नेता तथा जिल्ला-जिल्लामा विपक्षी दलका कार्यकर्तालाई जति घुर्क्याए पनि, जति धम्क्याए पनि सरकारले माओवादीप्रति विशेष स्नेह दर्साउने निर्णय गरेको समाचार साप्ताहिक 'जनआस्था' ले प्रकाशित गरेको छ। समाचारअनुसार अहिले चोरिएका र अरूबाट जबरजस्ती कब्जामा लिइएका गाडीहरू कानुन बनाएर माओवादीकै नाममा दर्ता गरिदिने निर्णय गरिएको छ। यस्तो निर्णय गत सोमबार मन्त्रिपरिषद्को कार्यालयमा बसेको आर्थिक तथा पूर्वाधार समितिको बैठकमा कांग्रेस तथा एमालेका मन्त्रीहरूले गरेका हुन्। उक्त निर्णयअनुसार माओवादीसँग रहेका सबै किसिमका चोरी तथा कब्जा गरिएका गाडीहरू यातायात व्यवस्था कार्यालय एकान्तकुनाबाट दर्ता गरिनेछन्। यसरी दर्ता हुने गाडीको संख्या ९४ वटा रहेको र तीमध्ये ३७ वटा माओवादी नेताहरूले प्रयोग गरिरहेको तथा ५७ वटा माओवादी सैनिक शिविरहरूमा प्रयोग भैरहेको बताइन्छ।

### माओवादी चुनावमा नजाने

नेकपा माओवादीले आधिकारिकरूपमा गणतन्त्र घोषणा गरेर चुनावको वातावरण बनेमा सत्ता फर्कन सक्ने बताइरहेका बेला उनीहरू चुनावमा नजाने समाचार 'साप्ताहिक विमर्श'ले प्रकाशित गरेको छ। समाचारअनुसार माओवादीको हालै सम्पन्न पाँचौं विस्तारित बैठकको निर्णयअनुसार नै माओवादीहरूले सत्ता छाडेका हुन्। उक्त विस्तारित बैठकमा माओवादीहरूले गरेको निर्णयको सक्कल दस्तावेज अहिलेसम्म सार्वजनिक गरिएको छैन। उक्त दस्तावेजमा माओवादीका वरिष्ठ नेताहरूले चुनावमा नजाने जिकिर गरेको कुरा उल्लेख छ। समाचारमा उल्लेख भएअनुसार अबका दिनमा संसद्बाट गणतन्त्रको घोषणा भएमा माओवादीले समानुपातिक चुनावको अडान लिने, त्यो पूरा भएपछि, गोलमेच सम्मेलनको अडान लिने र त्यो पनि पूरा भएपछि सबै राजनैतिक दलहरू माओवादीले रोजेको बाटोमा हुने भएकाले त्यसपछि प्रधानमन्त्री माओवादीबाट हुनुपर्ने अडानको रणनीति माओवादीले तय गरिसकेको बताइएको छ। माओवादीको यो नीति र योजनाअनुसार माओवादी न त चुनावमा जानेछ न त सत्तामा फर्कनेछ।

### 'कुडाकर्कट' माओवादीमा

आफूलाई मात्रै अब्बल दर्जाको कम्युनिस्ट दावी गर्दै आएको माओवादी पार्टी अहिले पूर्वमण्डले र शाहीकालका हर्ताकर्ताहरूको भरपर्दो आश्रयस्थल बनेको दावी गर्दै 'बुधबार' साप्ताहिकले लेखेको छ- राजाको शासन ढलेपछि आत्तिएका राजावादीहरू अहिले माओवादीको वरिपरि गोलबन्द भैरहेका छन्। यो कुरालाई पुष्टि गर्न उक्त साप्ताहिकले माओवादीमा समाहित भएका भीमबहादुर कडायत, डा. राममान श्रेष्ठ, नन्दकुमार प्रसाई र समाहित हुने तयारीमा रहेका केशव स्थापितको उदाहरण दिएको छ।

## कान्तिपुर समाचार डायरी

### बालश्रमिक कुकुरको हेरचाहमा

नेपालमा घरेलु कामदारका रूपमा राखिएका बालश्रमिकमध्ये झन्डै ३० प्रतिशतले कुकुरको हेरचाह गर्नुपर्ने एक अध्ययनले देखाएको छ। श्रम प्रतिष्ठानले जारी गरेको प्रतिवेदनले उक्त कुरा सार्वजनिक गरेको हो। त्यसरी कुकुरको हेरचाह गर्ने बाल श्रमिकहरू ११ देखि १७ वर्षसम्मका छन्। प्रतिवेदनअनुसार अहिले नेपालमा १ लाख ५० हजार बालबालिका घरेलु श्रमिकका रूपमा कार्यरत छन्। तीमध्ये ३२ प्रतिशत बालक तथा ६८ प्रतिशत बालिका छन् भने ४७ प्रतिशत साक्षर र ५३ प्रतिशत निरक्षर छन्। त्यसैगरी यस्ता बालश्रमिकमध्ये ७८ प्रतिशतले घरको पूरै काम गर्ने र २२ प्रतिशतले आंशिक काम गर्ने गरेका छन्। प्रतिवेदनअनुसार यस्ता बालश्रमिकमध्ये ३४ प्रतिशतले खाना मात्रै, ५५ प्रतिशतले मासिक पारिश्रमिक र ११ प्रतिशतले बार्षिक पारिश्रमिक तथा खाना पाउने गरेका छन्।

### १० प्रतिशत मात्रै सफलता

जतिसुकै दावी गरिए पनि नेपालमा बायोग्याँस कार्यक्रमले १० प्रतिशत मात्रै सफलता पाउन सकेको एक प्रतिवेदनले देखाएको छ। प्रतिवेदनअनुसार नेपालमा १९ लाखभन्दा बढी बायोग्याँस प्लान्ट स्थापना हुन सक्ने क्षमता भए पनि अहिले त्यसको १० प्रतिशत अर्थात् १ लाख ८६ हजार ७३ वटा बायोग्याँस प्लान्ट मात्र स्थापना गर्न सकिएको छ।

### ५८ हजार मोटरसाइकल थपिए

आर्थिक वर्ष ०६३/०६४ को अवधिमा नेपालमा ६४ हजार ४ सय ९१ नयाँ सवारी साधन थपिएका छन्। जसमध्ये ५८ हजार ४ सय १२ मोटरसाइकल मात्र छन्। यसरी आयात गरिएका सवारी साधनहरूमध्ये भारतबाट मात्र ६२ हजार ७ सय ५९ सवारी साधन नेपाल भित्रिएको छ। आयात गरिएका सवारी साधनहरूमध्ये ८० प्रतिशत सवारी साधन काठमाडौंमै रहेको बताइएको छ।

### अशक्तहरू शिक्षाबाट वञ्चित

सरकारले सन् २०१५ सम्म सबैका लागि शिक्षा कार्यक्रम सञ्चालन गरे पनि नेपालमा अझै पनि १२ लाख ५० हजार शारीरिक रूपमा असक्त बालबालिका शिक्षाको अवसरबाट वञ्चित रहेको एक अध्ययनले देखाएको छ। अध्ययन अनुसार ६ देखि २० वर्ष उमेर समूहका ५६ प्रतिशत अपाङ्ग बालबालिका विद्यालय भर्ना भए पनि तीमध्ये ३६ प्रतिशतले विद्यालय छाड्ने गरेका छन्। उक्त तथ्यांकअनुसार नेपालमा हालसम्म ६० हजार अपाङ्ग बालबालिकाले मात्र शिक्षाको अवसर पाएका छन्। जसमध्ये ९३ प्रतिशतले साधारण विद्यालयमा तथा ७ प्रतिशतले विशेष विद्यालयमा अध्ययन गर्ने अवसर पाएका छन्।

### अनिच्छित गर्भवती

सुरक्षित मातृत्व नेटवर्कका अनुसार नेपालमा हरेक दिन ९ सय ९१ महिला अनिच्छित रूपमा गर्भवती हुने गरेका छन् भने ३ सय ९९ महिला गर्भवती वा सुत्केरी अवस्थामा ज्यान गुमाउन सक्ने किसिमको जोखिममा पर्ने गरेका छन्। नेटवर्कका अनुसार नेपालमा दैनिक २ हजार ६ सय ५७ महिला गर्भवती हुने गरेका छन्। नेपालमा व्याप्त मातृमृत्युदरका सन्दर्भमा २८ प्रतिशतले गर्भवती अवस्थामा, १० प्रतिशतले सुत्केरी अवस्थामा तथा ६२ प्रतिशतले सुत्केरीपछि आवश्यक स्याहारसुसारको अभावमा ज्यान गुमाउने गरेको तथ्यांक पनि नेटवर्कले सार्वजनिक गरेको छ।

## पूर्वेली राजवंशीको जितिया पर्व



विराटनगर- पहाडे समुदायका महिलाहरूले तीज पर्व मनाएझैं राजवंशी महिलाले जितिया पर्व मनाउँछन्। जितियाका अवसरमा विराटनगरका राजवंशी महिलाहरूले आफ्नो संस्कृति प्रदर्शन गर्ने उद्देश्यले गत शनिबार सांस्कृतिक कार्यक्रम सम्पन्न गरे। कार्यक्रममा गीत, नृत्य, नाटक एवं प्रहसन प्रस्तुत गरिएको थियो। दुई दिन मनाइने उक्त पर्वमा राजवंशी महिलाहरूले श्रीमान्को लामो आयुको कामना गर्दै जितिया गीत गाउँछन्।

राजवंशी महिलाहरू जितिया पर्व समूहले आयोजना गरेको उक्त कार्यक्रममा प्रस्तुत गीतहरूले जितियामा भाई लिन आएको र सासू-नन्दले माइत जान नदिएको अभिव्यक्ति दिएका थिए। सयौं दर्शकका सामु राजवंशी कलाकारले जितिया पर्वमा माइत जान सासूसँग अनुमति माग्दै बिलौना गरेका थिए।

प्राय:जसो आफ्नै घर र छरछिमेकमा मात्रै जितियाको अवसरमा यस्ता गीत गाएर नाच्ने राजवंशी महिलाहरू अन्य समुदायका मानिसलाई समेत मानोरञ्जन दिने गरी सामूहिक रूपमै जितिया पर्व समारोहमा सरिक भएका थिए। कार्यक्रममा राजवंशी समुदायका महिला तथा युवतीहरूले पुरुषको भेष धारण गरेर व्यङ्ग्यात्मक प्रस्तुतिहरू पनि दिए। खासगरी विवाह गरेको पहिलो वर्ष राजवंशी महिलाहरूले धूमधामका साथ जितिया पर्व मनाउँछन्।

**-कमल रिमाल**

## हाम्रो नेपालमा

### पुजारीले भेटी लुकाएपछि

सामान्यत: हिन्दु मन्दिरहरूमा ब्राह्मण पुजारी हुन्छन्। ब्राह्मणहरूलाई मन्दिरको पुजारी बनाउनुको कारण उनीहरू सत्यप्रति निष्ठावान् हुन्छन् भन्ने प्रचलित मान्यता नै हो। ब्राह्मण नै पथभ्रष्ट भएपछि के गर्ने ? कञ्चनपुरका स्थानीयवासीहरूले यसको पनि विकल्प खोजेका छन्। प्राप्त समाचारअनुसार एक ब्राह्मण पुजारीले भक्तजनले चढाएको भेटी लुकाएपछि कञ्चनपुरको दोधारास्थित कमलसा बाबा मन्दिरमा मगर पुजारी नियुक्त गरिएको छ। पुजारी घनश्याम उपाध्यायले भ्रष्टाचार गरेको ठहर मन्दिर व्यवस्थापन समितिले गरेपछि उक्त मन्दिरमा दानबहादुर मगरलाई पुजारी नियुक्ति गरिएको हो। वार्षिक ७५ हजारदेखि १ लाख रुपैयाँसम्म आम्दानी हुने उक्त मन्दिरमा नियुक्त भएका दानबहादुर पहिलो मगर पुजारी भने होइनन्। नेपालका मनकामना, छाब्दी बाराही आदि केही मन्दिरमा मगरहरू नै पुजारी हुने परम्परा छ।

### कागबाट सुरक्षा पाउन उजुरी

मानिसलाई सबैभन्दा डर मानिसकै हुन्छ। त्यसपछि हिंस्रक जनावरको। मानिसले मानिससँग डर भएर नै शान्तिसुरक्षाका लागि प्रहरीको व्यवस्था गरिएको हो तर कागको आक्रमणबाट त्रसित भएर मानिसले शान्तिसुरक्षा पाऊँ भन्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए भने जो कसैलाई पनि आश्चर्य लाग्नु स्वभाविकै हो। महोत्तरी जिल्लाको डाम्हीमडै गाविस वडा नम्बर ८ का भागिरथ रायले जिल्ला प्रशासन कार्यालय महोत्तरीमा एउटा कागको आक्रमणबाट सुरक्षा पाउनका लागि उजुरी दर्ता गराएपछि अहिले राय जिल्लाभरि चर्चित भएका छन्। जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत वासुप्रसाद कोइरालाका अनुसार रायको उजुरीमा के कसो भएको हो बुझेर जानकारी गराउन जिल्ला प्रहरी कार्यालयमा पत्रचार गरिएको छ। यो विषयमा पीडित रायले प्रमुख जिल्ला अधिकारीले आफूलाई आक्रमण गर्ने कागलाई कुनै कारबाही नगरेको आरोप लगाउँदै आफू हिंडडुल गर्नबाट समेत वञ्चित हुनुपरेको गुनासो गरेका छन्। पीडित रायका अनुसार उनी घरबाट निस्कनासाथ सयौं कागले आक्रमण गरी टाउकोको कपाल लुछ्ने र ठुङ्ने गरेका छन्। यसैकारण अहिले राय आफ्नै घरमा नजरबन्दको स्थितिमा छन्।

### आगो बेचेर गुजारा

सित्तैंमा पाइने आगो पनि किन्नुपर्छ ? यो कुरा सुन्दा अचम्म लाग्न सक्छ, तर बारा जिल्लाका डोमहरू आगो बेचेरै गुजारा चलाइरहेका छन्। यहाँका चौधरी, थारू आदि समुदायमा चिता जलाउन डोम परिवारबाट आगो किन्नैपर्ने हुन्छ। यस्तो आगो बिक्रीबाट निम्नवर्गीय परिवारको राम्रै गुजारा चल्ने गरेको छ। अन्तिम संस्कारका लागि आगो किन्नैपर्ने धार्मिक मान्यता रहेकाले यहाँ पुस्तौदेखि यो चलन चल्दै आएको छ। बारा तथा पर्साका अधिकांश गाविसका आदिबासीले आगो किन्ने गरेका छन्। डोम समुदायले भने गाउँ छुट्ट्याएर आ-आफ्नो भाग गरेका छन्। बिर्ता र चैनपुर दुई गाउँको जिम्मा पाएका गुल्टेनीले बर्सेनि १० देखि १५ हजार रुपैयाँको आगो बेच्ने गरेको बताए।

### आमाको गर्भमै मगनी

गर्भमै रहेका अवस्थामा विवाहको छिनोफानो हुन्छ भन्दा आश्चर्य लाग्न सक्छ, तर सुदूरपश्चिमाञ्चलका पहाडी जिल्लामा बसोबास गर्ने केही समुदायमा अझै पनि यस्तो चलन कायमै छ। चलनअनुसार बाबुआमाले सन्तान जन्मिुअघि गर्भावस्थामै विवाहका लागि मौखिक सहमति गर्छन्। गर्भवती दुवै महिलाबाट छोराछोरा वा छोरीछोरी जन्मिएमा पूर्वसहमतिको अर्थ रहँदैन, तर एउटीले छोरा अर्कीले छोरी पाए ती सन्तानबीच विवाह हुने पक्का हुन्छ। गर्भमै मगनी गर्दा बाबुआमाले अर्को पक्षसँग छोरी जन्मिए बुहारी बनाउने सहमति पनि गर्न सक्छन्। सुदूर पश्चिमका दलित, जनजाति तथा बाजुरा जिल्लाको माथिल्लो भेगमा बस्ने भोटे समुदायमा यस्तो चलन अद्यापि कायम छ। गर्भमै विवाह पक्कापक्की भएर पछि केटीले अरू केटासँग विवाह गरे केटाले जारी लिन पाउने र गर्भमै विवाह पक्कापक्की गर्ने क्रममा केटीपक्षलाई केटापक्षले आर्थिक सहयोग गर्ने चलन रहेको बूढापाकाहरू बताउँछन्।

### कन्दमूल मात्रै खाएर सात दशक

सात वर्षको उमेरदेखि नुनको स्वाद नचाखी सात दशक उमेर पार गरेका वृद्ध पनि नेपालमा छन्। वि.सं. १९९३ सालमा भोजपुरको झुल्के गाउँमा जन्मिएका जीवनाथ भट्टराईले आजपर्यन्त निराहार जीवन बिताउँदै आएका छन। यति लामो जीवन निराहार बस्न सक्नुका पछाडि उनमा रहेको दैवीशक्ति र अनुशासन नै प्रमुख कारण भएको छिमेकी तथा उनका परिवारका सदस्यहरूको दावी छ। सुनसरीको इटहरीमा आइबसेका भट्टराई हाल मोरङको दुलारी गाविसको गोठगाउँमा स्थायी बसोबास गर्छन्। पाँच वर्षको उमेरदेखि जमिनमुनि फलेका सुठुनी, आलु, घरतरुल र कैलीगाईको दूध मात्र खाने भट्टराईले निकै लामो समय त्यही फलफूलको भरमा जीवन गुजार्दै आएका छन्। भट्टराई जीवनको उतरार्द्धमा आइपुग्दा बिहान ७ बजे आफ्नो पूजाकक्षमा प्रवेश गरी ध्यानमा लीन हुन्छन्।

### र अन्तमा

इच्छाशक्ति भएपछि के हुँदैन भन्ने कुरालाई सुर्खेतका भद्रबहादुर विश्वकर्मा र नुवाकोटका जयकृष्ण सिलवालले प्रमाणित गरेका छन्। बितेको एक दशकदेखि यतियौं पटक, उतियौं पटक एसएलसीमा सहभागी भन्ने समाचार बन्दै आएका ती दुवैले यो वर्ष मौका परीक्षामार्फत एसएलसी परीक्षा उत्तीर्ण गरेका छन्। सुर्खेतका भद्रबहादुर विश्वकर्माले ३३ औं पटकमा तथा नुवाकोटका जयकृष्ण सिलवालले २३ औं पटकमा एसएलसी उत्तीर्ण गरेका हुन्। यो वर्ष पनि नियमित परीक्षामा सामेल भै अनुत्तीर्ण भएका विश्वकर्माले अंग्रेजी विषयमा र सिलवालले अंग्रेजी तथा गणित विषयमा मौका परीक्षा उत्तीर्ण गरेपछि उनीहरूको एसएलसी उत्तीर्ण गर्ने धोको पूरा भएको छ।

# उच्च शिक्षाका लागि नयाँ र आकर्षक विषय

कुनै पनि नयाँ विषय आउँदा वा कुनै विषयको अध्ययनबाट रोजगारीको सम्भावना देखिए स्वाभाविक रूपमा त्यसमा विद्यार्थीहरूको आकर्षण बढी हुन्छ। नेपालमा रोजगारमुखी शिक्षाको खासै व्यवस्था छैन भन्ने गुनासो बढिरहेको अवस्थामा यस्ता विषयतिर सबैको ध्यान जानु अस्वाभाविक पनि होइन। विदेशतिर अध्ययन गर्ने विषय प्रशस्तै हुन्छन्। नेपालमा यस्ता विषय सीमित छन्। त्यसमा पनि कुन विषय पढ्ने भनेर विद्यार्थीहरू अलमलिरहेको पाइन्छ। यति हुँदाहुँदै पनि नेपालमा पनि केही त्यस्ता विषय अध्यापन भैरहेका छन्, जसले विद्यार्थीहरूको ध्यान आकर्षित गरिरहेका छन्। यसबाट डाक्टर र इन्जिनियर मात्रै बन्नुपर्छ भन्ने सोचाइमा परिवर्तन ल्याउन सहयोग पुगेको छ। अहिले स्नातक तहको भर्ना मौसम प्रारम्भ भएको छ। यो अवस्थामा खासगरी स्नातक तहमा रहेका केही नयाँ र आकर्षक विषयसम्बन्धी सामान्य जानकारी राख्नु फाइदाजनक नै हुन्छ।

**पत्रकारिता**

प्रजातन्त्रको पुनर्स्थापना पश्चात् फस्टाउँदै गएको अर्थव्यवस्था र सरकारको उदारवादी सोचका कारण नेपालमा पनि सञ्चारमाध्यमहरू फस्टाए। त्यसैगरी यी सञ्चारका साधनमा रोजगारका अवसर पनि बढिरहेको छ। यो अवस्थामा एउटा नयाँ र लोकप्रिय रोजगार गन्तव्यका रूपमा यी सञ्चारका साधनहरू अगाडि आएका छन्।

अहिले विद्यालयस्तरमै पनि पत्रकारिताको पढाइ प्रारम्भ भैसकेको छ। त्यसबाहेक एसएलसी उत्तीर्ण विद्यार्थीहरूलाई लक्षित गरेर विभिन्न प्लस टुहरूले पनि पत्रकारिता अध्यापन गराइरहेका छन्। यो क्षेत्रमा लाग्ने र आफ्नो भविष्य यसैमा देख्नेहरू यो विषय अध्ययन गर्न सक्छन्। प्लस टुमा मानविकी संकायअन्तर्गत पत्रकारिता अध्ययन गर्न सकिन्छ। उच्च माध्यमिक शिक्षा परिषद्का अनुसार नेपालमा आमसञ्चार र पत्रकारिता पढाइ हुने प्लस टुको संख्या १ सय १३ छ। यी प्लस टुको संख्या काठमाडौंमा मात्रै ८७ छ। त्यसैगरी त्रिभुवन र अन्य विश्वविद्यालय अन्तर्गतका धेरै कलेजले माथिल्लो स्तरसम्म पनि यसको अध्यापन गराइरहेका छन्। यस्ता कलेजमा विद्यार्थीहरूको चाप पनि बढ्दै गएको छ। पत्रकारिता पेसामा हुने स्वतन्त्रता, विभिन्न व्यक्तिसँग गर्न पाइने साक्षात्कार, नयाँ-नयाँ समाचार र घटनाका बारेमा तुरुन्तै जानकारी प्राप्त गर्न सकिने भएका कारण पनि यो क्षेत्रको आकर्षणमा वृद्धि भैरहेको छ।

**बिजनेस स्टडिज तथा बिजनेस एडमिनिस्ट्रेसन**

बीबीएस र बीबीए सर्वाधिक प्रचलित तथा धेरै विद्यार्थीले अध्ययन गर्ने विषय हो। पहिले बीकम अर्थात् व्याचलर इन कमर्स भनिने विषयलाई पछि बीबीएस अर्थात् व्याचलर इन बिजनेस स्टडिजका रूपमा विकास गरियो। बीबीएस र बीबीए अध्ययनपश्चात् कुनै पनि व्यक्ति एउटा दक्ष व्यवस्थापक बन्न सक्छ। ऊ मार्केटिङ, मानव संशाधन, निजामती सेवा तथा राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू सञ्चालन गर्न सक्ने मध्यम स्तरको व्यवस्थापक बन्न सक्छ। यी विषय अध्ययन गर्नेहरू कुनै पनि क्षेत्रको उद्यमी बन्न सक्छन् भने उच्च अध्ययनका लागि पनि योग्य हुन्छन्। यसबाट उनीहरू शैक्षिक व्यवस्थापक, अनुसन्धानकर्ता, नीति-निर्माता तथा अन्य विभिन्न क्षेत्रका व्यावसायिक विशेषज्ञका लागि तालिम प्राप्त हुन्छन्। यसका लागि उनीहरू संगठनात्मक व्यवस्थापन, व्यावहारिक विज्ञान, अन्तर्राष्ट्रिय व्यापार, रणनीतिक व्यवस्थापनजस्ता विभिन्न विषय अध्ययन गर्छन्।

बीबीएसको कोर्स सैद्धान्तिक पनि हुन्छ। यो तीन वर्षमा सकिन्छ। यसमा बीचमा खासै मूल्यांकनको व्यवस्था हुँदैन र एकैपटक परीक्षाका आधारमा मूल्यांकन गरिन्छ। बीबीएको कोर्स तुलनात्मक रूपमा व्यावहारिक हुन्छ। यसमा सेमेस्टर प्रणाली हुन्छ र चार वर्षमा सकिन्छ। अध्ययनका लागि कलेजपिच्छे शुल्क फरक भए पनि बीबीएसको कोर्स सामान्यतः ६० हजार रुपैयाँमा सकिन्छ भने बीबीएका लागि १ लाखदेखि ३ लाखसम्म शुल्क लाग्छ।

**ग्रामीण विकास तथा समाजशास्त्र**

त्रिभुवन विश्वविद्यालयले समाजशास्त्रको अध्यापन प्रारम्भ गरेको धेरै भैसकेको छ। ग्रामीण विकासमा कक्षा सञ्चालन गरेको भने लगभग छ वर्ष मात्र पुगेको छ। समाजशास्त्रमा विश्व र नेपाली समाजका बारेमा अध्ययन गरिन्छ। त्यसैगरी ग्रामीण विकासमा गाउँको विकाससम्बन्धी जानकारी हासिल गर्न सकिन्छ। समाजशास्त्र अध्ययन गरेका विद्यार्थीले विभिन्न गैरसरकारी संस्थामा तथा ग्रामीण विकास पढेकाहरूले ग्रामीण विकाससम्बन्धी त्यस्तै संस्थामा काम पाउने बलियो सम्भावना हुन्छ। यी विषय पढ्न चाहने विद्यार्थीको चाप बढी नै पाइन्छ। प्रारम्भमा त्रिभुवन विश्वविद्यालयले स्नातकोत्तर तहमा मात्र यी विषय अध्ययन गर्न सकिने व्यवस्था गरेको थियो। अहिले पनि ग्रामीण विकासको पढाइ त्योभन्दा तल्लो तहमा हुन सकेको छैन। समाजशास्त्रको पढाइ भने तल्लो तहमा पनि प्रारम्भ भएको छ। यसबाहेक अहिले मानविकी संकायअन्तर्गत धेरै निजी कलेजले पनि यी विषयको अध्यापन प्रारम्भ गरेका छन्।

**बायोमेडिकल इन्जिनियरिङ**

पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा बि. सं. २०६२ देखि नेपालमा बायोमेडिकल इन्जिनियरिङको अध्यापन प्रारम्भ भएको छ। कलेज अफ बायोमेडिकल इन्जिनियरिङ एन्ड अप्लाइड साइन्सले यसको थालनी गरेको हो। यो इन्जिनियरिङमा विभिन्न चिकित्सकीय सामग्रीका बारेमा अध्ययन हुन्छ। खासगरी यसमा बिरामीको शरीरभित्र राख्नुपर्ने विभिन्न सामग्रीका बारेमा विस्तृत अध्ययन गरिन्छ, जसमा शरीरमा राखिने पेसमेकर, मुटुका भल्व, घुँडाको चक्का, रड आदि पर्छन्। अध्ययनपश्चात् विद्यार्थीहरूले यी सामग्री बनाउने त शरीरमा प्रत्यारोपण गर्ने विषयमा राम्रो जानकारी हासिल गर्न सक्छन्। यो विषय मेडिकल तथा भौतिकशास्त्रसँग सम्बद्ध भएका कारण आईएस्सीमा बायोग्रुप लिएर पढेका र गणित विषयसमेत लिएका तथा प्लस टुमा विज्ञान लिएकाले आवेदन दिन सक्ने कुरा कलेजका प्रमुख प्रशासकीय अधिकृत मुरारीविनोद पोखरेल बताउँछन्। इच्छुक विद्यार्थीले कुल पूर्णाङ्कको ५० प्रतिशत अंक प्राप्त गरेको हुनुपर्छ। चार वर्षसम्म अध्ययन गर्नुपर्ने यो विषयका लागि कुल शुल्क ४ लाख ४० हजार लाग्छ।

**बैंकिङ एन्ड इन्स्योरेन्स**

अहिले व्वस्थापनका क्षेत्रमा नयाँ-नयाँ विषय अध्ययन गर्न सकिन्छ। पोखरा विश्वविद्यालयसँग सम्बन्धन प्राप्त एपेक्स कलेजले विशेषज्ञतासहितको बैंकिङ एन्ड इन्स्योरेन्स विषयको स्नातक कक्षा सञ्चालन गरेको छ। यो विषयको कक्षा गत वर्षदेखि सञ्चालनमा आएको हो। त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन विषयको स्नातक तहमा ५० पूर्णांकको बैंकिङ एन्ड इन्स्योरेन्स विषयको पाठ्यक्रम राखिएको छ। हाल नेपालमा बैंकहरूको संख्या लगातार रूपमा बढिरहेको छ। यसतर्फको आकर्षण पनि लगातार बढिरहेको छ। यो अवस्थामा दक्ष जनशक्तिको माग पनि बढिरहेको छ। एपेक्स कलेजका प्रिन्सिपल भानु शर्मा नेपालमा बैकिंग तथा वित्तीय बजारमा जनशक्तिको माग बढिरहेको अवस्थामा बजारको आवश्यकता अनुसार दक्ष जनशक्ति उत्पादन गर्नु कलेजको लक्ष्य रहेको बताउँछन्। यसरी अध्ययन गरेका विद्यार्थीहरू सोझै बैंक तथा वित्तीय संस्थामा काम गर्न सक्छन्। विदेशी बैंकमा समेत काम गर्न सक्षम जनशक्ति उत्पादन गर्नु कलेजको लक्ष्य रहेको शर्माले बताए। सन् २०१० सम्म विदेशी बैंकले समेत नेपालमा शाखा खोल्न पाउने भएका कारण पनि यसको आवश्यकता अपरिहार्य भएको उनको तर्क छ।

**हेल्थ केयर, हस्पिटल म्यानेजमेन्ट**

अस्पतालमा गरिने नियमित कार्यको व्यवस्थापन गर्न दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ यो विषयको अध्यापन केही कलेजले प्रारम्भ गरेका छन्। अस्पतालमा डाक्टर तथा अन्य जनशक्तिले नियमित रूपमा आफ्नो कार्य गर्छन्। यसका लागि त्यहाँ विभिन्न महँगा सामग्री र जनशक्ति हुन्छन्। तिनीहरूलाई उचित रूपमा व्यवस्थापन गर्न नसके आवश्यक प्रतिफल प्राप्त गर्न गाह्रो हुन्छ। यसका लागि उचित योजना बनाउनुपर्छ। त्यसैगरी स्वास्थ्यसेवाको बढ्दो मागका कारण नेपालमा विभिन्न नयाँ-नयाँ स्वास्थ्यकेन्द्रहरू खुल्ने क्रम पनि जारी छ। पछि यिनको संख्या अझ बढ्न सक्छ। यो अवस्थामा यसका लागि सम्भाव्यता अध्ययन गर्नेदेखि लिएर त्यसलाई व्यवहारमा लागू गरी उचित प्रतिफल प्राप्त गर्नका लागि दक्ष जनशक्तिको उत्पादन गर्नुपर्ने आवश्यकता छ। यही उद्देश्य पूर्तिका लागि हेल्थ केयर तथा हस्पिटल म्यानेजमेन्टको अध्यापन नेपालमा प्रारम्भ भएको हो।

नेसनल ओपन कलेजले यो विषयको अध्यापन प्रारम्भ गरेको ८ वर्ष भयो। अहिलेसम्म चौथो ब्याचले यसको अध्ययन सिध्याएको छ। उत्पादित जनशक्ति पनि खाली बस्नु नपरेको यो विषयका संयोजक सागरराज सिंखडा बताउँछन्। यसमा प्रिन्सिपल अफ म्यानेजमेन्ट, हस्पिटल एडमिनिस्ट्रेसन, हेल्थ केयर इभ्यालुएसनजस्ता विषय अध्ययन गर्नुपर्छ। कुनै पनि विषयमा न्युनतम दोस्रो श्रेणीका साथ प्लस टु गरेकाहरू यो विषय अध्ययनका लागि योग्य हुन्छन्। सिंखडाका अनुसार चारवर्षे यो कोर्सका लागि लगभग २ लाख २० हजार शुल्क लाग्छ।

**लिबरल आर्ट्स एन्ड साइन्स**

कुनै एउटा विषयमा मात्र विशेषज्ञता हासिल गर्नुपर्छ भन्ने मान्यतालाई हटाउनका लागि यो विषय अगाडि सारिएको छ। एसएलसीपश्चात् विभिन्न विकल्प उपलब्ध छन्। विद्यार्थीले रोजेको विषयमा कारणवश राम्रो गर्न नसके भविष्य नै अन्धकार हुन्छ। यो अवस्थामा स्नातकसम्म पनि धेरै विषय अध्ययन गरी त्यसपछिको शिक्षामा बल्ल विशेषज्ञताका लागि विषय रोज्न सकिने व्यवस्थाको विश्वव्यापी अभ्यास भैरहेको छ। यो अभ्यासलाई नेपालका केही कलेजले पनि भित्र्याएका छन्। हिमालयन ह्वाइटहाउस कलेजले दुई वर्षअघिदेखि स्नातक तहमा लिबरल आर्ट्स एन्ड साइन्सको अध्यापन प्रारम्भ गरेको छ। यो खासगरी अमेरिकी शिक्षाप्रणाली हो। यसमा स्नातक तहमा मानविकी र सामाजिक शास्त्र सम्बद्ध धेरै विधा अध्ययन गरिन्छ। त्यसपछि डिग्री तहमा पुगेपछि बल्ल यीमध्ये एक विषयमा मात्र विशेषज्ञता हासिल गर्न सकिन्छ।

**होटल म्यानेजमेन्ट/ट्राभल एन्ड टुरिज्म म्यानेजमेन्ट**

पर्यटकीय दृष्टिकोणले नेपाल धेरै धनी छ। पर्यटकीय क्षेत्रलाई व्यवस्थित बनाउन पनि दक्ष जनशक्तिको आवश्यकता पर्छ। यही कुरालाई मनन गरेर यो क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ धेरै कलेजले होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिज्म म्यानेजमेन्टसम्बन्धी कक्षा सञ्चालन गरेका छन्। प्लस टुदेखि नै यो कक्षा सञ्चालन गर्ने कलेजहरू अहिले नेपालमा प्रशस्तै छन्। नेपालका पर्यटकीय क्षेत्रसम्बन्धी जानकारीदेखि लिएर पर्यटकहरूलाई गर्नुपर्ने स्वागत सत्कारका बारेमा राम्रो जानकारी हासिल गरी व्यवहारमा उतार्न यी विषय अध्ययन गरेका विद्यार्थीहरू सक्षम हुन्छन्।

**सूचना व्यवस्थापन**

जमाना कम्प्युटरको छ। यो अवस्थामा कम्प्युटरसम्बन्धी सामान्यदेखि लिएर एडभान्स्ड लेवलसम्म जानकारी राख्नुपर्ने बाध्यताको विकास भैरहेको छ। नेपालमा कम्प्युटर इन्जिनियरिङका कक्षाहरू सञ्चालन भैरहेका छन्। अब यो क्षेत्रलाई पनि व्यवस्थापन गर्नुपर्ने समय आएको छ। यही कुरालाई ध्यानमा राखेर इन्फर्मेसन म्यानेजमेन्ट अर्थात् सूचना व्यवस्थापनका कक्षा पनि प्रशस्तै कलेजले सञ्चालन गरेका छन्। स्नातक तहमा सञ्चालित यी कक्षाहरू प्रायः सेमेस्टर सिस्टममा आधारित छन्। चार वर्ष पढाइ हुने र आठ सेमेस्टरमा सिद्धिने यो विषयको छुट्टै आकर्षण छ। यसमा सूचना प्रविधि तथा त्यसको व्यवस्थापनसम्बन्धी अध्ययन यसमा गरिन्छ। प्रोग्राम, सिस्टम, डिजाइन आदिका साथै व्यवस्थापनका बारेमा समेत अध्ययन गरिन्छ।

–एकराज सुवेदी

संविधान सभा भनेको जनताले
आफुलाई शासन गर्ने विधान
आफुद्वारा चुनिएका प्रतिनिधिहरुद्वारा
निर्माण गरिने पद्धति हो।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# साप्ताहिक झन्को



## प्रतिस्पर्धा दुई सुन्दरीको

पुजना प्रधान र ऋचा घिमिरेबीच चर्को प्रतिस्पर्धा सुरु भएको छ। पछिल्लो समय अभिनेत्रीद्वय अभिनयभन्दा पनि अंग प्रदर्शनका कारण चर्चामा छन् भने उनीहरू एकले अर्कोलाई जित्ने धुनमा लागेका छन्। पछिल्लो पटक प्रदर्शन भएको 'आँधी तुफान' मा सँगै अभिनय गर्ने यी सुन्दरीको काम हेर्दा लाग्छ, अभिनयमा ध्यान नदिए पनि अंग प्रदर्शनका लागि उनीहरू कठोर प्रतिस्पर्धामा छन्।

ग्ल्यामरस फोटो सेसन गराएपछि चर्चामा आएकी नायिका पुजना प्रधान त्यसपछि मोडलिङमा मात्र नभएर चलचित्रकर्ममा पनि चर्चामै रहिन्। अंग प्रदर्शनमा जोड दिएकै कारण अहिले अभिनय कर्ममा पनि भ्याई-नभ्याई छ पुजनालाई। पुजनाकै लोकप्रियताबाट लोभिएकी ऋचा अहिले पुजनालाई माथ गर्ने धुनमा छिन्। ऋचा पनि पुजनाजस्तै ग्ल्यामरस भंगिमामा प्रस्तुत हुन थालेकी छिन्।

द युनिटीको एउटा गीतमा ग्ल्यामरस रूपमा प्रस्तुत भएकी ऋचालाई अंग प्रदर्शन गरेकोमा कुनै पछुतो छैन। अन्य कतिपय नायिकाले पनि अंग प्रदर्शनकै कारण चर्चा बटुलेपछि ऋचाले पनि यो बाटो रोजेकी हुन्, तर लामो दौड दौडन चाहने ऋचालाई त्यसले सफलता नै दिलाउँछ भन्ने गतिलो आधार भने छैन।

## गफै त हो

## श्रीकृष्ण लीला

नेपालका अविवाहित नायकहरूमध्ये श्रीकृष्ण श्रेष्ठ पनि एक हुन्। उमेरले चालीसे हुनतर्फ लम्किरहेका श्रेष्ठ आफ्नो उमेर यसरी बताउँछन्- थर्टी फाइभ क्रस गरेँ, फोर्टी टेकेको छैन। यद्यपि यसबीच उनको नाम युवतीहरूसँग नजोडिएको चाहिँ होइन। कृष्णजीले आफ्नी राधाका रूपमा सीतालाई रोजेको हल्ला निकै चले पनि सीताले आफ्नै राम खोजेपछि विचरा श्रीकृष्ण फेरि एकपटक गोपिनीहरूबीच अलमलिएका छन्। मेरो विवाह भरे-भोलि नै पनि हुनसक्छ, एक-दुई वर्षपछि पनि हुनसक्छ, यो सब भाग्यमा भर पर्ने कुरा हो, जे लेखिएको छ त्यही हुन्छ। विवाह नै नहुन पनि सक्छ,' -श्रीकृष्णको अहिलेको जवाफ यस्तै छ। राजेश हमाल अविवाहित रहनुसँग आफ्नो तुलना गर्दै श्रेष्ठ भन्छन्- उहाँको विवाह नहुनुको आफ्नै कारण होलान्, मेरा आफ्नै कारण छन्। हुन त श्रीकृष्णले विवाह गरून् कि कृष्णप्रसाद भट्टराई, कृष्ण पहाडी तथा राजेश हमालहरूको मार्ग अवलम्बन गरून्, अरूले हस्तक्षेप गर्ने वा टाउको दुखाउने विषय होइन। यदि उनले विवाह भोज नख्वाएर त्यही मार्ग अवलम्बन गर्छन् भने पनि हामी त बधाई मात्र भन्न सक्छौँ, बरु कति कुमारीहरू भुतुक्क हुनेछन्? अलग कुरा हो।



## बेबी हिरोइन

बुनुबाट करिश्मा केसी (मानन्धर), राधिका परियारबाट पूजा चन्द, पूजा प्रधानबाट पुजाना- पर्दामा पदार्पण हुन लाग्दा नाम फेर्ने नायिकाहरू निकै छन्। सानैदेखिको नाम फेर्दा प्राय: आधुनिक नाम खोजिन्छ। नायिका बन्न सिक्किमबाट काठमाडौं आई राजधानी कला केन्द्रमा प्रशिक्षण लिएकी एक युवतीलाई सबैले उमा भनेरै चिन्छन्। उमाका प्रशिक्षक तुलसी घिमिरे, दिनेश अधिकारी हुन् वा अभिनय प्रशिक्षण सँगै लिएका साथीहरू यमुना उप्रेती, हिमानी डिसी आदि सबैले अहिले पनि उनलाई उमा भनेरै बोलाउँछन्। उनलाई आफ्नो चलचित्र 'किस्मत' मा सहनायिका बनाउने नायिका रेखा थापाले पनि उनलाई उमा नै भनेर चिन्छिन् तर साइबरसंसार डटकम लगअन गर्नुहोस् त। त्यहाँको फिचरिङ मोडल सेक्सनमा उनका तस्बिर दुई नाममा उपलब्ध छन्। चलचित्रमा नायिका भएर चिनिन उमाले आफ्नो पुरानो नाम परिवर्तन गरेर 'बेबी' नामबाट फोटो सेसन गरिन्। केही महिनापछि उनलाई आफ्नो पुरानै नाम ठीक लागेछ र त्यसपछि उनले साइबरसंसारका लागि अर्को फोटोसेसन गरिन् जुन सार्वजनिक भयो उमा नामबाट। उमा हुन् वा बेबी दुवै एउटै हुन्। वेबसाइटमा दुईवटै नामबाट चिनिएपछि उमा कुन नामबाट चलचित्रमा पर्दापण गरूँ भन्ने दोधारमा परिछन्। अन्तमा धेरै जनासँग सल्लाह लिएपछि उनी हाल पोखरामा छायाङ्कन भैरहेको पहिलो चलचित्र 'माझीमामा' मा आफ्नो मिश्रित नाम 'उमाबेबी' बाट अनुबन्धित भइन्। तपाईंलाई कस्तो लाग्यो उनको यो नाम ?



## रेखाले लगाइदिइन् विराजलाई माला



त्यो दिन एक भव्य महलको एकान्त कुनामा थिए नायक विराज भट्ट र नायिका रेखा थापा। एकैछिनपछि उनीहरू आमुन्ने-सामुन्ने भएर गलैंचामा बसे। सप्तरंगी अविर भएको थालीबाट अविर तथा केशरी आदि झिकेर रेखाले विराजलाई टीका लगाइदिइन्। उनले विराजलाई माला पनि लगाइदिइन्। विराज पनि के कम, उनले पनि त्यही थाली तानेर टीका लगाइदिए। विराजले पनि रेखालाई माला लगाइदिए।

यो दृश्य चलचित्र फैसलाका निम्ति कैद गर्न निर्देशक मदन घिमिरेले सक्रियता जनाइरहेका थिए। सावित्री सदनमा सम्पन्न उक्त घटनालाई मजा मानेर हेर्ने दर्शक पनि प्रसस्तै थिए। बेला न कुबेला भाइटीकाको सुटिङ गर्नु निर्देशक घिमिरेको बाध्यता होला, तर रेखा र विराजले भने धेरैको जिस्क्याइ खानुपर्‍यो। एक चलचित्रकर्मीले नायिका रेखा थापालाई सुटुक्क भने- 'नक्कली नै भए पनि दाजु-बहिनीको नातामा अब दायाँ-बायाँ गर्नुहुँदैन नि ! यो भनाइलाई रेखाले सुनेको नसुनै गरिदिइन्।

## निर्माताहरूको भद्रकाली प्रेम

गएका दुई महिनामा काठमाडौंमा पन्ध्रवटा चलचित्रको मुहूर्त भयो। तीमध्ये आधाभन्दा बढी चलचित्रको मुहूर्त भद्रकाली मन्दिरमा सम्पन्न भएको थियो। अहिले मुहूर्तका लागि सजिलो स्थान बनेको छ भद्रकाली मन्दिर। कम पैसामा चलचित्र बनाउनेहरू त आर्थिक फाइदाका लागि भद्रकाली पुग्नु अस्वाभाविक होइन। राम्रै पैसा खर्च गर्नेहरूसमेत भद्रकालीप्रेमी हुन थालेपछि यसको धार्मिक महत्त्व बढेको चलचित्रकर्मीहरू अनुमान गर्छन्। निर्माता नरेश पौडेल भन्छन्- 'पैसा कम लाग्नेभन्दा पनि मन्दिर भएका कारण भद्रकालीमा मुहूर्त गर्ने क्रम बढेको हो, ४० लाख लगानी गर्ने निर्माता पैसा जोगाउन नै भनेर मन्दिर जाँदैनन्।' त्यसो त भर्खरै चलचित्र निर्माणमा हात हालेकी कृषा चौलागाईं पनि पैसा नहुनेले मन्दिर रोजेको कुरा स्वीकार गर्दिनन्। उनको चलचित्र इन्साफको मुहूर्त यही मन्दिरमा सम्पन्न भएको थियो। धार्मिक आस्थाका कारण मन्दिरमा मुहूर्त गरिएको उनले बताइन्।

भगवान्प्रति बढी नै विश्वास गर्ने निर्मातासंघका अध्यक्ष अशोक शर्मालाई पनि निर्माताले मन्दिरलाई मुहूर्त स्थल बनाएकोमा राम्रै लागेको छ। 'नास्तिकहरूको संख्या बढिरहेको परिप्रेक्ष्यमा मन्दिरको जमघटले एकछिन भए पनि फ्रेस हुने अवसर दिन्छ।' निर्माता शर्माले भने। आफ्ना हरेक चललचित्रको मुहूर्त घरकै मन्दिरमा गर्ने शर्मा अरूले मुहूर्तका लागि मन्दिरमा बोलाउँदा भने खुसी हुँदै जान्छन्।



मन्दिरबाहेक अन्य स्थानमा चलचित्रको मुहूर्त गर्दा चिया, खाजा गर्दा कम्तीमा १० हजार खर्च हुन्छ तर भद्रकालीमा भने १ हजार ५ सयमा सबै काम सकिन्छ। कम खर्चमै काम सकिने कारणले पनि धेरैका लागि भद्रकाली नै रोजाइको स्थल हुने गरेको छ। आफ्नो चलचित्र 'सपूत' को मुहूर्त भद्रकाली मन्दिरमै गरेकी निर्मात्री प्रज्ञा जोशी खर्च जोगाउन नभएर आस्थाका कारण मन्दिरमा मुहूर्त गर्न लालायित भएको बताउँछिन्। भद्रकालीमा मुहूर्त भएका प्राय: चलचित्रमा सहभागिता जनाएका निर्देशक लक्ष्मीनाथ शर्मालाई पनि त्यहाँ मुहूर्त भएको रमाइलै लाग्छ, तर चलचित्र हिट होस् भनेर मन्दिर धाउनेहरूको मनस्थितिमा भने परिवर्तन आवश्यक भएको उनको धारणा छ। शर्मा भन्छन्- 'मुहूर्त जहाँ गरे पनि हुन्छ तर चलचित्र राम्रो बनाउन मेहनत गर्नैपर्छ।'



## मन पर्दैन आफ्नै नृत्य

नायिका उषा पौडेल खासगरेर नृत्याङ्गना हुन्। विभिन्न मञ्चदेखि चलचित्रमा नृत्य गरेर दर्शक रिझाउन सफल उषा हाल नृत्याङ्गना–नायिकाको अग्रपंक्तिमा छिन् तर उनलाई आफूले नृत्य गरेका कतिपय गीत टेलिभिजनले देखाइरहँदा रिस उठ्छ। हिंजोआज उनलाई रिस उठने गीत भएको छ पालेदाइको रातकी रानी...।

पालेदाइको उक्त गीतमा उषा यसरी नाचेकी छिन् मानौं उनी रातकी रानी नै हुन्। त्यसमा पनि सावरमा उनले मर्काएको कम्मरको झट्काले युवाहरूलाई भुतुक्कै पार्ने खुबी राख्छ। सावर नृत्यमा उनी भित्री पहिरन बिनाको पारदर्शी लुगामा देखा पर्छिन्। उषालाई मन नपरेको ठाउँ यही हो। टेलिभिजनमा उक्त गीत प्रसारण भएका बेला उषा त्यो गीत हेर्दिनन्। सुन्दरी नायिका उषा त्यो गीत प्रसारण गर्ने टेलिभिजन कार्यक्रमको पनि कुरा काट्न पछि पर्दिनन्। आखिर उषालाई आफैले नृत्य गरेको गीत प्रसारण गर्दा किन रिस उठ्छ ? उषा निर्देशक दयाराम दाहाल तथा निर्माता मदनमान बज्राचार्यको करकापमा परेर पालेदाइमा त्यसरी नृत्य गर्न बाध्य भएकी थिइन् त ? त्यसो हो भने उषाले आफ्नो बाध्यता सार्वजनिक गर्न हिम्मत देखाउनुपर्‍यो, होइन भने आफै नृत्य गर्ने, देखाउँदा लाज लाग्ने कुरा देखाउने अनि गीत प्रसारण गरे भनेर रिसाउनु त भएन नि। यदि निर्धक्क भएर आफूले नाचेको हेर्ने मन भए चौबन्दी चोलो र फरिया छोड्नु भएन, कि कसो ?

# स्टाइलिस सवारी

पृष्ठ १ बाट जारी

बाइक' मा आँखा लगाउँदै थिए। झन्डै २ लाख १८ हजार रुपैयाँ पर्ने त्यो मोटरसाइकल उनलाई यस कारणले मन परेको थियो कि यसको टायर कहिल्यै पञ्चर हुँदैन। काठमाडौंका खाल्डाखुल्डीमा गन्हौ बाइक कुदाउँदा पञ्चर भएपछि ठेलेर टाल्ने ठाउँसम्म पुऱ्याउनुपर्ने झन्झटबाट मुक्त हुन उनले केही समयपछि 'ट्युबलेस टायर' भएको त्यही बाइक लिने निर्णय गरे। अर्कातर्फ सपिङ गाइड हाते पत्रिकाका २५ वर्षीय मार्केटिङ अफिसर रोशन श्रेष्ठ पनि स्टाइलिस तर सस्तो मोटरसाइकलको खोजीमा थिए। आफ्नो पत्रिकाको निःशुल्क प्रति नाडा






अटोसोमा बाँडिरहेका श्रेष्ठले भने आरटीसीको स्पोर्टी बाइक्स एफआइआर तथा आर टुमध्ये एउटा रोज्ने बताए। यी दुवै बाइक युवापुस्ताको रोजाइलाई ध्यानमा राखेर डिजाइन गरिएका छन्। अब केही समयभित्रै चलचित्र 'धुम' मा अभिषेक, ऋत्विक वा जोनले चढेजस्ता बाइकहरू पनि राजधानीका सडकमा गुड्न थाल्नेछन्। सुजुकीको जीएसआर ६००/ए बाइकका बारेमा एक युवा भन्दै थिए- 'धुममा अभिषेकले यस्तै बाइक चढेका थिए।' उक्त बाइकको बजार मूल्य ठ्याक्कै १० लाख रुपैयाँ रहेछ। यामाहाले त आफ्ना ब्रान्ड एम्बेस्डर बलिउड अभिनेता जोन अब्राहमको नाममै एउटा बाइक बजारमा ल्याएको छ। 'ग्लाडिएटर-१२५ जेए टाइप' अर्थात् जोन अब्राहम टाइपको उक्त बाइक पनि स्टाइलिस नै छ। यामाहाको स्टलमा बसेका सेल्सम्यान भन्दै थिए- 'यो जी फाइभ बाइकको न्यु लुक्स हो।'

गत साता अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसरमा सम्पन्न 'नाडा अटो सो' अवलोकन गर्नेहरूमध्ये धेरैजसो युवा नै थिए। उनीहरूको नजर स्टाइलिस मोटरसाइकलहरूमा मात्रै होइन, स्पोर्टी एवं स्टाइलिस कारमा पनि थियो। अटो सोमा साख: कम्पनीले बजार व्यवस्थापन सम्हालेको सान मोटर्सको ओपन हुटेड स्ट्रोम कारनजिकै पुगेर 'आहा!' नभन्ने कमै थिए। सानो चिटिक्क परेको उक्त कारको विशेषता चाहेको बेला छत हटाउन वा राख्न सक्नु नै हो। 'कार चलाउँदै बाइरोडको बाटोमा 'मेरी सपनोंकी रानी कब आएगी तु' गाउँदै सरर घुम्न सकिन्छ,' -एक जनाले कारलाई मुसार्दै भने। युरोपियन डिजाइनको 'नाजा सुटेरा' कार पनि सानो चिटिक्क परेको भएकाले धेरैले त्यसलाई मन पराइरहेका थिए। युरोपियन डिजाइनको उक्त कार चार आकर्षक रंगमा उपलब्ध छ। हुन्डाइको प्राइम कारलाई पनि रोमान्टिक कारको सूचीमा राख्न सकिन्छ। प्रियतमासँग लङ ड्राइभ जान खोज्नेहरूका लागि उपयुक्त यो कार ट्राफिक जाम तथा पार्किङ स्पेसलाई दृष्टिगत गर्दै सानो आकारमा ल्याइएको छ। पेरोडुवा कम्पनीले आफ्नो कारको ब्रोसरमा 'हार्ट सेप' प्रयोग गरेकाले यसको उत्पादन 'भिभा कार'लाई पनि रोमान्टिक कार भन्न सकिन्छ। सेभ्रोलेटको स्पार्क कार चिटिक्क परेको रंगीन कारको सपना देख्नेहरूका लागि उपयुक्त छ।



## पोखरामा राष्ट्रिय आर्चरी च्याम्पियनसिप

पोखरा- पोखरा रंगशालामा सम्पन्न दोस्रो राष्ट्रिय आर्चरी च्याम्पियनसिपको उपाधि पोखराको अन्नपूर्ण आर्चरी क्लबले हात पारेको छ। उपाधिसँगै १५ हजार पुरस्कार प्राप्त गरेको अन्नपूर्णले १ सय ७७ अंक प्राप्त गरी उपाधि जितेको हो। काठमाडौं तथा पोखराका गरी ८ टिमका ३२ खेलाडीको सहभागिता रहेको प्रतियोगितामा १ सय ६५ अंक प्राप्त गरी काठमाडौंको मर्स्याङ्दी आर्चरी क्लब उपविजेता बनेको छ। उपविजेता टिम काठमाडौंले १० हजार नगद प्राप्त गरेको छ। त्यसै गरी हिमालयन आर्चरी क्लबले नगद ५ हजारसहित तेस्रो स्थान हासिल गरेको छ।

प्रतियोगिताअन्तर्गत व्यक्तिगततर्फ हिमालयन आर्चरी क्लबका प्रेमप्रसाद पुनले ९ हजार रुपैयाँको पुरस्कार जिते। पहमादयनका रमेश भट्टचन दोस्रो भए। उनले ९३ अंक प्राप्त गर्दै नगद ६ हजार पुरस्कार पाए भने मर्स्याङ्दीका विनोद गौचनले नगद ३ हजार पुरस्कारसहित तेस्रो स्थान हासिल गरे। प्रतियोगितामा हिमालयन आर्चरी क्लबका प्रेमप्रसाद पुन प्रतियोगिता अवधिभर सर्वाधिक ५ सय ५५ अंक प्राप्त गरी उत्कृष्ट भए। काठमाडौंको मुस्ताङ बाह्रगाउँले आर्चरी क्लब टिम उत्कृष्ट टिम घोषित भयो। प्रतियोगिता हाफ फिटा राउन्ड (डबल सेभेन्टी) ज्याङ्किङ राउन्डमा खेलाएको थियो।



**शिव शर्मा**

## अनोज भए मिस्टर युनिक



**साप्ताहिक समाचार**

धरान- युनिक हेल्थ क्लबको आयोजनामा सोमबार धरानमा सम्पन्न तेस्रो मिस्टर युनिक शारीरिक सुगठन प्रतियोगिताको उपाधि अनोज शाक्यले चुमेका छन्। ओभर अलको फाइनल चरणमा बाँकी पाँच जना प्रतिस्पर्धीलाई पाखा लगाउँदै अनोज तेस्रो मिस्टर युनिक भएका हुन्। यसअघि सुमन श्रेष्ठ पहिलो मिस्टर युनिक भएका थिए भने टेकहाङ लिम्बूले प्रतियोगिताको दोस्रो संस्करणमा उपाधि हासिल गरेका थिए। आफ्नो हृष्टपुष्ट एवं बलियो शरीर प्रदर्शन गर्दै निर्णायकहरूसँगै दर्शकको मन जित्न सफल अनोजले खेलको पहिलो चरणबाटै आफ्नो दाबेदारीलाई बलियो पार्दै लगेका थिए। उपाधिसँगै अनोजले बेस्ट पोजरको व्यक्तिगत एवार्ड पनि हात पारे।

युगेन तामाङले प्रतियोगितामा फस्ट रनअरअपको पुरस्कार हात पारे। उनी मस्ट इम्प्रुभमेन्ट बडीबिल्डरसमेत घोषित भए। सेकेन्ड रनरअप घोषित राजेश ताम्राकारले मस्ट मस्कुलर म्यानको व्यक्तिगत एवार्ड प्राप्त गरे। शम्भु श्रेष्ठ तथा निसम पाख्रिनको गीतले पनि कार्यक्रमलाई तताएको थियो भने उक्त अवसरमा पहिलो मिस्टर युनिक सुमन श्रेष्ठले आफ्नो आकर्षक शरीरको प्रदर्शन गरेका थिए। प्रतियोगितामा छनौट चरणपछिका नौ जना बडीबिल्डरलाई उतारिएको थियो।

# राजधानी भित्रियो सुपर बाइक





**भोला महतो**

के पेट्रोलियम पदार्थको अभावले मोटरसाइकल चढ्न पाउनुभएको छैन? अथवा दिनहुँ हुने ट्राफिकजामको समस्याले पिरोलिनुभएको छ? वा मोटरसाइकल किन्न सक्ने पैसा छैन? यदि यस्तै हो भने अब चिन्ता लिइरहनुपर्दैन, यस्ता सबै झन्झटबाट मुक्ति दिलाउन राजधानीमा भित्रिएको छ आधुनिक सुपर बाइक। भर्खरै राजधानी भित्रिएको विद्युतीय सुपर बाइकले यात्रालाई सरल, सहज, कम खर्चिलो मात्र बनाउने छैन, पेट्रोलियम इन्धन र ट्राफिकजामको समस्यालाई समेत कम गर्ने विश्वास लिइएको छ। वातावरण संरक्षण, राम्रो स्वास्थ्य, सडकको दीर्घकालिन सुरक्षा र दुर्घटनाजस्ता जोखिमबाट समेत बच्न सकिने यो आधुनिक सुपर बाइकप्रति मानिसहरूको आकर्षण र जिज्ञासा बढ्दो छ।

साइकल पनि भन्न नसकिने र मोटरसाइकल पनि भन्न नमिल्ने यो बाइकको चिनियाँ नाम सेन वाओ भए पनि नेपाली विक्रेताहरूले यसको काठमाडौं सुहाउँदो नाम 'सुपर बाइक' राखेका छन्। कम खर्चिलो र छोटो दूरीको सहरी यात्राका लागि ज्यादै सजिलो हुने भएकाले यो सुपर बाइकलाई सिटी बाइक पनि भन्न मिल्ने विक्रेता रविन थापा बताउँछन्। उपत्यकाको वातावरण, सडक तथा जनजीवनसमेत सुहाउँदो भएकाले सुपर बाइक बुक गराउने ग्राहकहरूको संख्या बढ्दो छ। अहिलेसम्म ४ सय ५० जनाले सुपर बाइक बुक गराइसकेको बिक्रेता रविन थापा बताउँछन्। ठूला सवारी साधनहरूको भीडभाड र तीव्र गतिका बीच काठमाडौंका साँघुरा सडकमा मोटरसाइकल चलाउन नसक्ने र साइकल पनि प्रयोग गर्न नचाहनेहरूका लागि यो सुपर बाइक उपयुक्त छ। यो सुपर बाइकमा दुई जनासम्म चढ्न मिल्छ। मोटरसाइकलको तुलनामा यसको खर्च ज्यादै कम छ। यो सुपर बाइकमा ५० किलोमिटरको दुरी यात्रा गर्न जम्मा ० दशमलव ६ युनिट विद्युत् खर्च हुन्छ। यति विद्युतका लागि सात रुपैयाँसम्म खर्च गर्नुपर्छ।

यो सुपर बाइकमा ४८ भोल्टको ब्याट्रीले चल्ने मोटर जडान गरिएको छ। थापाका अनुसार यसको ब्याट्री चार वर्षसम्म खप्छ। बाइकमा जडान भएको ब्याट्री चारदेखि पाँच घन्टामा चार्ज हुन्छ। यति चार्जले एक दिनमा पचास किलोमिटरको यात्रा तय गर्न सकिन्छ। पार्टपुर्जाहरू बिग्रिएको खण्डमा सजिलैसँग फेर्न र मर्मत गर्न सकिन्छ। हाललाई तीन थरी मोडलमा उपलब्ध सुपर बाइकको मूल्य एक थरीको ३१ हजार र अरू दुई थरीको २८ हजार पर्छ। यसमा ६ महिनाको वारेन्टी पनि छ।

काठमाडौं अनामनगरको हनुमानथानस्थित सेलवेल हिमालया प्राइभेट लिमिटेडको सो रुममा प्रदर्शनी र बिक्रीका लागि यो सुपर बाइक राखिएको छ। सेलवेल हिमालया प्राइभेट लिमिटेडले पहिलो पटक यो सुपर बाइक चीनको हङकङ र संघाईबाट तातोपानी नाका हुँदै भित्र्याएको हो। पहिले सरकारको नीतिका कारण सुरक्षित र सफा ऊर्जामा आधारित बाइक भित्र्याउन नसकिए पनि हाल सरकारी नीतिमा आएको परिवर्तनले यो सुपर बाइक सहजै नेपाल भित्र्याएको सेलवेल हिमालया प्राइभेट लिमिटेडका अधिकृतले बताए।

सरकारले यो सुपर बाइकलाई साइकलको श्रेणीमा राखिदिएकाले भन्सार मात्र कम भएन, यो सुपर साइकलका लागि सवारी अनुमतिपत्र (लाइसेन्स) लिनु नपर्ने, सवारी दर्ता गरेर सवारी नम्बर लिनु नपर्ने सुविधासमेत उपलब्ध भएको छ। यो बाइक चलाउन हेलमेट लगाउन आवश्यक छैन तर साइकल चलाउँदा लगाउनुपर्ने हेलमेट भने अनिवार्य रूपमा लगाउनु पर्ने विक्रेताको सुझाव छ।

सेलवेल हिमालया प्राइभेट लिमिटेडले केही समयभित्रै सुपर बाइकको पार्टपुर्जा र ब्याट्री उत्पादन गर्ने कारखाना नेपालमै स्थापना गरिने बताएको छ भने चिनियाँ लगानी र उद्योगीहरूको सहभागितामा सुपर बाइक उत्पादन गर्ने कारखाना खोल्ने र नेपालीको चाहना एवं आवश्यकता अनुरूप सुपर बाइकको डिजाइन परिवर्तन गरी नेपाली शैली र डिजाइनको सुपर बाइक उत्पादन गर्ने सोच रहेको सेलवेल हिमालया प्राइभेट लिमिटेडका रविन थापाले बताए।

कार्यालयमा काम गर्ने कर्मचारीहरू हुन् वा विद्यार्थीहरू, सबैका लागि यो सुपर बाइक महत्त्वपूर्ण सवारी साधन हुने देखिन्छ। तराईमा आफ्नो खेतबारीको उत्पादन, तरकारी, दूध आदि बजारमा ओसारेर बिक्री गर्न र बजारबाट किनमेल गरेको सामान बोकेर घरसम्म ल्याउन यसलाई नभइनहुने सवारी साधनका रूपमा विकसित गर्न सकिन्छ। लाइसेन्स नचाहिने, इन्धन भर्नु नपर्ने, जो-सुकैले किन्न सक्ने र चलाउन पनि सजिलो तथा हलुका सवारी साधन भएकाले यो सवारीको लोकप्रियता अरू सवारी साधनभन्दा बढी नै हुने अनुमान लगाउन सकिन्छ।

जुनसुकै ठाउँबाट पनि गुडाउन र डोऱ्याउन सकिने भएकाले सुपर बाइकको प्रयोग राजधानीदेखि तराईसम्म गर्न सकिने सम्भावना छ। यो सुपर बाइक सरल यन्त्र भएको सवारी साधन भएकाले तिनको मर्मत-सम्भार पनि आफैं वा जहाँतही गर्न-गराउन सकिने व्यवसायीहरूको विश्वास छ। राजधानीको कम उकालोओरालो तथा तराईको समथर ठाउँमा १० देखि २० किलोमिटरसम्मको छोटो दूरीका सबै किसिमका सडकमा यो सवारी साधन चलाउन उपयुक्त हुन्छ।

यस्तो सुपर बाइक युवाहरूमाझ बढी लोकप्रिय भए पनि युवती तथा उमेर ढल्केकाहरूले बढी चासो देखाएको व्यवसायीहरूले बताए। सुपर बाइक स्पिड बढाउन मिल्ने आधुनिक गियर र स्प्रिङयुक्त छन्। चीनजस्तै जापानको यामाहा तथा होन्डा कम्पनीहरूले पनि सोलारबाट चल्ने आधुनिक साइकल बजारमा ल्याउन लागेका छन्। त्यस्तो साइकल बजारमा आए मोटरसाइकलको प्रयोग कम हुने मात्र होइन, साइकल यात्राको लोकप्रियता र सहजता अझ बढ्ने व्यवसायीहरू बताउँछन्।

# राजेश हमालले किन विवाह नगरेका होलान् ?



विवाह त सबैले गर्छन, विवाह गर्नु नै ठूलो कुरा होइन । राजेश दाइले विवाह नगर्ने कारण चाहि फरक हुनलाई होला । विवाह गरेको भए उहाँका बारे यति धेरै चर्चा-परिचर्चा पनि हुने थिएन । विवाहलाई लिएर उहाँका बारेमा यति धेरै पब्लिसिटी भएको छ, सायद उहाँ यसलाई यथावत् राख्न चाहनुहुन्छ ।

**अरुणिमा लम्साल, अभिनेत्री**

विवाह आफ्नो इच्छामा भर पर्ने कुरा हो । सायद राजेशजी, विवाह नगरि सन्तुष्ट हुनु हुन्छ ।

**कृषा चौलागाई, चलचित्र निर्मात्री**

खै के भनुँ ? (हाँसो) मैले सोधेकी छैन, उहाँले पनि भन्नुभएको छैन । काम धेरै भएर बिर्सनु भएको पनि हुनसक्छ ।

**झरना थापा, अभिनेत्री**

केटी नपाएर (कस्तो लाग्यो उत्तर ?) सिरियस भएर भन्ने हो भने फुर्सद नभएर । फन्नी जवाफ चाहिएको हो भने उहाँ केटा वा केटी खुल्न नसकेको मानिस हो ।

**विक्रान्त बस्नेत, अभिनेता**

## केवल एक प्रश्न

नजुरेर होला । (हाँसो लामो) एउटा कार्यक्रममा घुर्मुसेले भनेको कुरा भन्दिउ ? उसले भन्यो राजेश हमालको त्यो नै छैन । पछि सबैले सोधे त्यो भनेको के हो ? उसले भन्यो- सोचाइ ।

**बिपना थापा, अभिनेत्री**

## फिल्मी खबर

**भिजुयल** प्रोडक्सन सेन्टर प्रा.लि., बाट निर्माण हुन लागेको 'यतीको खोजीमा' नामक एडभेन्चर चलचित्रको शुभमुहूर्त भद्रकाली मन्दिर परिसरमा सम्पन्न भएको छ । यो चलचित्रमा प्राचीन आदिवासी, प्रकृतिक प्रकोप र नेपालको हिमाली खण्डमा रहस्यमय रूपमा अस्तित्व बोकेको यतीबीचको संघर्षलाई समेट्न खोजिएको छ । चलचित्रले प्रकृतिमाथि विजय प्राप्त गर्ने मानवको तुच्छ अभिलाषालाई पर्दाफास गर्दै दुर्लभ जीवको संरक्षणका पक्षमा सन्देश प्रवाह गर्ने बताइन्छ । सन्तोष ढकालले निर्देशन गर्ने यो चलचित्रमा स्वामी कृष्णको कथा रहनेछ भने नृत्य र द्वन्द्व निर्देशक क्रमशः गोविन्द प्रभात र अशोक खड्का हुनुहुन्छ । चलचित्रमा अधिकांश नयाँकलाकारले अभिनय गर्नेछन् जसमा लक्ष्मण बस्नेत र दिव्यश्वर गौतमको मुख्य भूमिका रहनेछ भने नायिकाद्वयमा अमेरिकी नागरिक पामेला एलिसा र सुनीता गन्धर्व छनौट भएका छन् । यो चलचित्रको छायांकन बन्दीपुर, पोखराको सिक्लेस, मनाङ, मुक्तिनाथ, जोमसोम, लामटाङ तथा काठमाडौंमा हुनेछ ।

**निर्मात्री** कृषा चौलागाईंले निर्माण गरिरहेको चलचित्र 'इन्साफ'बाट नेपाली रजतपटमा अर्का एक एक्सन नायकको उदय हुँदैछ । यसै साता छायांकन सकिएको उक्त चलचित्रमार्फत नायक श्याम कटुवाल ठूलो पर्दामा पदार्पण गर्दैछन् । विगतमा केही भिडियो चलचित्रमा अभिनय गरिसकेका श्यामले चलचित्रमा एक्सन नायक निखिल उप्रेतीसँगै केही नौला स्टन्ट गरेका छन् । राजेश हमाल, विक्रान्त बस्नेत, नागेन्द्र रिजाल, झरना थापा, रेजिना उप्रेती, पुष्पलता छेत्री आदि कलाकारको मुख्य भूमिका रहेको चलचित्र 'इन्साफ'का निर्माण संयोजक सुवास काफ्ले 'दुःखी' हुन् । सोभित बस्नेतले निर्देशन गरिरहेको उक्त चलचित्रमा महेश खड्काको संगीत, राजु शाहको नृत्य तथा योगेन्द्र श्रेष्ठको द्वन्द्व हेर्न पाइन्छ ।



# शिव श्रेष्ठको लाखेनाच




**साप्ताहिक समाचार**

मुनस्टर (जर्मनी)- नेपाली चलचित्रका 'एङ्ग्री म्यान' मानिएका नायक शिव श्रेष्ठले चलचित्रको पर्दा तथा रंगमञ्चमा धेरै पटक फिल्मी नाच देखाइसकेका छन् । यसपटक भने उनले जर्मनीमा आयोजित एक सांस्कृतिक कार्यक्रममा काठमाडौं उपत्यकाको परम्परागत नाच 'लाखेनाच' देखाए । मखुन्डो लगाएर नाचिने उक्त नृत्यलाई यहाँका नेपाली दर्शकले निकै रुचाए । विदेशी भूमिमा रहेर पनि नेपाली कला-संस्कृतिको जगेर्ना एवं प्रबर्द्धन गर्न कटिबद्ध एनडीजे जर्मनीका तर्फबाट गत शनिबार सम्पन्न 'अन्तर्राष्ट्रिय संस्कृति तथा नृत्य महोत्सव'मा नायक श्रेष्ठले उक्त नृत्य प्रस्तुत गरेका हुन् ।

हालै जर्मनीमा छायांकन गरिएको चलचित्र 'सपनाको नौलो संसार'बाट नेपाली रजतपटमा आएकी नायिका कमला दाहालले कार्यक्रममा एकल लोकनृत्य प्रस्तुत गरिन् भने बालनृत्य कलाकारद्वय विनिता गौचन र अनुता खड्काले झ्याउरे नृत्य देखाएका थिए । अफ्रिका, श्रीलंका, थाइल्यान्ड, टर्की, पोर्चुगल, मंगोलिया, स्पेन, क्युबा, जर्मनी, नेपाल आदि २० राष्ट्रका कलाकारले आ-आफ्नो देशको संस्कृति प्रस्तुत गरेको उक्त महोत्सवमा आयोजक अस्ल्यान्डर बेराटका अध्यक्ष डा.स्पुरोस मारिनोसले नायक शिव श्रेष्ठको लाखेनाचलाई उत्कृष्ट प्रस्तुति बताए । उनले नायक श्रेष्ठ तथा अन्य नेपाली कलाकारहरूलाई 'एप्रिसियसन अवार्ड' पनि प्रदान गरे । महोत्सवस्थलमा एडीजेले नेपाली परम्परा झल्काउने सामग्रीहरू प्रदर्शन एवं बिक्रीका लागि राखेका थिए ।

## लभ गुरु रेखा

**म २६ वर्षीय युवक हुँ। हाल म नेपाली सेनामा कार्यरत छु। कामकै सिलसिलामा मैले एक जना मेरो केटा साथीमार्फत त्यतिबेला कक्षा ८ मा अध्ययनरत किशोरीको ठेगाना पाएँ। मैले उक्त ठेगानामा पत्रमित्रताका लागि आग्रह गरेँ। दुईतर्फी पत्रमित्रता र फोटो आदानप्रदान हुनथाल्यो। पत्रकै आधारमा मैले उनलाई मनपराएँ। मैले पत्र र टेलिफोनमार्फत उनीसमक्ष प्रेम-प्रस्ताव राखें। उनले प्रस्ताव स्वीकार गरिन्। पत्रको आदानप्रदान हालसम्म पनि चलिरहेको छ र हामीले यही वर्षभित्रै विवाह-बन्धनमा बाँधिने निर्णय लिएका छौं, तर उनको र मेरो अहिलेसम्म प्रत्यक्ष भेटघाट भएको छैन। उनी हाल १२ कक्षाको परीक्षा दिएर बसेकी छिन्। मैले आफ्नो जीवनमा उनीबाहेक अरूको कल्पनासम्म पनि गरेको छैन। यसका साथै उनको र मेरो जात पनि मिल्दैन। के हाम्रो प्रेम सफल हुन्छ ?**

**सु.**

तपाईंको पत्र पढेर म त अचम्ममा परेँ। म मात्र होइन, जतिले पढ्छन् सबै अचम्ममा पर्छन्। प्रेम गर्नुभयो ठीक छ। विवाह गर्ने निर्णय लिनुभयो त्यो पनि राम्रो हो। अचम्मको कुरा तपाईंहरूको भेटघाटै भएको छैन ? एक-अर्कालाई नभेटी तपाईंले कसरी विवाह गर्ने निर्णय गर्नुभयो ? पत्रमित्रतामार्फत प्रेम भएका र विवाह भएका अनेकौं उदाहरण हाम्रो समाजमा भेटिन्छन्, तर विवाहको निर्णय लिनुअगावै उनीहरूको भेटघाट भएको पाइन्छ। तपाईंको प्रेममा त विवाह गर्ने निर्णय भैसक्दा पनि भेटघाट भएको छैन। तपाईंले तस्बिर मात्र हेरेर विवाहजस्तो जीवनको महत्त्वपूर्ण निर्णय गरे जस्तो लाग्यो। मेरो भनाइ मान्नुहुन्छ भने एकपटक एक-अर्कालाई भेट्नु राम्रो हुन्छ, त्यो पनि विवाहभन्दा अगावै। पत्रबाट त एक-अर्कालाई जान्ने-बुझ्ने काम गर्नुभयो। भेटेर पनि एक-अर्कालाई राम्रोसँग चिन्नुहोस्। रह्यो जातपातको कुरा, तपाईंहरू बालिग नागरिक हुनुहुन्छ भने विवाह गर्न तपाईंहरूलाई कसैले रोक्न सक्दैन।



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।



## दीपक श्रेष्ठ

चलचित्र निर्देशक

**हिम्मत नै शीर्षक राखेर चलचित्र बनाउन पाइन्छ ?**

नेपाली शब्दकोशमा उपलब्ध कुनै पनि शब्दमा सबै नेपालीको हक लाग्छ। यो सिक्वेल चलचित्र होइन। त्यसमाथि पहिलो चलचित्र हिम्मतको कथा, निर्देशनका साथै शीर्षक पनि मैले नै जुटाएको थिएँ। अर्को कुरा हिम्मत नाममा दोस्रो चलचित्र बन्दा पहिलो हिम्मतलाई व्यापारिक रूपमा पनि फाइदा पुग्नेछ।

**हिम्मत-टु निर्माण गर्नुको उद्देश्य के हो ?**

मैले राम्रो व्यावसायिक नेपाली चलचित्र बनाउने उद्देश्य राखेको छु। एक दशकयता निरन्तर यही क्षेत्रमा सक्रिय भएकाले विभिन्न अनुभव सँगालेर आफैं चलचित्र निर्माण एवं निर्देशन गर्न लागेको छु, किनभने अब म चलचित्र क्षेत्रभन्दा बाहिर गएर काम गर्न सक्दिनँ।

**हिम्मत-टुबाट दर्शकले कस्तो अपेक्षा राख्ने ?**

दर्शकको मायालाई साक्षी राखेर दुःखका साथमा यो चलचित्र निर्माण गर्न लागेको छु। आजको दर्शकले चाहेको नौलो परिपाटीको चलचित्र बनाउने योजनामा छु। सबैले राम्रै बनाएछ भन्ने होस् भन्ने अपेक्षा मेरो छ। यो हिम्मत पनि द्वन्द्वप्रधान हुनेछ, जसमा दर्शकले विराज भट्ट र यमुना उप्रेतीलाई दोहोरो भूमिकामा पाउनेछन्।

**तपाईंसँग यमुना उप्रेतीको नाम जोडिन्छ, त्यसमा पनि हिम्मत-२ मा उनैलाई दोहोरो भूमिका दिनुको अर्थ के हो ?**

नेपाली चलचित्र उद्योगमा नयाँ कलाकार आएनन् भन्ने गुनासो गरिन्छ, तर कसैले त्यस्तो नयाँ प्रतिभा ल्यायो भने फेरि सही नजरले हेर्दैनन्। चलचित्र पर्खी बसेंमा मैले यमुनालाई लिएको थिएँ। सफल नायिका बन्नका लागि यमुना हरेक दृष्टिकोणले उपयुक्त छिन्। त्यसैले मैले उनलाई चलचित्र 'त्रिशूल' र 'हिम्मत-टु' मा पनि मौका दिएको छु। यमुनाको स्थानमा जमुना, राधा जो भए पनि म लिन्थें। यमुनालाई मैले खोजेको हुनाले उनलाई निरन्तर चलचित्र दिएर नेपाली चलचित्र उद्योगमा स्थापित गराउँछु। कसैले गलत टिप्पणी गर्छन् भने म के गरूँ ?

## चलचित्र

### फेरि अर्को साइनो




निर्देशक नारायण पुरी विगत दुई वर्षयता एकपछि अर्को चलचित्रको निर्माण गरिरहेका छन्। यद्यपि पुरीद्वारा निर्देशित एउटा पनि चलचित्रले सिनेमा हलको अनुहार देख्न पाएको छैन। अब भने उनका चलचित्रहरू एकपछि अर्को गर्दै चलचित्र भवनहरूमा लाग्ने भएका छन्। जसको सुरुवात आज शुक्रबारदेखि काठमाडौं उपत्यकाबाट सार्वजनिक हुने चलचित्र 'फेरि अर्को साइनो'बाट हुँदैछ। क्रिएटिभ ग्रुपले निर्माण गरेको खेम राईको प्रस्तुति यो चलचित्रको कथा नायक उत्तम प्रधानले लेखेका हुन्। चलचित्रमा दिलीप रायमाझी तथा उत्तम प्रधानको जोडीको प्रमुख भूमिका छ। विगत केही वर्षयता नेपाली चलचित्रमा अभिनय नगरिरहेका नायक प्रधानले अभिनय गरेको यो चलचित्रमा निखिल उप्रेती र नयाँ नायक बल्लभ गुरुङ पनि छन्। मेलिना मानन्धर, झरना थापा र प्रिया रिजाल नायिका रहेको यो चलचित्रमा सचिन सिंहले संगीत दिएका छन्। बालमनोविज्ञानमा निर्माण भएको यो चलचित्रमा निर्देशक पुरी, निर्देशक सोभित बस्नेत तथा द्वन्द्वनिर्देशक राजेन्द्र खड्गीका सुपुत्रहरूले एकसाथ अभिनय गरेका छन्।

### छोडो ना यार



बलिउड चलचित्र उद्योगमा आज चलचित्र छोडो ना यार सार्वजनिक हुँदैछ। जिम्मि सेरगिल, किम शर्मा, महक, कविर सदानन्द, फरिद अमिरी, अहमद खान आदिले अभिनय गरेको यो चलचित्र कमेडी बेस तथा युवापुस्तालाई प्रतिनिधित्व गर्दै निर्माण भएको छ। चलचित्रमा जिमी तथा उनका साथीहरू दिल्लीस्थित आमसञ्चार कलेजमा अध्ययनरत हुन्छन्। अन्तिम वर्षको अध्ययनमा उनीहरूले उत्तर भारतको धार्मिक संस्कृतिका बारेमा चलचित्र बनाउने निर्णय गर्छन्। उनीहरूको प्रयास त्यहाँको जीवनशैलीलाई वास्तविक रूपमा प्रस्तुत गर्ने हुन्छ, तर यो विषय कलेज प्रोजेक्टका निम्ति आवश्यकभन्दा धेरै भएको अभिनेत्री किम तथा प्रोफेसर अहमद खानको भनाइ हुन्छ। यो विषय त्यत्तिकै जोखिमपूर्ण रहेको उनीहरू बताउँछन्। यद्यपि यो खतरालाइ 'जिम्मीको समुह आत्मसात् गर्न तयार छ। समीर गायकवाडको निर्माण तथा दिलीप सुडको निर्देशन रहेको यो चलचित्रको कथा विणा अडवानीले लेखेकी हुन्।

### द गुड नाइट



हलिउड चलचित्र उद्योगमा आज चलचित्र 'द गुड नाइट' सार्वजनिक हुँदैछ। राम्रो व्यापार गर्न सक्ने सूचीमा रहेको यो चलचित्र हास्यप्रधान चलचित्र हो। चलचित्रमा ग्यारी प्रमुख पात्र हुन्। उनी सफल संगीतकारका रूपमा परिचित हुन्छन्। लामो संघर्षको परिणामपछि उनी यो परिचय स्थापित गर्न सफल हुन्छन्, जसमा गर्लफ्रेन्ड डोरासँगको सम्बन्धले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। पेसागत रूपमा ग्यारी कमर्सियल जिङ्गल मेकर हुन्छन्। संघर्षका क्रममा ग्यारी कुनै बेला अत्यन्तै निराश भएका हुन्छन्, त्यसबेला अन्नासँगको भेटले उनमा जीवनप्रतिको चाख बढ्छ। ग्यारीले अन्नामा शारीरिक, चारित्रिक एवं बौद्धिकता सबै गुण देख्छन्। उनी वास्तवमै ग्यारीकी सपनाकी राजकुमारी हुन्छिन्, तर अन्नासँगको सम्बन्धलाई उनी सार्वजनिक रूपमा स्वीकार गर्न नसक्ने अवस्थामा हुन्छन्। १ घण्टा ३३ मिनेटको यो चलचित्र हेर्ने दर्शकले बीच-बीचमा थुप्रै हास्य दृश्य हेर्न पाउँछन्। जेक पाल्ट्रोले निर्देशन गरेको चलचित्र गुड नाइटमा पेनेलोप क्रुज, मार्टिन फ्रिम्यान, सिमोन पेग, ड्यानी डिभिटो आदि कलाकारको अभिनय छ।

## रौं बेचेर करोडौं आम्दानी

धन कमाउन धन नै चाहिन्छ भन्ने भनाइ एकातर्फ छ भने अर्कातर्फ बुद्धि पुऱ्याउन सके अर्थात् कुनै नयाँ जुक्ति झिक्न सकियो भने पनि धन कमाउन सकिन्छ भन्ने उदाहरणहरू प्रशस्तै देख्न-सुन्न पाइन्छ। करिब एक वर्षअघि बेलायतका एलेक्स टिउले आफ्नो अध्ययन खर्च निकाल्न इन्टरनेटमा 'मिलियन डलर होम पेज' को अवधारणा ल्याए। जसले




उनलाई आधा वर्षभित्रै करोडपति बनायो। उनको सफलतापछि प्रशस्तै यस्ता वेबसाइट देखा परे तर तिनीहरूले सोचेअनुसारको आम्दानी भने गर्न सकेनन्। अहिले बेलायतकै अज्ञात व्यक्तिले www.milliondollarpubes.com नामक वेबसाइट सञ्चालनमा ल्याएका छन्। यो वेबसाइटमा कुनै पनि महिलाले आफ्नो यौनाङ्गको रौंलाई ब्लेडले खौरेर बिक्रीका लागि राख्न पाउँछिन्। महिलाको यौनाङ्गको रौं किन्ने व्यक्तिले २ सय अमेरिकी डलर तिर्नुपर्ने हुन्छ। अहिले करिब ५ हजार महिलाले उक्त वेबसाइटमा आफ्नो यौनाङ्गको रौं बिक्रीका लागि राखेका छन्। यदि कसैले यौनाङ्गको रौं बेचे वा किने उसले www.milliondollarpubes.com वेबसाइटमा १०/१० पिक्सलको कुनै पनि विज्ञापन राख्न पाउँछ। हाल दैनिक ५० हजार इन्टरनेट युजरले सर्फ गर्ने यो वेबसाइटमा अहिले राखिएका महिलाको यौनाङ्गका रौं मात्र बिक्री भए यसका सञ्चालकले १० लाख डलर अर्थात् ६ करोड ५० लाख रुपैयाँ आम्दानी गर्ने पक्का छ।

**र अन्त्यमा...**

तपाईंले स्पेन्सर ट्युनिक नामक फोटोग्राफरको नाम सुन्नुभएको छ? यदि सुन्नुभएको छैन भने तपाईंले हूलका हूल मानिसलाई निर्वस्त्र पारेर खिचिएको तस्बिर त पक्कै देख्नुभएको होला। सम्भवतः त्यो तस्बिर खिच्ने फोटोग्राफर स्पेन्सर नै हुन्। उनले



सयौं मानिस होइन, हजारौं मानिसलाई एकैपटक निर्वस्त्र पारेर कलात्मक तस्बिर खिच्ने गरेका छन्। स्पोन्सरले स्पेनको बार्सिलोनामा एकपटक ७ हजार मानिसलाई एकै पटक नाङ्गै पारेर तस्बिर खिचेर तहल्का मच्चाएका थिए भने मेक्सिकोमा त उनले १८ हजार पुरुष र महिलालाई एकै पटक निर्वस्त्र पारेर तस्बिर खिची कीर्तिमानसमेत कायम गरेका थिए। अहिले स्पेन्सरले मियामीमा आगामी डिसेम्बर महिनामा आयोजना हुने एक महोत्सवको विज्ञापन गर्न मियामीको दक्षिणी समुद्री तटमा निर्वस्त्र तस्बिर खिच्ने योजना बनाएका छन्। यसका लागि उनले ६ देखि ८ सय जना निर्वस्त्र हुन सक्ने महिला तथा पुरुषको आवेदन आह्वान गरेका छन्।

### चुनाव लाग्यो




पोल्यान्डमा कात्तिक ४ गते संसद्को निर्वाचन हुँदैछ। उक्त निर्वाचनका लागि अहिले पोल्यान्डमा जोडतोडका साथ प्रचार-प्रसार भैरहेको छ। यही परिप्रेक्ष्यमा दल दर्ता गर्ने अभियान चालू छ भने केही दल सर्वसाधारणको ध्यान खिच्न विभिन्न रणनीति अपनाइरहेका छन्। यसै क्रममा सात जना महिलाको नेतृत्वमा स्थापना गरिएको 'पार्टीया कोबेट' महिला राजनैतिक पार्टीले चुनाव प्रचारका लागि आफ्नो निर्वस्त्र पोस्टर तयार पारेको छ। क्याथोलिक धर्मको बाहुल्यता रहेको पोल्यान्डमा महिला नेतृहरूको यो कार्यलाई ठूलो चुनौतीका रूपमा हेरिएको छ भने महिला पार्टीले 'भविष्यका लागि केही पनि कुरा नलुकाऊ' लाई आफ्नो मुख्य नारा बनाएको छ। पार्टी अध्यक्ष मान्युएला ग्रेटकोस्का पेसाले लेखिका हुन्। उनी भन्छिन्- हामी राम्रा छौं, नाङ्गिएका छौं तर यसमा हामीलाई गर्व छ। पोलिस महिलाको शरीर र आत्मा कत्ति सफा छ भन्ने कुरा पूर्व कम्युनिस्टहरूलाई देखाउँदै उनीहरूको शासनकालमा भएको भ्रष्टाचारको भण्डाफोर गर्नु उद्देश्य हाम्रो हो।

## मेटल म्युजिकमा मस्ती



**साप्ताहिक समाचार**

धरान- सोमबार अपराह्न सैनिक भवनमा लामा कपाल अनि कालो पहिरनका धराने युवकहरूको निकै घुइँचो थियो। लोकल सांगीतिक ब्यान्ड तथा राजधानीका दुई मेटल ब्यान्डका मेटल म्युजिकमा मस्ती गर्न दर्शकहरू कालो पहिरन अर्थात् मेटल फेसनमै उपस्थित भएका थिए।

दर्शन धरानद्वारा आयोजित 'प्लि फोरा अफ दि अन्डरग्राउन्ड ब्यान्ड' नाम दिइएको मेटल कन्सर्टमा दर्शकहरूलाई धराने सांगीतिक समूह उपासक तताउन सुरु गरेको थियो। मेटल म्युजिकको चर्को आवाजमा मुन्टो निहुराउँदै टाउको हल्लाउन थालेका दर्शकहरू हलभित्र निकै उत्तेजित देखिन्थे। धराने ब्याण्डहरू दिव्यदृष्टि, नीलकाँडा, रेबेटर, ऊर्जा र इटहरीको नेभर माइन्डले मेटल म्युजिकको तालमा दर्शकहरूलाई टाउको हल्लाइरहन बाध्य पारेका थिए।

राजधानीबाट पहिलोपल्ट मोफसल निस्किएका अन्डरग्राउन्ड ब्याण्ड भूमि र कोमा मेटल कन्सर्टको प्रमुख आकर्षण बनेका थिए। रोल मोडलसरह यी दुई ब्यान्डका संगीतकर्मीहरूको तस्बिर खिच्न दर्शकहरू मोबाइल र डिजिटल क्यामेरा क्लिक-क्लिक गरिरहेका देखिन्थे। लामा कपाल तथा कालो पहिरनमा देखिएका यी दुई ब्यान्डका संगीतकर्मीहरू भने टाउको हल्लाउँदै आफ्नो अनुहारलाई कमै मात्र मोबाइल र क्यामेरामा कैद गर्ने अवसर दिइरहेका थिए। स्थानीय सांगीतिक समूहहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजित चार घण्टा लामो कन्सर्टमा भूमि र कोमाले आठ-आठवटा गीत प्रस्तुत गरेका थिए।

## भक्तपुरको लिटिल लेडी छानिने

हिजोआज बालबालिकासम्बन्धी प्रतिस्पर्धाहरू बढ्दै गएका छन्। यही क्रममा भक्तपुरमा पनि यस्तै एउटा प्रतिस्पर्धाको तयारी भैरहेको छ। भोलि असोज १९ गते शनिबार भक्तपुरस्थित अरनिको सभा भवनमा सञ्चालन गरिने उक्त प्रतियोगितालाई 'लिटिल लेडी भक्तपुर-२०६४' शीर्षक दिइएको छ। मारुनी कलाकेन्द्रको आयोजना तथा लूजः आर्ट सर्कलको व्यवस्थापनमा सञ्चालन हुने उक्त प्रतिस्पर्धामा लिटिल लेडी भक्तपुरका



अतिरिक्त फस्ट तथा सेकेन्ड रनरअप, बेस्ट ड्रेस, ट्यालेन्ट, फोटोजेनिक, क्याटवाक, पर्सनालिटीलगायत विभिन्न विधामा विजेताहरू छनौट गरिनेछ।

## रंगमञ्च

गत शुक्रबार ललितपुर माध्यमिक विद्यालय लगनखेलको आयोजनामा अन्तरविद्यालय एकांकी नाटक प्रतियोगिता सम्पन्न भयो। नेपाली र अंग्रेजी भाषाका चार-चारवटा नाटक प्रदर्शन गरिएको उक्त प्रतियोगिताको परिणाम भने आगामी साता सार्वजनिक गरिनेछ। प्रतियोगितामा बालकृष्ण समको लेखन तथा दिनेश सेढाईंको निर्देशन रहेको बुहार्तन, गनुसिंह गुरुङको लेखन तथा उत्तमराज त्रिपाठीको निर्देशनमा नाटक मसिनेको शंका, सोमध्वज विष्टको लेखन तथा नारायण त्रिपाठीको निर्देशनमा नाटक खहरेको दोभान र सुमन केसीको लेखन तथा निर्देशनमा सडकको जिन्दगी मञ्चन भएका थिए। प्रतियोगितामा अंग्रेजी नाटक तर्फ हल्टन फ्युटको ब्लाइन्ड डेट, माग्रेट उडको टप टेबल, पजन आइनेस्कोको द लेसन तथा फ्रिट्ज कारिन्थीको रिफन्ड मञ्चन भएका थिए।

-आरोहण गुरुकुलको आयोजनामा पुरानो बानेश्वरस्थित रिमाल थियटरमा गत असोज १२ गते शुक्रबारदेखि नाटक 'डाक्टर कनक' मञ्चन भैरहेको छ। फ्रान्सेली नाटक डाक्टर नकको नेपाली रूपान्तरण डाक्टर कनकलाई रंगकर्मी सुनिल पोखरेलले निर्देशन गरेका छन्। फ्रान्सेली साहित्यकार झुल रोमाले सन् १९२३ मा लेखेको उक्त नाटकमा चिकित्सा पेसाप्रति व्यंग्य प्रहार गरिएको छ। तत्कालीन परिवेशमा डाक्टरहरूको व्यवहार देखेर साहित्यकार झुलले यो नाटक तयार पारेका थिए। नेपालको सन्दर्भमा मिल्दो भएकाले यो नाटक मञ्चन गर्ने निर्णय गरेको रंगकर्मी पोखरेलले बताए। कल्पना घिमिरेले अनुवाद गरेको यो नाटकमा नाटकको शीर्षक मात्र होइन, विभिन्न पात्र, स्थान आदिलाई पनि नेपालीकरण गरिएको छ। नाटकमा डाक्टर कनक, डाक्टर पाल्पाली तथा श्रीमती पाल्पालीमा क्रमशः कमलमणि नेपाल, सौगात मल्ल, अरुणा कार्कीले अभिनय गरेका छन्। नाटक हरेक सोमबारबाहेक २६ गतेसम्म मञ्चन हुनेछ।

-नमस्ते सुदूरपश्चिम नाट्य समूहले डोटी तथा आसपासका क्षेत्रमा संविधानसभा निर्वाचनलाई लक्षित गरेर नाटक प्रदर्शन गरिरहेको छ। २० स्थानमा प्रदर्शन गरिने उक्त नाटकमार्फत संविधानसभाको निर्वाचनमा हरेक नागरिकले मतदान गर्नुपर्ने सन्देश दिइएको छ। नाट्यसमूहका कलाकारहरूलाई राजधानीबाट गएका शिल्पी नाट्यसमूहका घिमिरे युवराज तथा राजन खतिवडाले प्रशिक्षण दिएका थिए।

## सानो पर्दा

**एकताका** सञ्चार माध्यममा काम गर्दिन भनेकी पूर्व मिस नेपाल सुगरिका केसी विगत एक महिनादेखि इमेज च्यानलकी कार्यक्रम सञ्चालिका भएकी छिन्। पूर्व मिस टिन नेपाल प्रियंका कार्कीले सञ्चालन गरिरहेको कार्यक्रम 'कल एन्ड विन' को सञ्चालन हाल सुगरिकाले गर्न थालेकी हुन्। प्रत्यक्ष प्रसारण हुने उक्त कार्यक्रमकी पूर्व सञ्चालिका प्रियंका अध्ययनका लागि अमेरिका गएपछि सुगरिकालाई उक्त स्थानमा ल्याइएको हो। एलन श्रेष्ठ निर्माता रहेको उक्त कार्यक्रममा दर्शकहरूले प्रत्यक्ष टेलिफोन गरेर सञ्चालिका सुगरिकाबाट सोधिने प्रश्नको जवाफ मिलाएपछि पुरस्कार जित्दै जान्छन्। कार्यक्रम 'कल एन्ड विन' हरेक शनिबार राती आठदेखि नौ बजेसम्म प्रसारण हुन्छ।

**नेपाल** टेलिभिजन-२ बाट प्रसारण भैरहेको फेसनसम्बन्धी कार्यक्रम 'फेसन बज' ले प्रसारणको दुई सय श्रृंखला पूरा गरेको छ। उक्त कार्यक्रममा नेपालको फेसन क्षेत्रका क्रियाकलाप,



फेसनको बजार र ट्रेन्डका बारेमा विविध सामग्री प्रस्तुत गरिन्छ। त्यसैगरी उक्त च्यानलबाट प्रसारण हुने नेपाली चलचित्रसम्बन्धी कार्यक्रम 'सिने सिजलर' ले पनि प्रसारणको दुई सय श्रृंखला पूरा गरेको छ। उक्त कार्यक्रममा नेपाली चलचित्रका गीतहरू बजाउँदै चलचित्रका गतिविधिहरूका बारेमा जानकारी दिइन्छ। हरेक शुक्रबार राती ८ बजेर ४५ मिनेटमा प्रसारण हुने कार्यक्रम 'फेसन बज' तथा हरेक मंगलबार साँझ ७ बजे प्रसारण हुने कार्यक्रम 'सिने सिजलर' का सञ्चालक तथा निर्माता रोजिन शाक्य हुन्।

**हरेक** आइतबार राती ९:१५ मा नेपाल टेलिभिजबाट प्रसारण भैरहेको टेलिश्रृंखला दुई थोपा आँसुका निर्माता तथा निर्देशक जनकदीपले आफ्नो श्रृंखला हेर्न आग्रह गर्ने नौलो उपाय अपनाएका छन्। उनी उक्त टेलिश्रृंखला प्रसारण हुने दिन चिनेजानेकाहरूलाई मोबाइल एसएमएस पठाउँछन्। एसएमएसमा लेखिएको हुन्छ- 'आज आइतबार राती ९:१५ मा तपाईंको प्रिय टेलिभिजन श्रृंखला दुई थोपा आँसुको नयाँ भाग प्रसारण हुँदैछ। यो रमाइलो भाग स-परिवार हेर्नुहोला। साथै यो म्यासेज अरू दस जनालाई समेत फरवार्ड गरिदिनुहोला! धन्यवाद।' उनको यो उपाय उपयोगी पनि साबित भएको छ। श्रृंखलामा सुशीला रायमाझी, विनोद मानन्धर, गणेश उप्रेती, दिनेश शर्मा, रञ्जना शर्मा, मुना कार्की, श्याम घिमिरे आदि कलाकारले अभिनय गरेका छन्।

# साताको स्वर



**चर्चित** रक समूह '१९७४ एडी'का गायक तथा गीतारवादक फिरोज साङ्देनले आफ्नो एकल एल्बम बजारमा ल्याउने भएका छन्। हाल शीर्षकको खोजीमा रहेका साङ्देनको उक्त एल्बममा १९७४ एडी समूहको कुनै संलग्नता रहेको छैन। समूहमा रहेर एल्बम निकाल्दा फरक प्रयोग वा कला प्रकट नहुने भएकाले एकल एल्बम निकाल्न खोजेको उनले बताएका छन्। हालै उक्त एल्बमको एउटा गीतको म्युजिक भिडियोको निर्माण सम्पन्न भै प्रसारण भैरहेको छ भने एल्बमलाई ताल म्युजिकले बजारमा ल्याउँदैछ। उक्त समूहका गायक तथा ड्रमसेटवादक एडरिन प्रधानले पनि यसअघि आफ्नो एकल एल्बम बजारमा ल्याइसकेका छन्।

**गायिका** नलिना चित्रकारले केही समयअघि म्युजिक भिडियोमार्फत दर्शकलाई बैंकक घुमाएकी थिइन्। अब आस्था समूहका गायक सुदीप गुरुङले आफ्नो म्युजिक भिडियोमार्फत दर्शकलाई बेलायतको दक्षिण-पूर्वी भेकको फोक स्टोन क्षेत्र देखाउँदैछन्। सचिन श्रेष्ठद्वारा निर्देशन गरिएको सुदीपको एकल एल्बम 'प्रयास'मा समाविष्ट 'पागलपन' गीतको उक्त म्युजिक भिडियोमा बेलायतमै बसोबास गरिरहेकी गीताले मोडलिङ गरेकी छिन्।

**प्रशान्तले** इन्डियन आइडलको उपाधि चुमेको पहिलो दिन नै उनीप्रति समर्पण गरी तयार गरिएको भिडियो क्यासेट सार्वजनिक भएको छ। नेसनल क्रिएटिभ मिडिया पाटर्नरको ब्यानरमा उक्त एल्बम बजारमा आएको हो।

चर्चित गायक थुप्तेन भुटियाको आवाजमा सजिएको उक्त एल्बममा मनोज तामाङको संगीत तथा विपिन स्याङ्देनको शब्द छ। यो एल्बम सिक्किमबाट सार्वजनिक भएको हो।

**गायक** सुशील राई 'साइरस'को एल्बम 'स्प्रिड'मा समावेश गीत 'म एक्लो छु' म्युजिक भिडियोका कारण हाल युवापुस्तामाझ चर्चित भैरहेको छ। हिपहप गायक आरएनबीद्वारा साथ दिइएको उक्त म्युजिक भिडियो लिक्विड प्रोडक्सनका आशिष प्रसाईंले निर्देशन गरेका हुन्। भिडियोमा मोडल ज्योतिका साथ अन्य मोडलहरूको आकर्षक नृत्य हेर्न पाइन्छ।

**'च्याङ्बा** होइ च्याङ्बा'को रिमिक्सबाट चर्चाको शिखरमा पुगेका डिजे राजु हाल आफ्नो दोस्रो रिमिक्स एल्बम बजारमा ल्याउने तयारीमा लागेका छन्। यसबीच उनी हरेक आइतबार साँझ सात बजेदेखि एक घण्टा राजधानीमा हालै प्रसारणमा आएको रेडियो क्यापिटल एफएम ९२ दशमलव ७ मा रेडियो डिजेका रूपमा प्रस्तुत हुँदैछन्। एफएमका कार्यक्रम संयोजक भूपेन्द्र खड्काका अनुसार डिजे राजु तथा उनको प्रशिक्षण केन्द्र बुम इन्टरनेसनलमा डिजेइङ प्रशिक्षण लिइरहेका प्रशिक्षार्थी डिजेहरूले एफएम कार्यक्रम 'रेडियो डिजे'मा विभिन्न गीतलाई प्रत्यक्ष डिजे मिक्स गर्दै सुनाउनेछन्।

**पप** तथा आधुनिक गीतहरूले भरिएको सानु राईको पहिलो एल्बम बजारमा आएको महिना दिन नबित्दै सबै गीतको म्युजिक भिडियो निर्माण गर्ने तयारी भैरहेको छ। सुन्ने संगीतको तुलनामा हेर्ने संगीतको बजार प्रभावकारी भएकाले म्युजिक भीडियो बनाउन हतार गरिएको गायक राईले बताए। एल्बममा समावेश सानु राईसहित राजेश पायल राई, रिमा गुरुङ, आभा मुकारुङ, अभिनाश घिसिङ, अशोक राई तथा दिनेश तामाङको स्वरले सजिएका आठवटै गीतका म्युजिक भिडियो छायाङ्कन गरिसकेको निर्देशक लोकेन सावाँले बताए। म्युजिक भिडियोको छायाङ्कन धरान, भेडेटार, धनकुटा, राजारानी, हिलेजस्ता पर्यटकीय स्थलहरूमा गरिएको छ।




**उदितनारायण झाद्वारा गाइएको एक नेपाली गीतको म्युजिक भिडियोमा अभिनय गर्दै नायक वीरेन श्रेष्ठ तथा मोडल प्रियंका कार्की।**

**गायक** सीताराम पोखरेलले आफ्नो तेस्रो एल्बम 'स्पार्क'मा गायक हरिश माथेमाको एकताका चर्चित पपगीत 'आँखाको नानी हौ तिमी' लाई रिमिक्स गरेका छन्। सिम्पल आर्टको आयोजनामा यसै साता गायक पोखरेलको उक्त एल्बमको विमोचन गीतकार भोजराज घिमिरेले गरेका थिए। दरबारमार्गमा आयोजित विमोचन समारोहमा गायक हिक्मत माली तथा संगीतकार राहुल प्रधानलाई सम्मान गरिएको थियो। आठवटा गीत समाविष्ट गायक पोखरेलको उक्त एल्बममा कृष्णहरि बराल, विमल कोइराला, नरेश भट्टराई, भूपेन्द्र खड्का, राजेश हमाल, अर्जुन अर्याल तथा गायक स्वयंका रचना समावेश छन्। त्यसैगरी एल्बममा राजु सिंह, राहुल प्रधान, रामकृष्ण त्रिपाठी, सञ्जीव हमाल आदिको संगीत सुन्न सकिन्छ। गायक पोखरेलले यसअघि दुईवटा एल्बम 'खोजी हेर्नौ र बिना कारण' बजारमा ल्याइसकेका छन्।

**टेलिभिजन** तथा रेडियोमा आफ्नो प्रस्तुतिका कारण चर्चामा आएका कार्यक्रम प्रस्तोता नरेश भट्टराई अब गीतकार नरेश भट्टराई भएका छन्। हाले उनले आफ्ना रचनाहरू समेटिएको एल्बम 'हरफ' बजारमा ल्याएका छन्। विगतमा फाट्टफुट्ट केही चलचित्र तथा एल्बमहरूका लागि गीत रचना गरिरहेका भट्टराई अब हरेक वर्ष आफ्नै रचनाहरू समेटिएको कम्तीमा एउटा नयाँ एल्बम बजारमा ल्याउने बताउँछन्।

**बोकेदाही** उपनामबाट चर्चामा आएका गायक श्रीकृष्ण लुइँटेल आफैं भन्छन्- 'मेरो गीत सुन्नमा भन्दा हेर्नमा मज्जा आउँछ।' त्यसैले उनी आफ्नो एल्बममा रहेका प्रायः सबै गीतको म्युजिक भिडियो निर्माण गर्छन् र ती म्युजिक भिडियोलाई संग्रह गरेर भिसिडीका रूपमा बजारमा ल्याउँछन्। गएको वर्ष 'मुखमा हान्नु जस्तो' म्युजिक भिडियो संग्रह गरिएको भिसिडीले चर्चा पाएपछि यसै साता उनले 'बोकु' शीर्षक राखेर अर्को भिसिडी बजारमा ल्याएका छन्। उक्त भिसिडीमा लुइँटेलका आठवटा म्युजिक भिडियो संग्रहित छन्। जसमा यस वर्ष चर्चा पाएको 'लामिछाने बा', 'के मैले भूट बोलेको', 'कसकी छोरी तुलसी' जस्ता गीतका म्युजिक भिडियो समेटिएका छन्।

**गत** शनिबार साँझ पाटन दरबारमा कविता, फ्युजन धुन तथा अत्याधुनिक गीतको नौलो संगम प्रस्तुत गरियो। कवि विप्लव प्रतीकको कवितावाचन, सांगीतिक समूह कुटुम्बका लोक फ्युजन संगीत तथा अभया एन्ड द स्टिम इञ्जन्सका अत्याधुनिक संगीत र गायनले कार्यक्रम हेर्न पुगेका दर्शकले त्यहाँ नौलो अनुभूति गरे। राति अबेरसम्म चलेको उक्त कार्यक्रमलाई तीन भागमा विभाजन गरिएको थियो। पहिलो भागमा सांगीतिक समूह 'कुटुम्ब'ले सितार, धिमे, मादल, बाँसुरी, टुङ्ना तथा झ्यालीजस्ता बाजाहरूबाट 'सय थरी बाजा एउटै ताल'देखि 'रेसम फिरिरी' जस्ता गीतका एक दर्जन धुन सुनाए भने त्यसपछि आफ्नो समूहसहित देखा परेकी गायिका अभयाले सुरुवातमा केही अंग्रेजी गीत सुनाएपछि नेपाली रकगीतहरू गाइन्। त्यसपछि कवि प्रतीकले आफ्ना केही कविता प्रस्तुत गरेका थिए।

**चितवनको** भरतपुरस्थित बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले तेस्रो क्यान्सर सतर्कता दिवस तथा आफ्नो आठौं वार्षिकोत्सवको अवसर पारेर आयोजना गरेका सांस्कृतिक कार्यक्रमको आकर्षण बन्न पुगे गायक क्रान्ति आले तथा उनकी गायिका आमा कविता आले। गत साता सम्पन्न उक्त कार्यक्रममा गायक आलेले आफ्ना चर्चित गीतहरू 'सरकारी जागिर', 'च्याङ्बा होइ च्याङ्बा', 'सि इज द बम', 'ए होइ' आदि गाएपछि आमासँग 'झ्याम्मै चौतारी' लोकगीत गाएका थिए। उक्त गीतमा अस्पतालका कर्मचारी तथा दर्शकहरू निकै रमाएका देखिन्थे। आले आमाछोराका अतिरिक्त लोकगायक मिलन लामा र भगवान् भण्डारीले पनि आफ्ना लोकप्रिय लोकदोहोरीहरू सुनाएर दर्शकलाई नचाएका थिए।

## द युनिटी

**आज फेरि दिन बित्यो..... कस्तो प्रकारको गीत हो ?**

यो अरेबियन संगीत तथा मेलोडी भएको ज्याप गीत हो। यो गीत सुन्ने श्रोताले सम्पूर्ण रूपमा अरबिक स्वादलाई नेपाली गीतमा महसुस गर्न सक्छन्।

**त्यसो भए अरबी संगीत चोरिएको हो ?**

होइन, अरेबिक 'थिम' मा काम मात्र गरिएको हो। यसमा गिटार र मेलोडीको फ्लो अरबिक भए पनि यहाँ चलिरहेका मेलोडी प्लस ज्याप गीतजस्तै नै हो।

**यो गीतका लक्षित श्रोता को हुन् ?**

विशेष गरेर 'टिनएज' ले मन पराएका छन्, तर ३० वर्षसम्मका श्रोताले यो गीतबाट मनोरञ्जन लिन सक्छन्।

**म्युजिक भिडियो पनि अरेबिक शैलीकै हो ?**

हो, म्युजिक भिडियो पनि अरबी शैलीकै छ। मोडलहरूको ड्रेसअप देखि नृत्य र अन्य सिक्वेन्समा पनि अरबिक प्रयोग छ।

**म्युजिक भिडियोमा नायिका ऋचा घिमिरेलाई बढी नंग्याइएको जस्तो देखिन्छ नि ?**

होइन, अरबिक म्युजिक भिडियो त्यस्तै हुन्छन्, चलचित्र सोलेको अरबिक गीत मेहबुबा मेहबुबा...हेर्नुस न, त्यस्तै त हो नि। गीतअनुसार हट एन्ड सेन्स्युअल देखाउनुपर्ने थियो, त्यसअनुसार नै स्तरीय म्युजिक भिडियो बनेको छ।

## लाइभ सो

-आज शुक्रबार साँझ साढे छ बजे काठमाडौंको बौद्धस्थित होटल हयात रिजेन्सीमा फेसन सोको आयोजना हुँदैछ। बलिउडका सुस्मिता सेन, महिमा चौधरी, राहुल देवलाई मोडलिङको संसारमा ल्याउने श्रेय पाएका कोरियोग्राफर रश्मि भिरमानीद्वारा कोरियाग्राफी गरिने उक्त फेसन सोको शीर्षक 'खादी सो' राखिएको छ।

-टुबोर्ग बियरको प्रायोजनमा आज शुक्रबार साँझ सात बजे काठमाडौंको दरबारमार्गस्थित होटल याक एन्ड यतीमा महिला गायिकाहरूले मात्रै गीत-संगीत प्रस्तुत गर्ने सांगीतिक कार्यक्रम 'वुमन इन कन्सर्ट' को पाँचौं श्रृंखला आयोजना हुँदैछ। कार्यक्रममा अभया सुब्बा, प्रीति कौर, याङकीओङ्गम लेप्चा, शेरी शेर्पा, वन्दना घले, आरती गुरुङ, श्रुति मास्के, रचना गुरुङ शर्मा, सलिना लामा, आयशा गिरी तथा डिजे पायलले आ-आफ्ना गीत-संगीत प्रस्तुत गर्दैछन्।

## नजिकबाट

## कुन्ति मोक्तान



| | | |
|---|---|---|
| **जन्ममिति** | : | असार २९ |
| घरमा बोलाउने नाम | : | कुन्ति |
| नामको अर्थ | : | केही छैन |
| परिचय | : | गायिका |
| जन्मस्थान | : | दार्जीलिङ, भार्गेस्ट होप चिया बगान |
| रुचि | : | गीत सुन्ने, गाउने, घुम्ने |
| प्रकाशित एल्बम | : | नवौं- मायालुलाई |
| सांगीतिक गुरु | : | श्री जे.सी. राई |
| नजिकको साथी | : | शिलाबहादुर मोक्तान |
| मनपर्ने परिकार | : | नेपाली |
| परिकार | : | सामान्य घरमा खाइने सबै |
| मनपर्ने रंग | : | खरानी |
| मनपर्ने पहिरन | : | साडी |
| मनपर्ने मौसम | : | दसैंको |
| मनपर्ने खेल | : | फुटबल |
| फुर्सदमा | : | टेलिभिजन हेर्ने, घुम्ने |
| मनपर्ने गीत | : | सबै |
| रिस उठेका बेला | : | चुप लाग्छु |
| मनपर्ने आफ्नै बानी | : | सत्य बोल्ने र समयमा चल्ने प्रयास गर्छु |
| पहिलो गीत | : | कहिलेकाहीं मलाई पनि हेरिदेऊ है फर्किएर |
| पहिलो एल्बम | : | हिट सङ्ग अफ कुन्ति सुन्दास |
| पहिलो चर्चित गीत | : | कहिलेकाहीं मलाई पनि हेरि देऊ है फर्किएर |
| सबैभन्दा बढी माया | : | आफ्नो परिवारलाई |
| पहिलो बाजा | : | हार्मोनियम |
| पहिलो प्रेम | : | श्रीमानसँग |
| पहिलो चुम्बन | : | कस्तो प्रश्न हो यो ? हा...हा.... |
| पहिलो फोटोसेसन | : | बिर्सिएँ |
| नराम्रो बानी | : | जिद्दी गर्ने |
| गोप्य कुरा | : | खासै छैन। |

## हङकङमा भक्तराज आचार्य सम्मान साँझ

नेपाली आधुनिक संगीतलाई सयौं कालजयी गीत-संगीत दिएर भजन शिरोमणिको उपाधि पाएका भक्तराज आचार्यको सम्मानमा ३० अक्टुबरका दिन सगरमाथा स्पोर्टिङ क्लब तथा युनाइटेड नेप्लिज आइलेन्डरस क्लब हङकङको आयोजनामा याउ मा तेई थिएटरमा 'भक्तराज आचार्य सम्मान साँझ' सम्पन्न भयो। उक्त कार्यक्रमको सुरुमै भक्तराज आचार्यको सम्मानमा दिइएको ताम्रपत्र उहाँका सुपुत्रद्वय सत्यराज र स्वरूपराज आचार्यलाई हस्तान्तरण गरिएको थियो। सम्मान कार्यक्रममा आयोजकहरूद्वारा स्वयं भक्तराज आचार्यलाई नै उपस्थित गराउने पहल भए पनि अस्वस्थताका कारण उहाँ उपस्थित हुन नसकेको स्वरूपराजले बताए। सांगीतिक कार्यक्रमको प्रारम्भ दुवै गायकले आफ्नै बाबुको गीतबाट गरेका थिए। आचार्य दाजुभाइले नयाँ तथा पुराना गरी आठवटा गीत प्रस्तुत गरे। त्यस क्रममा गायकद्वयको नयाँ एल्बम 'म्युजिक' बाट गाइएको 'तिम्रो नशालु आँखाले मलाई मार्‍यो... ' र 'सोल्टिनी शिरबन्दी शिरैमा...' दर्शकहरूले अत्यधिक रुचाए। स्वरूपराजले दर्शकदीर्घामै गएर गीत गाउँदा दर्शकहरूले सँगै गाएर साथ दिएका थिए। उक्त कार्यक्रममा पहिलोपटक गीत-संगीत प्रस्तुत गर्न हङकङ आइपुगेकी सिने गुरुङ युवाहरूको रोजाइमा परिन्, गुरुङले दुईवटा मात्र गीत गाएर पनि दर्शकहरूलाई पर्याप्त



मनोरञ्जन दिइन्।

स्व. आमाको सम्झनामा आफैंले रचेको गीत 'किन रुन्छ यो मन...' गाउँदा भने उनी निकै भावुक बनेकी थिइन्। करिब दुई घण्टाको उक्त कार्यक्रममा हङकङका स्थानीय गायक एल.बी. मुखिया तथा अन्तिम राईले पनि एक-एकवटा गीत प्रस्तुत गरेका थिए। कार्यक्रममा हङकङका स्थानीय कलाकार एवं प्राविधिकहरूले तयार पारेको चलचित्र 'द प्लान' को ट्रेलर पनि देखाइएको थियो। उक्त चलचित्रको प्रदर्शन यही डिसेम्बर महिनामा हङकङ र नेपालमा हुने बताइन्छ।

-निर्मल श्रेष्ठ

## सन्देश

मिस के., जिन्दगीका हरेक पलमा खुसी रहनु अनि सजग पनि। जिन्दगीमा हजुरजस्तो मित्र पाउन गाह्रो छ। म नौ डाँडापारि गए पनि नभुल्नु। हाम्रा योजना अवश्य पूरा हुनेछन्, संघर्ष गर्न पछि नपर्नु। यति पवित्र मित्रतालाई निरन्तरता दिइरहनु ल।

**सर**

बुधबार, बिहान १०:१० बजे रविभवनबाट कलंकी जान भनी माइक्रोबस रोकी, मुस्कुराउँदै भित्र पस्न लाग्दा ढोकामा टाउको ठोक्किएकी, बसभित्र विपरीत सिटमा बस्ने एक युवक मित्रसँग पढाइका बारेमा गफ गर्ने, रातो पहिरनमा सजिएकी एक युवतीसँग उनकै मित्रसँगै दायाँपट्टि बस्ने, कालो टिसर्ट लगाउने, बेलाबेलामा अनुहार हेरिरहने र कलंकी मन्दिरमा ओर्लने युवकले मित्रताको हात बढाउन चाहेको छु। यदि तिमी चाहन्छौ भने भोलि शनिबार बिहान ८ बजे कलंकी मन्दिरमा दर्शन गर्न आउन नभुल्नु।

**आर**

जे.स., जिउन्जेल मात्र होइन, मरेर गए पनि तिम्रो माया र सम्झनाबाट छुट्कारा पाउनेछैन। मेरो पहिलो नभए पनि अन्तिम प्रेम तिमी नै हौ। जति टाढा भयो त्यति नै मन छटपटिंदो रहेछ। यो मन तिम्रो मायामा ढुक्क छ। समयले टाढा बनायो भन्दैमा टेन्सनमा आउने प्रयास



नगर। दुःख परेको बेलामा आँखाबाट आँसु खस्दा आफूलाई एक्लो महसुस गरी जिन्दगीलाई नधिक्कार, दुःखमा साथ दिने कोही छैन भनेर नसोच, अरू कोही नभए पनि म सातौं जुनीसम्म तिमीलाई साथ दिनेछु आई प्रमिस यू।

**राधिका**

सत्य, तपाईंले धेरै नाम दिनुभएको छ। त्यसैले म दोधारमा छु। हाम्रो भेट भएको आठ वर्ष भएछ होइन ? थाहा पाउनुभएछ मेरो बाध्यता, हो मैले तपाईंलाई बिर्सन खोजेकी थिएँ, किनभने जुन घटना तपाईंहरूका लागि क्षणिक रमाइलो भयो, मैले पनि झलक वा दायाँ-बायाँ देखेको थिएँ तर कसरी त्यस्तो सोचाइ नै आएन। धेरैपछि मात्र सबै कुरा सुनें, त्यो पनि अरूले। यो प्रश्नको उत्तर तपाईंको मुखबाट पाउनुपर्ने हो तर धेरै सोचें मेरो कुनै बाटो देखिनँ तपाईसमक्ष प्रश्न राख्ने।

**सन्ध्या**

**सूचना**

**विजयादशमी तथा दीपावलीको शुभअवसरमा आफ्ना इस्ट-मित्र तथा मान्यजनहरूलाई शुभकामना सन्देश पठाउन चाहनुहुने महानुभावहरूले आफ्नो सन्देश असोज २० गतेसम्ममा साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउनुहोला। सन्देशका साथ रु.२० र कुपन अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ।**

**–सम्पादक**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ............................................................

उमेर : ..................................... उचाइ : .....................................

पेसा : ..................................... शिक्षा : .....................................

स्वभाव :..................................... वैवाहिक स्थिति : .....................

अभिरुचि : .....................................वर्ण : .....................................

इमेल : ............................................................

ठेगाना :............................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

............................................................

............................................................

**नोट** : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटोमा

### कोही छैनन्

मानिस जन्मँदा खुसी भएर जन्मन्छ, अनेकौं पीडा, कष्ट, विघ्नबाधाहरू सहँदै, विभिन्न समस्याहरू सुल्झाउँदै हुर्कन्छ र अन्त्यमा सबैलाई दुःखमा पार्दै मर्छ। ऊ जति वर्ष बाँच्न सक्छ, जति लामो समय अवधिसम्म रहन सक्छ, उसले त्यति नै धेरै साथीभाइ, इष्टमित्र, शत्रु, नातागोता कमाइरहेको हुन्छ। न्वारानदेखि मृत्यु संस्कारसम्मको हरेक कार्यमा ती व्यक्तिहरू सामेल हुन्छन्। सबैजना प्रत्येक नयाँ दिनको प्रतीक्षामा पुरानो दिन (आज) बिताइरहेका हुन्छन्। उनीहरूसँग प्रत्येक पाइला-पाइलामा बात मार्ने साथी छन्, प्रत्येक खुसीमा खुसियाली मनाउने इष्टमित्र छन्, प्रत्येक दुःखमा दुःख बाँड्ने, हरेक पार्टीमा ड्रिंक गर्ने पार्टनरहरू पनि छन् दायाँबायाँ, वरपर जता हिँड्यो त्यतै हाइ-हेल्लो, के छ ? भनी बोलाउने मुखहरू प्रशस्त छन्। साथै शत्रुहरू पनि त्यत्तिकै मात्रामा।

सबैजना नयाँ दिनको प्रतीक्षामा रमाइरहेका हुन्छन् तर म मेरा पुराना दिनको प्रतीक्षामा छु। उफ..., आज म जन्मँदा 'फलानोले सन्तान पाएछ', 'हाम्रो नाति, भतिज, भाञ्जा, भाइ पो', भनी खुसी मनाउँदै छ्याङ, रक्सी, तोङ्बा तान्ने ओठहरू खोजिरहेछु। आज मलाई लाग्छ नशा भनेको नशै रहेछ। जसरी नशासँग सम्पूर्ण शरीरको अंगअंगको सम्पर्क, सुमधुर सम्बन्ध हुन्छ त्यसरी नै नशाले (जाँड, रक्सी, अभक्ष चीज) हामी अनि हाम्रो अन्य छरछिमेक र त्यहींका रैथानेसँग मीठो सम्बन्ध बाँधिदिएको थियो। नशाको सम्बन्ध एकदम बलियो थियो। यसले हामीलाई एकतामा पनि बाँधेको थियो।

केही वर्षअघि हाम्रा बाबाले यो नशा मन नपराउनुभएको थाहा पायौं अनि यसलाई शरीरबाट अलग त पार्‍यौं तर हाम्रो एकता भाँडिन थाल्यो, सम्बन्ध पातलिन थाल्यो। हामी दुई वर्गमा छुट्टियौं- नशाहारी र नशाविहीन। दिनका दिन मेरा चिनजानेकासँग बात मार्ने शब्द घटिरहेका छन्। जहिले पनि घरमा आउनुहुने हजुरबालाई चिन्न छाडेंछु-

चाउरी थपिएर भन्नुहोला तर होइन। 'बाबालाई तीनपाने दिनु रे' भनी खोया माग्न आउने दूधे मुकुन्दे



साइँलोलाई अब त दाह्री जुंगाले

### मेरो प्रेम

सताउन थालेको छ रे ! अब त चिनिँदैन रे ! हजुरबाहरूलाई पनि एल्बममा खोज्नुपर्नेछ। मेरा कम्पनीहरू पनि अलग्गिँदैछन्। अस्ति बुचलाई 'छिः थु' भनी थुकिदिएको त सीधै कम्पनीबाट रेस्टिकेट भएँ। दायाँ-बायाँ कोही छैन, पाइला मिलाउन खोज्छु तर मिल्दैन। नशा त नशै रै'छ, अलग पार्नासाथ एक-अर्काको सम्पर्क एवं सम्बन्ध विच्छेद हुँदो रहेछ। अब त मलाई मलामीको चिन्ता लाग्न थालेको छ। न छन् नातागोता न त कसैसँग चिनजान, एक्लोपन, केवल एक्लोपन। त्यसैले कहिलेकाहीं फेरि पनि त्यही बिजनेस थालूँजस्तो लाग्छ, बुधबारेमा टिल्ल बुच तानेर बाटो रिजर्ब गरूँजस्तो अनि मात्र साथीभाइ, इष्टमित्र, नातागोता बढी बनाइन्छ नत्र भने मेरा लागि मलामी...। नशाले पनि हामीलाई एकतामा बाँधेको रहेछ।

**– डी.आर.**

### विस्मरणमा पुऱ्याऊ

जीवन मेरा निमित्त एउटा सपना मात्र थियो। त्यसको न त कुनै मोल थियो न उद्देश्य नै। कक्षबाट खसेको ग्रहजस्तै म जीवन यात्रा गरिरहेको थिएँ। म कहाँ जान लागिरहेको थिएँ, जान्दिनथेँ। किनभने त्यतिबेला मेरो जीवनधारा अर्कापट्टि बग्न लागिरहेको थियो। यौवनको उष्ण रगत मेरो नसा-नसामा बगिरहेको थियो। मैले जान्ने चेष्टा पनि गरिनँ। म एउटा विशाल जालमा फसे पनि निश्चल थिएँ।

एक दिन अकस्मात तिमी मेरो जीवनमा ध्रुवतारा झैं देखा पर्‍यौ। तिम्रो प्रथम दृष्टिले मलाई विमुग्ध पार्‍यो, विस्मित गरायो। त्यसपछि तिमीलाई जति-जति देख्ने, जान्ने मौका मिल्यो मेरा मनमा प्रेम र श्रद्धाले उति गहिरो जरा हाल्यो। म आफै छक्क पर्छु, प्रेमलाई म मनको दुर्बल मान्थेँ तर आज त्यही प्रेमले मेरो त्यो विश्वासलाई खलबल्याइदिएको छ। प्रेमको प्रथम स्पर्शमा विश्वास थियो, श्रद्धा थियो। प्रेम, प्रीति, विश्वास, श्रद्धा यी सबैलाई म अर्थहीन मान्थेँ तर ती विचार एवं सिद्धान्तले पल्टा खाए। किन र कसरी ? त्यस्तो घोर परिवर्तन भयो, म भन्न असक्षम छु। किन-कसरी भन्ने विषयमा तर्क-वितर्क गर्ने इच्छा पनि छैन। किनभने प्रिय, प्रेम भनेको एक-अर्काको हृदयमा जिएर अनुभव गर्ने भावना हो। तिमी प्रेममयी छौ, तिमी सरल छौ। म तिम्रो निःस्वार्थ प्रेम पाएर आफूलाई धन्य सम्झन्छु।

प्रिय, मेरा विगतका परिच्छेद पल्टाई हेर्दा म आफूलाई निराशाको जलनिधिमा डुबिरहेको पाउँछु। म आफूलाई तिम्रा लागि असक्षम मानिरहेको छु। विगतमा घटेको प्रेमपूर्ण वातावरण मेरा हृदयमा जन्मजान्तरसम्म अविस्मरणीय रहनेछ। त्यसैले प्राणभन्दा प्यारी प्रिय, नारीजगत्की श्रेष्ठ मणि, म तिमीलाई जन्म-जन्मसम्म प्रेम गर्नेछु तर तिमीले मलाई आजदेखि विस्मरणमा पुऱ्याउने प्रयास गर्नु, बिदा।

**–जेनित**

## साप्ताहिक साथी



अविवाहित प्रदीप भट्ट 'राज' बीबीएस तेस्रो वर्षमा अध्ययनरत छन्। लजालु एवं रोमान्टिक स्वभावका प्रदीप निजी कार्यालयमा जागिरे पनि हुन्। नवीन कार्य गर्ने तथा सबैमा माया बाँड्न चाहने प्रदीप असल, दुःख-दुःखमा साथ दिने, मिलनसार, मनका कुरा बुझ्ने साथीको खोजीमा छन्। उनलाई पोस्ट बक्स नम्बर २१७४२ मा पत्राचार गर्न सकिन्छ। ●



कक्षा ११ मा अध्ययरत श्रीकृष्ण हिमालय १९ वर्षका छन्। आफैंले सानो व्यवसाय सञ्चालन गरेर अध्ययन खर्च धानिरहेका श्रीकृष्ण गहुँगोरो वर्णका छन्। उनी ५ फिट ५ इन्च अग्ला छन्। श्रीकृष्णलाई बाँडेगाउँ-९, ऐँसेलुखर्क, सिन्धुपाल्चोकमा पत्राचार गर्न सकिन्छ। ●



लजालु स्वभावका करन सिंह २२ वर्षका छन्। उनी नेपाली सैनिक हुन्। अविवाहित करनले आई.ए.सम्म अध्ययन गरेका छन्। साहित्यमा रुचि राख्ने तथा मित्रतालाई निरन्तरता दिन चाहने मित्रको खोजी गरिरहेका करनलाई karan_singh53@yahoo.com मा पत्रचार गर्न सकिन्छ।

# ऐतिहासिक बन्दीपुर बजारको आकर्षण

बन्दीपुर (तनहुँ)- करिब २ सय ५० वर्ष पुरानो रमणीय एवं शान्त पर्यटकीय स्थल बन्दीपुर बजार ऐतिहासिक धरोहरका रूपमा विकसित हुँदैछ। नेवार समुदायको बसोबास रहेको यो बजार सन् १८१७ मा बसेको थियो। घरका काठमा कुँदिएका विभिन्न कलाशैलीका चित्र, ढुङ्गे छानो र पुराना भाँडाकुँडाको संग्रह तथा रहनसहनले बजार ऐतिहासिक बनेको स्थानीय ६७ वर्षीय ईश्वरगोपाल प्रधानले बताए।

बजार क्षेत्रमा पर्ने बन्दीपुरका ३, ४ र ५ वडामा मात्र करिब ३ सय घरमध्ये नेवारका ८३ र अन्यमा गुरुङ, मगर, ब्राह्मण, क्षेत्री आदिका घर छन्। करिब १ सय वर्ष पुराना ४०-४५ घर हालसम्म रहेको प्रधानले बताए। २ सय वर्षसम्म धान्ने घर अझै पनि रहेको र ती घरलाई सामान्य मर्मतबाहेक केही गर्नु नपर्ने प्रधानले बताए। माटो तथा इँटाको गारो र काठको जोडाइ हुनाले घर बलियो भएका हुन्। यहाँका घरहरू गर्मीमा चिसो र जाडोमा तातो हुन्छन्।

सुरुमा ३ जना नेवार टेकनसिंह पिया, कृपाराम प्रधान र बुद्ध श्रेष्ठ व्यापारको सिलसिलामा भक्तपुरबाट कपडा बेच्न आउँदा यतै घर बसाएको



प्रधानले बताए। बस्ती बस्नु एक दशकअघिदेखि नै भक्तपुरबाट कपडा बेच्न आउँदा बन्दीपुरलाई बास बस्ने स्थान बनाइएको प्रधानले बताए।

यहाँ बसोबास गरेपछि पनि सुरुमा तीन पुस्तासम्म कपडा व्यापार चलेको तर चौथो पुस्तादेखि बिस्तारै हराउँदै गएको बताइन्छ। अहिले आठौं पुस्ता चलिरहेको छ। बसाइँ सरेपछि यही तान राखेर कपडा बुन्न थालियो। 'त्यसबेलाको कपडा बुन्ने तान जुटाउने प्रयासमा आफू पनि लागेको प्रधानले बताए। विभिन्न ठाउँमा कपडा उद्योगको विकास भएपछि बन्दीपुरका तान विस्थापित भएका हुन्। 'आजभोलि त तानमा बुनेका कपडा देख्न पनि पाइन छाड्यो,' प्रधानले भने।

प्रधानका अनुसार मकै पाकेपछि बारीमा कपास छर्ने र माघमा फुलेको कपासबाट आफैंले कपडा बुन्ने यहाँको परम्परा थियो। 'एक फिटभन्दा अग्लो नहुने कपासको बिरुवा रोप्थे। बसोबास सुरु हुँदाताका एउटा ढोका र आधा मात्र झ्याल भएको घर बनाए पनि वि.सं. १९८० देखि मात्र व्यापारिक दृष्टिले पक्की घर बनाउन थालिएको होटल व्यवसायी पत्थर प्रधानले बताए। लाखे, डोको, चोया नाच (पुतली बनाउने) जनैपूर्णिमा तथा गाईजात्रा बन्दीपुरका नेवारले मनाउने प्रमुख चाडपर्व हुन्। करिब १ सय ५० वर्ष पुराना भाँडाकुँडालाई होटल व्यवसायीहरूले सजाएर राखेका छन्।

यहाँका होटलमा परम्परागत काठका भाँडा, वाद्यवादन आदि सामग्री अझै पनि भेटिन्छन्। २०२५ मंसिर १९ गते तनहुको सदरमुकाम बन्दीपुरबाट दमौली सारिएको थियो। सडक सुविधा नभएको भन्दै तत्कालीन सरकारले २०२३ सालमा एकैपटक बन्दीपुरसहित ३२ जिल्ला सदरमुकाम सार्ने निर्णय गरेपछि स्थानीय बासिन्दाले त्यहाँ मोटरबाटो खन्न थालेका थिए।

त्यसअघि २०२२ सालमा पृथ्वी राजमार्ग शिलान्यास भैसकेको थियो। सर्वे भएको ५ वर्षपछि २०२७ सालमा पृथ्वी राजमार्गको नौबीसे-पोखरा खण्ड खन्न सुरु भै २०२९ मा पूरा भएको थियो। पृथ्वीराजमार्ग खन्ने कामसँगै पिच भएको थियो। पृथ्वी राजमार्गको डुम्रेबाट बन्दीपुर जाने ८ किलोमिटर मोटरबाटो २०२४ मा शिलान्याससँगै खन्न सुरु गरी २०२९ मा पूरा भएको थियो। डुम्रे-बन्दीपुर सडक २०५८ मा मात्र पिच भएको हो।

**–सन्तोष पोखरेल**

# तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?

म हत्या-हिंसा, बेरोजगारी तथा महँगीजस्ता कुरा हटाई सुन्दर, शान्त देश बनाउने थिएँ ।

**अर्जुनराम पुरी** (२२), **पर्वत, कुश्मा**

एक घर एक रोजगारको ग्यारेन्टी गरी पूर्वको झापादेखि कर्णालीसम्म समान विकास गरी भ्रष्टाचार निर्मूल पार्ने थिएँ । नेपाललाई चिनाउने काम गर्ने थिएँ ।

**भरतप्रसाद देवकोटा, कैलाली**

लौ जा, प्रधानमन्त्री ! यदि म प्रधानमन्त्री भए १० वर्षमा नेपाललाई एसियाको नमुना देश बनाइदिन्थेँ ।

**रेशमकुमार सुनुवार, काठमाडौं**

हा..हा...हा... ठीक छ । धन्यवाद तपाईंलाई, मलाई प्रधानमन्त्री बनाउनुभएकोमा । यदि म प्रधानमन्त्री भएँ भने सर्वप्रथम देशमा शान्ति बहाली गराउँथेँ चाहे जसरी होस् ।

**लक्ष्मण थापा** (२२), **वीरगन्ज**

पहिले बनाएर त हेर्नुहोस् ।

**सुरज कार्की** (२१)

घूसचाहिँ खान्नथें ।

**प्रभु साह** (२३), **महोत्तरी**

पहिले पद ग्रहण गर्छु तथा जनतालाई विकासको आश्वासन दिन्छु र आफ्नो जीवन बनाउँछु । मस्तले कुर्सीमा निदाउँछु । तपाईंलाई थाहै होला नेताहरू यस्तै गर्छन्, म के गरूँ त ?

**एन. के.सी., लिवाङ, रोल्पा**

चिन्ता लिनुपर्दैन सम्पादकज्यू, तपाईंलाई उपप्रधानमन्त्री बनाइदिउँला ।

**सुविन श्रेष्ठ, हेम्जा, पोखरा**

म प्रधानमन्त्री भए पुरुषसम्बन्धी स्पष्ट कानुन बनाउँथे र महिलाको ३३ प्रतिशत आरक्षण तुरुन्त फिर्ता गर्थे ।

**उत्तम के. भट्टराई** (२०), **स्याङ्जा**

टिष्टा, काँगडाको कुरा अन्तर्राष्ट्रिय अदालतसम्म पुर्‍याउँथें ।

**लेखनाथ ओझा, बर्दिबास**

गिरिजाले त एउटा जहाजमात्र खान सके किनकि त्यसबेलामा जहाज धेरै थिएनन्, तर अब धेरै छन् । त्यसैले दुईवटासम्म जहाज खाने प्रयास गर्नेछु । अरू खानेकुरा त के नै छ र नेपालमा ?

**सन्तोष गौतम** (२२), **नयाँरोड, सर्लाही**

शिक्षा नीति खस्किएको छ । ती नीति-नियमलाई पुनर्ताजगीका साथ कडा नियमको व्यवस्था गर्नेछु ।

**प्रतिमा श्रेष्ठ** (२०), **कुँडहर, पोखरा**

सबैभन्दा पहिले त प्रधानमन्त्री बन्नुपर्‍यो नि, यदि बनें भने देशमा भ्रष्टाचार नियन्त्रण र सबैका लागि रोजगारीको व्यवस्था गर्नेछु ।

**अनिल कार्की, सुकुना, मोरङ**

सम्पूर्ण नेपालीका पक्षमा शासन गर्थें ।

**करवीर उदासी** (१९), **रुकुम**

सबैभन्दा पहिले त हालको यो द्वन्द्वात्मक स्थितिलाई पूर्णरूपमा दिगो शान्तिमा परिणत गर्थें कुनै पनि मूल्यमा । नेपाललाई पुनः एकपटक शान्तिको देश भनेर चिनाउने थिएँ ।

**विष्णु भुसाल** (२३), **मदनपोखरा**

देशमा हरेक सुविधाको विकास गर्छु, जहाँ बिजुली, मोटर बाटो एवं सञ्चारको सुविधा छैन त्यहाँ यी सुविधाहरू पठाउनेछु र हरेक समस्या समाधान गर्नेछु । देश विकास गर्न पहिले व्यक्ति शान्त हुनुपर्छ, व्यक्ति शान्त भएपछि परिवार शान्त हुन्छ, परिवार शान्त भएपछि समाज शान्त हुन्छ र समाज शान्त भएपछि एक न एक दिन अवश्य देश विकास हुन्छ ।

**सोनिका अधिकारी** (१५), **धापासी**

नेपाललाई सिंगापुर बनाउँथें कि झिंगापुर बनाउँथें, त्यो त प्रधानमन्त्री भएपछिको कुरा हो ।

**कुमार सुनुवार, काठमाडौं**

भ्रष्टाचार गर्थें । अनि छोरा वा छोरीको विवाह गर्दा १-२ करोड खर्च गर्थें । आहा, सुन्दै कस्तो मज्जा ! यस्तो पो जिन्दगी !

**दीपेन्द्र थापा, तनहुँ, दमौली**

तपाईंलाई शिक्षा तथा खेलकुद मन्त्री बनाइदिन्छु । अनि तपाईं पनि मालामाल, म पनि मालामाल ।

**अपूर्ण प्रजापति, मध्यपुर थिमी**

म त आफू प्रधानमन्त्री भएको खबर सुनेरै बेहोस हुन्थें ।

**सुमन कोइराला, कौशलटार**

जापान, अमेरिका, चीन जस्तै यो देशलाई विकासको चुचुरोमा पुगाउन अग्रसर हुन्थें ।

**दीपेन्द्र देउवा, डडेलधुरा**

म प्रधानमन्त्री भए सम्पूर्णखाले एकाधिकारवाद, नातावाद, कृपावाद अन्त्य गरी एउटा वर्गविहीन गणतान्त्रिक राज्यप्रणाली सुरु गर्थें ।

**अमृत मगर, पाल्पा**

गोमन, करेत समूह गठन गर्छु । दुस्मन पार्टीसँग लडाउनुपरेन ?

**मनोजकुमार भट्टराई** (१९), **चितवन**

पहिले गिरिजाबाबुले कुर्सी छोड्नुपरेन भन्या ?, त्यसपछि देउवा, सुशील, सुजाता, रामचन्द्र, माकुने, ओली, वामदेव, झलनाथ आदि लाइनमा छन् । त्यसमाथि प्रचण्ड र बाबुराम पनि थपिएका छन् । समावेसीका लागि मधेसी र जनजातिले पनि चान्स पाउनैपर्‍यो । खै आफ्नो त पालै नआउलाजस्तो छ ।

**सुमित** (१५), **गौशाला**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. दसैं र तिहारको परम्परालाई समय सुहाउँदो बनाउन के गर्नु पर्ला ?
२. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
३. बुद्धि ठूलो कि बल ? किन ?
४. देशभक्ति के हो ?
५. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
६. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
७. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
८. प्रेममा धोका हुने कारण के हो ?
९. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
१०. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
११. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म १८ वर्षीया अविवाहित युवती हुँ । मेरो महिनावारी धेरैजसो एक महिनापछि नै हुन्छ र महिनावारी भएको दिन वा अर्को (दोस्रो) दिन कम्मरका साथै एकदम दुख्छ । म सिटामोल नखाई बस्नै सक्दिनँ । महिनावारी हुँदा एक र दुई दिनमा हातखुट्टा गल्ने, वाकवाकी लाग्ने हुन्छ । मेरो तौल ४५ किलोग्राम छ । अब मैले के गर्नुपर्ला ?**

–ऐ.

**उत्तर** : हामी सबैलाई थाहा भएकै कुरा हो, महिनावारी सामान्य र प्राकृतिक क्रिया हो । किशोरावस्थामा पुगेपछि महिलाहरूमा मासिक रूप (२८ दिन) मा योनिबाट रगत आउनुलाई नै हामी महिनावारी भन्छौं । पाठेघरभित्र हुने यी सबै परिवर्तन महिलामा पाइने विभिन्न हार्मोनका कारणले हुन्छ । महिनावारी भएपछि इस्ट्रोजन हार्मोनको प्रभावमा पाठेघरको भित्री तह बाक्लो हुँदै जान्छ । त्यसपछिका दिनमा प्रोजेस्टेरोन हार्मोनको प्रभावमा पाठेघरको भित्री तहका ग्रन्थिहरू सक्रिय भएर आउँछ, किनकि यदि निषेचित डिम्ब आए यो तहमा स्थापित हुन सकोस् र त्यसको पोषणको राम्रो व्यवस्था होस् । यदि निषेचिन डिम्ब नआए यी दुवै हार्मोनको मात्रा तुरुन्तै कम भएर जान्छ, जसले गर्दा बाक्लो बन्न पुगेको पाठेघरको भित्री परत तुहिएर जान्छ । यसरी पाठेघरको यही भित्री परत तुहिएर योनिबाट रगत आउनुलाई नै हामी महिनावारी भन्छौं । यही क्रम फेरि चक्रीय रूपमा प्रत्येक महिना दोहरिन्छ ।

**महिनावारी हुँदा किन पेट दुख्छ ?**

प्रायः सबैजसो महिलाले महिनावारी हुँदा धेरथोर पीडा अनुभव गरेकै हुन्छन् । आधाजसो महिलाले त बेस्सरी नै दुखेको महसुस गर्छन् । महिनावारीको यस्तो पीडालाई अंग्रेजीमा dysmenorrhea भनिन्छ । यस्तो किसिमको पीडा तल्लो पेट, pelvic area कम्मर, ढाडको तल्लो भाग वा तिघ्रातिर समेत हुनसक्छ । महिनावारी हुँदा कतिपय महिलालाई तल्लो पेट असाध्यै दुख्छ र सामान्य दैनिक क्रियाकलाप गर्नलाई पनि अप्ठ्यारो हुन्छ ।

महिनावारी हुँदा रगत बाहिर पठाउन पाठेघरमा छिनछिनमा संकुचन आउँछ र यसो हुँदा पीडा अनुभव हुन्छ । किशोरावस्थामा पाठेघरको मुख केही खुले पनि तुलनात्मक रूपमा सानै हुने भएकाले तरुण वा वयस्क अवस्थाको भन्दा बढी दुख्छ । समय बित्दै गएपछि वा शिशु पाइसकेपछि पाठेघरको मुख पर्याप्त मात्रामा ठूलो हुने भएकाले यस्तो पीडा महसुस हुँदैन । त्यसबाहेक यसरी महिनावारी हुँदा रगत निस्कने क्रममा पाठेघरको भित्री परत तुहिँदा prostaglandin रसायन निस्कन्छ, जसले रक्तनसामा संकुचन ल्याउँछ र पाठेघरलाई आवश्यक रक्तबहावमा कमी आई अक्सिजनको मात्रामा कमी हुन्छ । यो प्रक्रियाले पनि पीडा हुन्छ । यी दुवै प्रक्रिया महिनावारीचक्रकै अन्तरंग प्रक्रिया भएकाले यो प्राकृतिक नै हो ।

स्वस्थ महिलामा अन्य लक्षणको कुरा गर्दा दुख्नुका अतिरिक्त ३ देखि ५ दिनसम्म रगत आउने र यस्तो कुरा २८-३० दिनको चक्रीय रूपमा अर्को महिनावारी हुन्छ भन्ने कुरा त तपाईंलाई थाहै छ । रगतको रंग सामान्य रूपमा रातै हुन्छ, तर केहीमा केही गाढा रातो वा कालो किसिमको र पाठेघरको भित्री परतको टुक्रा पनि देखिन सक्छ । केही महिलामा महिनावारी केही दिन चाँडो हुन्छ भने कसैमा ढिलो । एउटै महिलामा पनि कहिलेकाहीं यो चक्र चाँडो-ढिलो हुन सक्छ । पहिलोपल्ट महिनावारी भएपछि केही समयसम्म यो नियमित नहुन सक्छ । यसबाहेक महिनावारी हुनुभन्दा पहिले अन्य लक्षणहरू देखिन्छन् । पेट फुलेजस्तो हुने, चिन्ता हुने, स्तन दुख्ने वा भारी हुने, रुन मनलाग्ने, दिक्क लाग्ने, थकाइ लाग्ने, चिडचिडापन हुने, प्यास लाग्ने, खानाको रुचिमा परिवर्तन तथा गोडा वा अन्य भाग सुन्निनेजस्ता कुरा हुन सक्छन् । यस्तो स्थितिलाई Premenstrual Tension Syndrome (PMS) भनिन्छ । तपाईंको लक्षणहरूले यस्तै केही भएको संकेत गरिरहेको छ । PMS को कारण यही नै हो भन्ने पक्का भैनसके पनि यी हार्मोनहरूको प्रभाव शरीरको अन्य भागमा पनि पर्न गै त्यसबाट देखिएको लक्षणलाई नै यसो हुनुको अन्तर्निहित कारण मानिन्छ ।

**पीडा कम गर्न के गर्ने ?**

पीडा भैरहेको बेलामा आरामको आवश्यकता पर्छ, त्यसैले थप आराम तथा सुत्ने प्रयास गर्नुभए हुन्छ, तर नदुखेको बेला भरसक अरूझैं दैनिक घरेलु कार्यमा वा अध्ययनमा व्यस्त रहनुपर्छ । व्यक्तिगत सरसफाइमा तथा कब्जियत हुन नदिन विशेष ध्यान दिनुपर्छ । नुनको मात्रा कम गर्दा शरीरमा जम्मा हुने पानी कम हुने भएकाले पनि केही सजिलो हुने कुरा बताइन्छ ।

पीडा कम गर्न तातो वस्तुले जस्तै : hot water bottle वा बाक्लो कपडा तताएर सेक्न सक्नुभए हुन्छ । तातो पानीले नुहाउँदा पनि पीडा कम गर्न मद्दत पुग्छ । केही तातो पेय पिउने वा पेटमा हल्का मालिस गर्दा पीडालाई कम गर्न मद्दत हुन्छ । महिनावारी भएको बेलामा कसरत वा व्यायामले पनि पीडालाई कम गर्न मद्दत गर्छ । औषधी सेवन गरेर पनि पीडा कम गर्न सकिन्छ, जुन तपाईंले सिटामोल खाएर गरि नै सक्नुभएको छ ।

**धेरै नै दुखे के गर्ने ?**

तपाईंलाई जस्तै केही व्यक्तिलाई अति नै दुख्न सक्छ र घरेलु उपाय वा सिटामोलजस्ता औषधीको सेवन पर्याप्त नहुन सक्छ । यस्तो स्थितिमा आफ्नो दैनिक जीवन, स्कुल अनि निद्राजस्ता कुरामा पनि बाधा पर्न सक्छ । यस्तो भएको स्थितिमा चिकित्सकको सहयोग लिनु आवश्यक हुन्छ । आवश्यकता हेरी चिकित्सकले केही कडा किसिमको पीडा कम गर्ने औषधी, पिसाब लगाउने औषधी वा हार्मोन भएका औषधी दिन सक्छन् । यस्ता हार्मोन भएका औषधी परिवार नियोजनको खाने चक्कीमा पनि पाइने भएकाले चिकित्सकले उक्त खाने चक्की दिन सक्छन् । यहाँ उक्त चक्कीको प्रयोग गर्भनिरोधका लागि नभएर पीडा कम गर्नका लागि हो ।

बरोबर मानसिक तनाव वा चिन्ताजस्ता यादै नगरिने कारणले यस्ता समस्या पारिराखेको हुन सक्ने भएकाले त्यसलाई हटाउन पनि आवश्यक कदम चाल्नुपर्छ । अति नै दुख्ने समस्या भएका महिलामा भने पाठेघरको मुखलाई ठूलो पारेर उपचार गरिन्छ, तर किशोरावस्थाका महिलाहरूमा यस्तो किसिमको उपचार विधि प्रयोग गरिँदैन । यस्तो उपचार दोहर्‍याइरहनुपर्ने हुन्छ । कतिपय महिलामा गर्भधारण गरेर सामान्य रूपमा (योनिमार्गबाट नै) शिशु पाएपछि पूर्ण रूपमा निको भएको पाइन्छ ।

# धूमधामसाथ आए सुटुक्क गए

**पृष्ठ ५ बाट जारी**

बताएपछि पत्रकारहरू फर्किएका थिए । साँघुरो स्थान र अव्यवस्थित शैलीमा पत्रकार सम्मेलन आयोजना गरिएको थियो ।

**अव्यवस्थित कन्सर्ट**

अघिल्लो दिनको पत्रकार सम्मेलनभन्दा अझ अव्यवस्थित तरिकाले कन्सर्ट सम्पन्न भयो । शनिबार बिहानैदेखि परेको आकाशे पानीकै बीचमा कन्सर्ट सम्पन्न भएको थियो । ४ सय रुपैयाँको टिकट खरिद गर्ने हजारौं दर्शकले अविरलको झरीका कारण नै कन्सर्ट हेर्न पाएनन् । पानीलाई मतलब नगरी पुगेका ५ हजारभन्दा बढी दर्शकले भने हरियो चौंरीलाई हिल्याउँदै सांगीतिक मनोरञ्जन लिएका थिए । पानी परेका कारण कतिपय दर्शकले कन्सर्ट स्थगित भएको अनुमान लगाएका थिए । अघिल्लो दिन पत्रकार सम्मेलनमा समाचार संकलनका लागि पत्रकारहरूका लागि पास वितरण गरिए पनि भोलिपल्टको कन्सर्टमा पत्रकारका लागि कुनै स्थान छुट्याइएको पाइएन, यहाँसम्म कि फोटोपत्रकार र टेलिभिजन क्यामेराम्यानले समेत कन्सर्टलाई क्यामेरामा कैद गर्न सकेनन् । त्यसैक्रममा पत्रकार र आयोजकहरूबीच केही समय विवाद भएको थियो । सगरमाथा र नेपाल वान टेलिभिजनका प्रतिनिधिलाई सुरक्षाकर्मीले हातपातसमेत गरेका थिए । स्प्रिङउड आयोजक भए पनि पार्टी नेपाल र डीएमआईले कार्यक्रम व्यवस्थापनको जिम्मा लिएका थिए, तर एकले अर्कोलाई आयोजक भनेर पन्छिने काम मात्र भएको देखियो । त्यस्तै दर्शकलाई सहज तरिकाले प्रवेश गर्न नदिई प्रहरी लगाएर हल्का लाठीचार्जसमेत गरिएको थियो ।

**प्रधानमन्त्रीसँग प्रशान्त**

इन्डियन आइडलको तेस्रो संस्करण उपाधि विजेता नेपालीभाषी प्रशान्त तामाङले नेपाल आएको मौकामा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई समेत भेट्न भ्याए । प्रधानमन्त्री कोइरालाले खै टोपी लगाएको भनेर प्रशान्तको टाउकोमा क्रस खुकुरीसहितको भादगाउँले टोपी पहिर्‍याइदिएका थिए । जता पुगे पनि खचाखच भीड सामना गरेका प्रशान्तले प्रधानमन्त्री निवासमा पनि आफ्नो क्रेज देखे । परिसरमा रहेका सबै कर्मचारीले उनीसँग बसेर तस्बिर खिचाएका थिए । 'प्रधानमन्त्री त साह्रै फरासिलो र ह्यान्डसम हुनुहुँदो रहेछ,' –प्रशान्तले भने ।

**सुटुक्क गए**

प्रशान्त सोमबार बिहान १० बजे माइती नेपालको कार्यक्रमका लागि पोखराबाट आइपुग्ने भनिए पनि निर्धारित समयमा हवाई उडान हुन नसकेपछि होटल सोल्टी हुँदै एक बजे मात्र कार्यक्रममा सरिक हुन पुगेका थिए । त्यसपछि सीधै एयरपोर्ट पुगेका प्रशान्तलाई त्यहाँ पनि समर्थक-शुभेच्छुकले घेर्ने प्रयास गरेका थिए, तर आयोजकले उनलाई लुकाउँदै भित्र छिराएका थिए, तर त्यहाँ भने प्रशान्तका निम्ति कुनै मिडिया पुगेका थिएनन् । सोमबार दिउँसो दुई बजे जेट एयरबाट उनी दिल्ली गए ।









## जानकारी













## खोइ त वैवाहिक

# बलात्कारसम्बन्धी कानुन ?

**सुनसरी–** धरान-१७ बस्ने २४ वर्षीया बिमला विश्वकर्मा भन्छिन्– 'रक्सी सेवन गरेर लोग्नेले मेरो इच्छाविपरीत सधैं यौनसम्पर्क गर्छन् । आफूलाई सधैं यौनसम्पर्क गर्दा आनन्द होइन लोग्नेप्रति नै घृणा जाग्छ ।' दिनभरि कामको बोझ, घरमा छोराछोरीको हेरचाह । राति छिट्टै निद्रा लाग्छ । यौनसम्पर्क गर्ने इच्छै हुँदैन । बिमला भन्छिन्– खुसी र सुखको यौनसम्पर्कको अनुभूति नै फरक हुन्छ, तर मैले अहिलेसम्म त्यस्तो अनुभूति नै गरेकी छैन ।' उनी बिरामी हुँदासमेत लोग्नेले जबर्जस्ती यौनसम्पर्क गर्ने गरेका छन् । बिमला भन्छिन्– 'बाँच्दिनँ होला, अस्ति पनि पाठेघर तल झरेको अनुभूति भयो । उपचार गरेपछि निको भयो ।' आफ्नो पतिले पत्नीको पीडा, भावना बुझ्न नसक्केकोमा उनी आफैं प्रश्न गर्छिन्– 'किन उसले मेरो पीडा नबुझेको होला ?'

बिमला बारम्बार यस्तो पीडाकै कारण आफ्नो जीवनलाई धिक्कार्छिन् । कारण उनी यो समस्या न त परिवारमा कसैलाई भन्न सक्छिन्, न त उपचारका लागि कतै जान नै । जतिसुकै पीडा दिए पनि उनका अघि सधैं डर र त्रास अनि मनभरि पीडा र कुण्ठा ।नौ वर्षअघि विवाह गरेकी ३५ वर्षीया हिमानी राई पनि पतिको यस्तै पीडा सहन बाध्य छिन् । हिमानी भन्छिन्– 'जेठी छोरी जन्मिएको तेस्रो दिन थियो । लोग्नेले जबर्जस्ती यौनसम्पर्क गर्न खोजे । आली सुत्केरी, हिँडडुल गर्न पनि गाह्रो भैरहेको थियो, तर लोग्ने जबर्जस्ती यौनसम्पर्क गर्न आए, मेरो केही लागेन । एकदमै अप्ठ्यारो भयो । धेरै पीडा भयो । त्यसपछि त शौचालय पनि जान सकिनँ । पिसाब फेर्न पनि गाह्रो भयो ।'

हिमानीका ४५ वर्षीय पति सर्वराज मजदुरी गर्छन् । हिमानीका लोग्नेले पनि बिमलाका लोग्नेले जस्तै हरेक दिन रक्सी सेवन गरेर जबर्जस्ती यौनसम्पर्क गर्छन् । घरव्यवहारमा सघाउनुको सट्टा लोग्नेबाट यौनयातना पाएको उनी बताउँछिन् । 'दिनभरि घाममा गिट्टी कुटेर चार जना छोराछोरीको पालनपोषण गर्नुपर्छ,' हिमानी भन्छिन्– 'रातभर लोग्नेको यौनपीडा खेप्नुपर्छ ।'तीन वर्षअघि प्रेमविवाह गरेर धनकुटाबाट धरान आएकी २३ वर्षीया गीता लिम्बूको पीडा पनि योभन्दा फरक छैन । गर्भवती भएको नौ महिना लाग्दा पनि उनका २८ वर्षीय लोग्ने जगतबहादुरले यौनसम्पर्क गर्न छाडेनन् । गीताले भनिन्– 'ती दिन सम्झँदा अहिले पनि पीडा हुन्छ । कति गाह्रो हुन्थ्यो ? धन्न बालबालिकालाई केही असर परेन ।'

कति रात त उनले लोग्नेलाई लात्तीले हानेर धपाउनुपऱ्यो । गीता भन्छिन्– 'मेरो भावनाविपरीत यौनसम्पर्क राख्न खोज्दा दिक्क लाग्छ ।' गीतालाई पनि यस्तो जबर्जस्ती यौनसम्पर्क गर्दा यातना पाएझैं लाग्छ । लोग्ने-स्वास्नीबीचको यौनसम्पर्कमा किन तनाव र पीडा हुन्छ महिलालाई ? बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका मनोचिकित्सक डा. प्रमोद स्याङ्वा भन्छन्– 'यौनसम्पर्क भनेको बालबालिका जन्माउनका लागि मात्र हो । अरू बेलाको यौनसम्पर्क राम्रो होइन भन्ने धारणा सानैदेखि महिलाको दिमागमा परेको हुन्छ ।'

डा. प्रमोदका अनुसार महिलाको तुलनामा पुरुषमा बढी नै यौनचाहना हुन्छ । कतिपय महिला बालबालिका जन्माएपछि नारीत्व पूर्ण भयो भन्ने मान्छन् । त्यसैले पनि यौनसम्पर्कप्रति ध्यान दिँदैनन् । एकातिर कामको बोझ, अर्कातिर लोग्नेको मायालु व्यवहार काम सघाउनमा होइन यौनसम्पर्कमा मात्र हुन्छ । त्यसैले महिलामा यौनइच्छा हुँदैन । यौन इच्छा नहुँदा पनि पतिले जबर्जस्ती यौनसम्पर्क गर्दा पत्नीले शारीरिक एवं मानसिक यातनाहरू भोग्नुपर्छ । डा. स्याङ्वा भन्छन्– 'यस्तो सम्पर्कले उनीहरूमा मानसिक आघात पुग्छ, स्वतन्त्र जीवनमा ठेस पुग्छ । उनीहरू स-साना कुरामा रिसाउने, परिवारका सदस्यसँग घुलमिल नहुने तथा एकान्तप्रेमी हुन पुग्छन् ।'

'यस्तै कारणले गर्दा लोग्नेले परस्त्रीसँगको यौनसम्बन्धको इच्छा राख्छन् । जसले गर्दा लोग्ने र स्वास्नीको यौनसम्बन्ध अझ बिग्रिएर जान सक्छ,' -डा. स्याङ्वा बताउँछन् । लोग्नेले गर्ने यस्तो वैवाहिक यौनशोषणविरुद्ध खुलेर कुरा गर्ने साहस अझै पनि महिलाहरूमा आइसकेको छैन । अधिवक्ता मीरा ढुंगाना भन्छिन्– 'नेपालमा वैवाहिक बलात्कारबाट धेरै महिला पीडित छन् । कतिपय महिलालाई इच्छाविपरीत यौनसम्पर्क गर्दा 'नाइँ' भन्ने अधिकार पनि छ भन्नेसमेत थाहा छैन । कानुन नभएकाले हामीले कानुन बन्नुपर्छ भनेका हौं ।' ढुङ्गानाको विचारमा यस्तो कानुन बनाउने तहमा महिलाहरूको सहभागिता नहुनु नै यसको मुख्य कारण हो ।

पुरुषप्रधान समाजका कारण महिलाहरू आफ्नो पीडा खुलस्त व्यक्त गर्न सक्दैनन् । कानुन व्यवसायी ढुंगाना र सपना मल्लले २०५५ सालमा लोग्नेले श्रीमतीलाई जबर्जस्ती यौनसम्पर्क गरेमा बलात्कार हुने दाबी गर्दै अदालतमा मुद्दा हाल्दा धेरै महिलाको अनुहारमा खुसी छाएको थियो । यही मुद्दाबाट अदालतले कानुनतः यस्तो अवस्थालाई 'जबर्जस्ती करणी' नै ठहरिने सिद्धान्त परिभाषित गरी कानुन बनाउन निर्देशन त दियो, तर कानुन बनाएर व्यवहारमा कार्यान्वयन गराउने काम भने अहिलेसम्म हुन सकेन ।


कानुनले इच्छाविपरीत हुने यौनसम्पर्कलाई बलात्कार हुने किटान गरेको छ, तर वैवाहिक जीवनपछि लोग्ने-स्वास्नीबीच हुने यौनसम्पर्कलाई भने परिभाषित गरेको थिएन । अदालतमा मुद्दा परेपछि मात्रै त्यससम्बन्धी परिभाषा आएको हो । अदालतमा परेको उक्त मुद्दामा तत्कालीन न्यायाधीशहरू लक्ष्मणप्रसाद अर्याल, केदारनाथ उपाध्याय तथा कृष्णकुमार बर्माको संयुक्त इजलासले २०५९ वैशाख १९ गते त्यस्तो यौनसम्पर्कलाई जबर्जस्ती करणीको अपराध ठहर गर्दै कानुन बनाउन आदेश दिएको थियो, तर फैसला भएको चार वर्ष बितिसक्दा पनि कानुन नबन्दा पीडित महिलाहरूले न्याय पाउन सकेका छैनन् । जबर्जस्ती करणी आफैंमा अपराध हो । जबर्जस्ती करणी आफ्नी स्वास्नी र अरूकी स्वास्नीमा फरक हुँदैन ।

एउटामा गरेको अपराध हुने र अर्कामा त्यही कुरा गर्दा अपराध नहुने हुँदैन । 'कानुनले लोग्नेलाई आफ्नै स्वास्नीसँग जबर्जस्ती करणी गर्न छुट दिएको छैन,' मीरा ढुंगाना भन्छिन्– 'अमेरिका, बेलायतजस्ता देशमा पनि यस्तै कानुनी मान्यता छ ।' मुलुकी ऐन एघारौं संशोधनले यौनजन्य हिंसा गर्नेमध्ये उमेरअनुसार कैद र सजाय तोकेको छ, तर पछिल्लो समयमा कानुन व्यवसायीले वैवाहिक बलात्कारको मुद्दाका लागि छुट्टै कानुन र अदालतमा छुट्टै इजलासको व्यवस्था हुनुपर्ने धारणा अघि सार्दै आएका छन् ।

अमेरिका, मेक्सिको, बेलायत, नामिबियाजस्ता देशले वैवाहिक बलात्कारलाई कानुनी दायरामा राखेका छन् । राष्ट्रसङ्घीय निकाय युनिसेफका अनुसार अमेरिकामा मात्र प्रतिघण्टा ७० जनाभन्दा बढी महिला बलात्कृत हुन्छन् । त्यसमध्ये १५ प्रतिशतले मात्र कानुनी उपचारको सहयोग लिन्छन् । अमेरिकामा २५, इजिप्टमा ३५, जिम्बाबेमा ३० तथा दक्षिण कोरियामा ४० प्रतिशत महिलाले लोग्नेबाट शारीरिक हिंसा सहनुपरेको छ, तर यसमा नेपालको तथ्यांक भने छैन । वैवाहिक बलात्कारलाई कानुनी दायरामा ल्याउन आवाज उठाउनेमध्ये नेपाल पनि एक हो । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि सन् १९७९ मा पारित भए पनि महिलाले यसबाट मुक्ति भने पाउन सकेका छैनन् ।

**–सुमित्रा 'अञ्जान'**

## रंग भर प्रतियोगिता - ६ को नतिजा



**प्रतियोगीको नाम : मनोजकुमार तामाङ**

**कक्षा : ७**

**विद्यालयको नाम : मनोहर माध्यमिक विद्यालय, काठमाडौं**

# राष्ट्रिय बक्सिङमा सशस्त्र प्रहरीको वर्चस्व

**शिव शर्मा**

पोखरा- पोखरा रंगशालामा सञ्चालन भएको पहिलो महिला तथा २२ औं पुरुष राष्ट्रिय बक्सिङ प्रतियोगिताअन्तर्गत टिम इभेन्टको उपाधि सशस्त्र प्रहरी बलले हात पारेको छ । सशस्त्र प्रहरीले ८ स्वर्ण जित्दै उक्त उपाधि हात पारेको हो । प्रतियोगितामा सशस्त्र प्रहरीले पुरुषतर्फ ४ र महिलातर्फ ४ स्वर्ण पदक जितेको छ । महिलातर्फ कास्कीले २ स्वर्ण तथा पुरुषतर्फ नेपाली सेनाले २ स्वर्ण हात पारेको छ । नेपाल प्रहरीले महिला र पुरुष गरी १-१ स्वर्ण पदक जित्न सफल भयो ।



कास्की जिल्ला बक्सिङ संघले आयोजना गरेको प्रतियोगिताको मंगलबार भएको फाइनलमा पुरुषतर्फको ४८ किलोग्राम तौलसमूहमा सशस्त्र प्रहरीका सचिन राउतले कञ्चनपुरका विमलबहादुर सिंहलाई पराजित गरे भने ५१ किलोग्राम तौलसमूहमा सशस्त्र प्रहरीकै अनिलप्रसाद दाहालले नेपाली सेनाका दीपेन्द्र बखुछेलाई पराजित गर्दै अर्को स्वर्ण पदक थपेका थिए । ६९ किलोग्राम तौलमा धादिङका मानबहादुर गुरुङले सशस्त्र प्रहरीका देवेन्द्र महर्जनलाई हराउँदै स्वर्ण पदक जिते भने ७५ किलोग्राम तौलसमूहमा नेपाली सेनाका विकास परियारले सशस्त्र प्रहरीका विकास बल लामालाई, ८१ किलोग्राम तौलमा काठमाडौंका दिपक महर्जनले कैलालीका भीमबहादुर जोरालाई हराएर स्वर्ण पदक हात पारेका थिए ।

त्यसै गरी हेभिवेटतर्फ नवलपरासीका टेकबहादुर पुनले नेपाली सेनाका सीताराम विकलाई पराजित गर्दै स्वर्ण पदक आफ्नो नाममा लेखाए । ५४ किलोग्राम तौलसमूहमा नेपाली सेनाका दीपेन्द्रसिंह ठकुरीले सुनसरीका देवेन्द्र लिम्बूलाई हराउँदै स्वर्ण पदक हात पारे । त्यस्तै ५७ किलोग्राममा भने नेपाल प्रहरीका दिनेश श्रेष्ठले काभ्रेका अमर महर्जनलाई, ६० किलोग्रामतर्फ सशस्त्र प्रहरीका अजित गुरुङले कास्कीका सन्तोष कार्कीलाई तथा सुशील घिमिरेले नेपाली सेनाका भूपेन्द्र बखुछेलाई पराजित गर्दै ६४ किलोग्राम तौलमा स्वर्ण प्राप्त गरेका थिए ।

यस्तै महिलातर्फ ६६ किलोग्राम तौलसमूहमा कास्कीकी ऋषिसरा थापाले जुम्लाकी अनिता शेरचनलाई हराउँदै स्वर्ण पदक जितिन् भने ६३ किलोग्राम तौलमा कास्कीकै लीला पुनले गुल्मीकी दुर्गा गाहालाई हराउँदै स्वर्ण पदक जितिन् । त्यसै गरी ६० किलोग्राम तौलसमूहमा सशस्त्र प्रहरीकी दीपा छेत्रीले वाकओभरमा स्वर्ण जितिन् । त्यस्तै ५७ किलोग्राम तौलमा नेपाल प्रहरीकी मनीष राईले ललितपुरकी रीना महर्जनलाई पराजित गरी स्वर्ण पदक हात पारिन् । ५४ किलोग्राममा कास्कीकी शर्मिला गुरुङलाई पराजित गरी आरती थापाले स्वर्ण पदक हात पारिन भने ५२ किलोग्राममा सशस्त्र प्रहरीकी सानु लामाले बाजुराकी धनकुमारी थापालाई हराउँदै स्वणी पदक जितिन् । त्यसै गरी ५० किलोग्राममा सुमित्रा नापितले मकवानपुरकी सावित्री लामालाई तथा ४६ किलोग्राममा भक्तपुरकी समी लामालाई हराउँदै सशस्त्र प्रहरीकी माला राईले स्वर्ण पदक हात पारिन् ।

असोज १० देखि पोखरा रंगशालामा सुरु भएको राष्ट्रिय बक्सिङ च्याम्पियनसिपमा सशस्त्र प्रहरीका अजित गुरुङ र सुमित्रा नापित पुरुष तथा महिलातर्फ उत्कृष्ट खेलाडी घोषित भए । उत्कृष्ट खेल समूहमा पनि सशस्त्र प्रहरीकै टिम सम्मानित भयो । प्रतियोगितामा ३० जिल्लाका कुल १ सय ४५ खेलाडीको सहभागिता थियो ।

## २१ औं झरना रनिङ शिल्ड फुटबल

बुटवल- विजया दशमीको उपलक्ष्यमा झरना स्पोर्ट्स क्लब आनन्दवन रूपन्देहीको आयोजनामा २१ औं झरना रनिङ शिल्ड नकआउट फुटबल प्रतियोगिता कुञ्जलापुरस्थित उमा निमाविको मैदानमा प्रारम्भ भएको छ । गत शनिबारदेखि सञ्चालनमा आएको प्रतियोगितामा रूपन्देहीका १६ तथा नवलपरासी तथा कपिलवस्तुका एक-एक गरी १८ टिमले प्रतिष्पर्धा गर्दैछन् । प्रतियोगिताको उपाधि विजेता टिमलाई २६ हजार र उपविजेतालाई १६ हजार नगद पुरस्कारको व्यवस्था गरिएको क्लबका कोषाध्यक्ष धनेन्द्र पौडेलले बताए । वर्षाले खेल स्थगित गरिरहनुपरेकाले यो प्रतियोगिताको फाइनल खेलको मिति तय हुन सकेको छैन ।

**– टोपराज शर्मा**

# नेपालमै आङ सिरिङ्ग पार्ने रेस्लिङ

पृष्ठ १ बाट जारी

नेपालमा फ्रिस्टाइल मनोरञ्जन रेस्लिङलाई भित्र्याउने प्रयास धेरैले गरे पनि त्यसलाई संस्थागत गर्ने प्रयास 'द हिमालयन टाइगर' उपनाम भएका भरत विसुरालले गरेका हुन् । भीमकाय शरीर भएका विसुराल अमेरिका भासिने क्रममा रेस्लिङ खेलमा लागेका थिए । पछि उनले नेपालमै भीमकाय शरीर भएका व्यक्तिहरूलाई एकत्रित गर्दै यो खेलमा सहभागी गराएका थिए तर उनकै समूहमा रहेका केही खेलाडी यसलाई संस्थागत गर्न उनीबाट अलग भए । अहिले सोही समूहले नेपालमा फ्रिस्टाइल मनोरञ्जन रेस्लिङलाई संस्थागत एवं लोकप्रिय बनाउने प्रयास गरिरहेको छ ।



सेटेलाइट च्यानलमा देखिने फ्रिस्टाइल मनोरञ्जन रेस्लिङका खेलाडीहरूको शरीर तथा उनीहरूको हाउभाउकै कारण खेल लोकप्रिय भएको कुरा नेपाली फ्रिस्टाइल मनोरञ्जन रेस्लिङका खेलाडी मिस्टर यती स्वीकार गर्छन् । मिस्टर यती भन्छन्- शरीरको बनावट सानो भए पनि नेपालीहरू आँटिला छन् । उनीहरू र हाम्रो खेलबीच हार्डकोर (हिंसात्मक) खेललाई तुलना गरेर हेर्नुहुन्छ भने हाम्रो म्याचमा बढी हिंसा हुन्छ । पछिल्लो पटक रंगशालामा सम्पन्न खेलमा पनि प्रत्येक खेलाडीको शरीरबाट रगत बग्यो । मैले प्रहार गरेको गाग्रोकै कारण देवा द ग्रेटको टाउकोमा चार टाँका लगाउनुपर्‍यो । टेक्निकली उनीहरू राम्रा छन्, त्यो के कारणले भने उनीहरूसँग इतिहास छ, हामी भर्खर बामे सर्दैछौं । उनीहरूको म्याच हामीले हेर्ने भनेको टेलिभिजनमा हो । टेलिभिजनबाटै बढी आम्दानी गर्ने हुनाले उनीहरूले लाइट, क्यामेरा, एडिटिङ, कमेन्टेटर आदि कुनै पनि कुरामा सम्झौता गर्दैनन् तर हामीकहाँ आर्थिक अभावका कारण सबै कुरामा सम्झौता गर्नुपर्ने अवस्था छ ।

चिउँडो समाएर आकाशतिर फर्केर मुसुक्क मुस्कुराउने शैलीका कारण बाबा बुई प्रतियोगितामा लोकप्रिय भए । स्याङ्जाका दुर्गा रानाले फ्रिस्टाइल मनोरञ्जन रेस्लिङ खेल्न थालेपछि आफैले यो उपनाम राखेका हुन् । प्रतियोगिता अघि रिङमा आउँदा उनले प्रस्तुत गर्ने यो शैली उनको मौलिक शैली भएको र यसलाई अन्तर्राष्ट्रिय फ्रिस्टाइल मनोरञ्जन रेस्लिङमा समेत प्रयोग नगरिएको ठोकुवा राना गर्छन् । केशलाई ४/५ ठाउँमा बाटेका मोटो कदका बाबा बुई गोलो अनुहारका कारण बालबालिकालाई आकर्षित गर्न सक्ने क्षमता राख्छन् ।

बक्सिङका पूर्व-खेलाडी बाबा बुई यो खेलमार्फत लोकप्रिय हुन सक्ने देखेर नै रेस्लिङमा लागेको बताउँछन् । यस्तै किसिमको तर्क मिस्टर यतीको पनि छ । दोलखा निवासी मिस्टर यती आफ्नो नाम सार्वजनिक गर्न त्यत्ति रुचाउँदैनन् । उनी भन्छन्- मलाई मिस्टर यतीकै नामले चिनून् । टेलिफोन र कम्प्युटर नेटवर्कका प्राविधिज्ञ मिस्टर यती सानोमा कसैले केही हुँदैन भन्यो कि त्यही गर्नुपर्ने, रिस उठेपछि कुमको धक्काको भरमा पर्खाल भत्काउनुपर्ने स्वभावका थिए तर अहिले रेस्लिङ खेल्न थालेपछि आफ्नो रिस नियन्त्रणमा आएको उनी बताउँछन् । मिस्टर यती भन्छन्- पहिले कसैले हेर्‍यो भने पनि म आक्रमण गर्न जाइलाग्थें । समूहमै छन् भने तिनीहरूले बढी कुट्लान् तर म अलिकति भए पनि कुट्न पाइन्छ भनेर झगडा गर्थें तर अहिले कसैले मलाई आक्रमण गर्‍यो भने हाँसो उठ्छ । यही भएर मैले खेलमा आफ्नो अनुहार छोपेकी हुँ । यदि रिङमा कुटाइ खाइरहँदा अनुहारमा हाँसो देखियो भने दर्शकमा नकारात्मक प्रभाव पर्ने सम्भावना हुन्छ । अनुहार नदेखाउँदा दर्शकहरूमा कौतूहलता पनि रहन्छ ।




सगरमाथा फ्रिस्टाइल मनोरञ्जन रेस्लिङ संघसँग यस्तै गुण भएका करिब २०-२५ जना खेलाडी छन् । उनीहरू अहिले आफ्नै स्रोत-साधन र लगानीमार्फत् यो खेलको विकासमा जुर्मुराएका छन् । संघका अध्यक्ष थपलिया पनि कुनै समय यो खेलका खेलाडी थिए तर अहिले उनी रेफ्री भएका छन् । थपलिया भन्छन्- फ्रिस्टाइल मनोरञ्जन रेस्लिङ अहिले दक्षिण एसियाका आठ मुलुकमध्ये नेपालमा मात्र खेलिन्छ । हामी यो खेललाई स्वदेशमा लोकप्रिय गराउँदै अन्तराष्ट्रिय क्षेत्रमा जाने अभियानमा छौं, तर हामीकहाँ फ्रिस्टाइल मनोरञ्जन रेस्लिङ विदेशी च्यानलमार्फत हेरिने हुनाले कतिपयलाई म्याच नाटकजस्तो लाग्न सक्छ तर त्यसो होइन, यो खेललाई 'ननस्टप फाइट एक्सन ड्रामा' मान्न सकिन्छ जहाँ खेलाडीहरू वास्तवमै घाइते भैरहेका हुन्छन् । रेफ्रीले खेलाडीहरूमा अत्याधिक रक्तस्राव वा चोट लागेको थाहा पाएपछि खेललाई स्थगित गर्छन् । हालै सम्पन्न एक खेलमा पनि त्यस्तै भयो, लिजार्डको प्रहारका कारण बाबा बुई सख्त घाईते भए । यसलाई हलमै बसेका दर्शकले प्रत्यक्ष देखे । यो खेल दर्शकको मनोरञ्जनका लागि खेलिने भएकाले यसलाई नाटक गरेको वा मिलोमतो गरेको भनेर होच्याउने परम्परालाई त्याग्नुपर्ने थपलियाले बताए ।

वि.सं. २०६१ सालमा स्थापना भएको सगरमाथा फ्रिस्टाइल मनोरञ्जन रेस्लिङ संघले नेपालमा यो खेलको लोकप्रियता बढाउन तातोपानी, नुवाकोट, बाग्लुङ, काठमाडौं आदि विभिन्न स्थानमा प्रतियोगिता गर्दै आएको छ । संघको आर्थिक स्रोत शून्य नै छ । थपलिया भन्छन्- हामी खेलाडीहरूको लक्ष्य नेपालमा फ्रिस्टाइल मनोरञ्जन रेस्लिङलाई लोकप्रिय गराउने भएकाले सबै जनाले लगानी गरेर स्वयंसेवकका रूपमा काम गरिरहेका छौं ।

अहिले यो संघमा कुनै प्रशिक्षक छैनन्, खेलाडीहरूले विदेशी च्यानल हेरेरै केही सिक्छन् र आफ्नै शैलीमा अभ्यास गर्छन् । फ्रिस्टाइल मनोरञ्जन रेस्लिङको क्षेत्रमा आएका नयाँ खेलाडीलाई पुराना खेलाडीहरूले प्रशिक्षण गराउँछन् । 'देवा द ग्रेट' खेलाडी र प्रशिक्षक दुवै हुन् । उनी भन्छन्- हामीले नयाँ खेलाडीलाई प्रारम्भिक चरणको अभ्यास गराउछौं । यसले उनीहरूको शारीरिक क्षमता बढ्छ । त्यसपछि उनीहरूले आ-आफ्नै शैलीको विकास गर्छन् जसलाई हामीले निरीक्षण गर्छौं तर पनि हाम्रो प्रयास भनेको फ्रिस्टाइल मनोरञ्जन रेस्लिङमा नेपालीपन ल्याएर दर्शकहरूलाई यो खेलप्रति आकर्षित गर्नु नै हो । अहिले फ्रिस्टाइल मनोरञ्जन रेस्लिङका खेलाडीहरू संघको बालाजुस्थित जिम सेन्टरमा अभ्यास गर्छन् ।

नेपाली फ्रिस्टाइल मनोरञ्जन रेस्लिङका खेलाडीहरू दर्शकको ताली र लोकप्रियता पाउन हार्डकोर खेल देखाउन बढी लालायित छन् तर यसमा लाग्ने चोट र त्यसको उपचारको भने कुनै ग्यारेन्टी छैन । थपलिया भन्छन्- खेलाडीहरू हार्डकोर गेम खेलेर यो खेलको लोकप्रियता बढाउन चाहन्छन् तर यदि उनीहरूलाई चोटपटक लाग्यो भने उपचारकै समस्या छ । यदि हामीले खेलाडीहरूको स्वास्थ्य बिमा गर्न सकेको खण्डमा उनीहरूलाई पनि केही राहत हुने थियो ।

हेर्दै-सिक्दैको शैलीमा आएको नेपालको फ्रिस्टाइल मनोरञ्जन रेस्लिङलाई राष्ट्रिय खेलकुद परिषद्ले खासै सहयोग नगरेको गुनासो यो खेलका पदाधिकारीहरूको छ । नयाँ आएको खेललाई उत्थान गर्न परिषद्ले आफ्नो पूर्वाधार प्रयोग गर्न दिनुपर्ने हो तर शुल्क लिएर पनि आलटाल गर्ने गरेका छन् । ती पदाधिकारीहरू भन्छन्– 'हामीले आफ्नै लगानीमा यो खेल आयोजना गरिरहेका छौं, किनकि हामी नेपालीहरू पनि फ्रिस्टाइल मनोरञ्जन रेस्लिङ खेल्न सक्छन् भन्ने



# साउलिन कङ्ग-फुका देवा द ग्रेट



नेपालमा विगत केही वर्षदेखि आयोजना हुँदै आएको फ्रिस्टाइल मनोरञ्जन रेस्लिङ प्रतियोगितामा देवा द ग्रेटको नाम निकै सुनिँदै आएको छ । नाम र खेल कलाका कारण उनले आफ्ना दर्शकहरुको संख्या बढाउँदै छन्, तर देवा यो खेलमा जति माहिर छन् उनको भित्री गुण पनि त्यत्तिकै राम्रो छ ।

फ्रिस्टाइल मनोरञ्जन रेस्लिङ प्रतियोगितामा उनले आफ्नो हेभिवेट उपाधिको रक्षा गर्दै आएका छन् । हार्डकोर खेल खेलेरै अहिले देवा नेपाली फ्रिस्टाइल मनोरञ्जन रेस्लिङ खेलमा लोकप्रिय भएका हुन् । लजालु स्वभावका देवा द ग्रेट साउलिन कङ्ग-फुका प्रशिक्षार्थी पनि हुन् । उनले यो कला म्यानमारमा रहँदा सिकेका हुन् । उनी साउलिन कङ्ग-फुका पाँचौं डान हासिल गर्ने खेलाडी हुन् तर पनि देवाले साउलिङ कङ्ग-फुलाई नेपालमा भित्र्याउन चाहेनन् । देवा भन्छन्- साउलिन कङ्ग-फु 'एटेक टु मर्डर' शैलीको खेल हो । यसमा मानिस मर्ने सम्भावना पनि हुन्छ । त्यही भएर साउलिङ कङ्ग-फुलाई मैले आफूमै सीमित गरें ।

बुटवलका स्थानीय बासिन्दा देवा द ग्रेटको वास्तविक नाम देवकुमार राना हो । फ्रिस्टाइल मनोरञ्जन रेस्लिङमा आएपछि अध्यक्षले उनको नाम देवा द ग्रेट राखिदिएको र अहिले यही नामले आफू लोकप्रिय भएको देवकुमार बताउँछन् । बुबा भारतीय लाहुरे भएका कारण उनको बाल्यकाल भारतमै बित्यो । बुबा भारतको अरुणाञ्चल प्रदेशमा हुँदा उनको पढाइ भने मणिपुरमा भयो । मणिपुरमा केही समय तेक्वान्दो सिके पनि एक्सन नभएका कारण उनलाई तेक्वान्दोले मोहित गर्न सकेन । त्यो समयमा मणिपुरमा साउलिन र कङ्ग-फुलाई मिश्रण गरेर मार्शल आर्ट सिकाइन्थ्यो र उनी त्यसैमा अभ्यास गर्न थाले । देवा भन्छन्- साउलिन र कङ्ग फु सिक्ने क्रममा मैले म्यान्मारको जंगलमा यो कला सिकाइन्छ भन्ने कुरा थाहा पाएँ र प्रशिक्षणका लागि त्यतातिर लागे । अभ्यास गरेर कहिल्यै सकिँदैनथ्यो । प्रत्येक जनावरका आक्रमण कलादेखि हल्का ढंगले आक्रमण गरेर गहिरो चोट पुर्‍याउने अभ्याससम्म गर्नुपर्थ्यो, अर्थात् अभ्यास निकै कठिन हुन्थ्यो । फेरि कङ्ग-फुको अभ्यास सूर्योदय हुनुभन्दा अघि गरेर घाम उदाउनुभन्दा अघि नै सक्नुपर्थ्यो । यसको अलग्गै किसिमको नियम छ, त्यसमा निन्जा शैलीको पनि मिश्रण थियो । यसमा पाँच डान हासिल गरेपछि मैले अरुणाञ्चलमै क्लब खोलेर सिकाउन थालें । अझै पनि त्यहाँ मैले खोलेको क्लब अस्तित्वमा छ । मेरा शिष्यहरूले सिकाइरहेका छन् । बुबा आर्मीबाट रिटायर भएपछि हामी नेपाल आयौं र मेरो बसोबास पनि यतै भयो ।

नेपालमा पनि साउलिङ कङ्ग-फुलाई भित्र्याउने सोच नबनाएको होइन तर यो आत्मरक्षाको कला हो । यदि दुरुपयोग भए यसले नराम्रो रूप लिन्छ भन्ने लाग्यो । फेरि साउलिङ कङ्ग-फु खेल पनि होइन, यो सिक्ने भनेको आत्मरक्षाका लागि मात्र हो । देवाले आफ्नो जीवनमा धेरै किसिमका खेल खेले । उनी भन्छन्- मैले नखेलेको कुनै खेल छैन होला । मार्शल आर्ट र बक्सिङमा त उनले राष्ट्रिय स्तरसम्मको प्रतियोगिता खेलिसकेका छन् भने उनी आफू क्रिकेटको पनि राम्रो खेलाडी भएको दाबी गर्छन् ।

बुबा लाहुरे भए पनि मलाई लाहुरे हुन मन लागेन तर कुनै खेलमा लागेर नाम कमाउने धोको भने थियो । अविभावकले पनि मलाई कुनै खेलमा लागेर नाम कमाओस् भनेर स्वतन्त्र छोडिदिए । खेलकुदमा लागेर नाम कमाउने धोको अरू खेलबाट पूरा नभएपछि उनी अहिले फ्रिस्टाइल मनोरञ्जन रेस्लिङमा लागेका छन् । नेपालमा फ्रिस्टाइल मनोरञ्जन रेस्लिङको स्थापनाकालदेखि नै सक्रिय देवा यसलाई अझ लोकप्रिय बनाउन सके त्यसैमा आफ्नो सुरक्षित भविष्य देख्छन् तर यसलाई व्यापक बनाउनुपर्ने चुनौतीलाई देवा अस्वीकार गर्दैनन् । भर्खरै नेपालमा यसले लोकप्रियता पाइरहेको छ । यो खेलप्रति सर्वसाधारणको आकर्षण बढी नै छ तर हामी आर्थिक कारणले उनीहरूमाझ पुग्न सकिरहेका छैनौं, सबै कुराको तालमेल मिले हामी यो खेलमार्फत् देशकै नाम राख्न सक्छौं ।

नेपालको झन्डा फहराउँदै अन्तर्राष्ट्रिय फ्रिस्टाइल मनोरञ्जन रेस्लिङमा सहभागी हुने लक्ष्य लिएका देवा द ग्रेट दैनिक ३-४ घन्टा अभ्यास गर्छन् । विवाहित देवालाई खानामा मासु अनिवार्य चाहिन्छ । देवा भन्छन्- म टन्नै मासु खानैपर्ने मानिसचाहिँ होइन तर एक छाकमा चार-पाँच पिस भए खाना रुच्छ । आफ्नो शरीरलाई कसिलो बनाउन उनी अण्डा, गेडागुडीका साथै प्रोटिनयुक्त औषधीहरू पनि सेवन गर्छन् ।

जिन्स पाइन्ट र टाइट टिसर्टमा देखिने देवाले आफ्नो शरीरलाई थप आकर्षक बनाउन शरीरका विभिन्न भागमा टाटु पनि खोपाएका छन् । खेलबाट खासै आम्दानी नहुने र परिवारको आर्थिक भार पनि व्यहोर्नुपर्ने हुनाले उनी यातायात साधनको कारोबार गर्छन् । देवा मुस्कुराउदै भन्छन्- 'मेरी श्रीमती मेरो प्रत्येक खेल हेर्न उपस्थित हुन्छिन् ।'



# एएफसीमा सन्तोषजनक प्रदर्शन



काठमाडौं- वर्षाका कारण भनेजस्तो प्रशिक्षण गर्न नपाए पनि लिग विजेता महेन्द्र पुलिस क्लबले पाकिस्तानमा सम्पन्न एएफसी प्रेसिडेन्ट कपमा गतिलो प्रदर्शन गरेको छ। लाहोरमा गत आइतबार राती भएको फाइनल खेलमा महेन्द्र पुलिस क्लब प्रतिद्वन्द्वी किर्गिजस्तानको डोरडोई डाइनामो क्लबसँग १ गोलकाविरुद्ध २ गोलले पराजित भएको थियो।

समूह 'बी' मा रहेको महेन्द्र पुलिस क्लबले आफ्नो पहिलो खेल चाइनिज ताइपेईको टाटुङ क्लबविरुद्ध खेलेको थियो। उक्त खेलमा दुवै पक्षबाट कुनै गोल हुन सकेको थिएन तर डोरडोई डाइनामो क्लबसँग भएको खेलमा महेन्द्र पुलिस क्लब एकतर्फी रूपमा शून्यका विरुद्ध ३ गोलले पराजित भएको थियो। उक्त पराजयपछि सेमिफाइनलको यात्रा गर्न महेन्द्र पुलिस क्लबले आफ्नो अर्को खेलमा कम्बोडियाको खेमरलाई ४ गोलको अन्तरले पराजित गर्नुपर्ने तथा आफ्नो खेलमा डोरडोई डाइनामोले सफलता हात पार्नुपर्ने अवस्था थियो। महेन्द्र पुलिस क्लबले आफ्नो प्रतिष्ठालाई बाजी राखेर खेमरलाई ४ गोलकाविरुद्ध ६ गोलले पराजित गऱ्यो। खेलको पहिलो हाफमा १ गोलकाविरुद्ध ४ गोलले अग्रता पाएको महेन्द्र पुलिस क्लबले अन्तमा ४ गोलका विरुद्ध ६ गोलको अन्तरमा सफलता हात पारेको थियो।

उक्त खेलमा महेन्द्र पुलिस क्लबका तर्फबाट कप्तान रमेश बुढाथोकीले खेल सुरु भएको १६ औं मिनेटमा पहिलो गोल गरेका थिए। रमेशले खोलेको गोलको खातालाई अनन्त थापाले २ गोल गरेर बल पुऱ्याए भने पर्वत पाण्डे र जुमानु राईले १/१ गोल थपे। अर्जुन रिजालले ८५ औं थप १ मिनेटमा गोल गरेर महेन्द्र पुलिस क्लबललाई सुनिश्चित जित दिलाए। अर्को खेलमा डोरडोइ डाइनामो चाइनिज ताइपेईको टाटुङ क्लबलाई शून्यका विरुद्ध ५ गोलको फराकिलो अन्तरले पराजित गर्न सफल भएको थियो।

सेमिफाइनलमा महेन्द्र पुलिस क्लबको भिडन्त समूह 'ए' वाट ९ अंक हासिल गरी शीर्ष स्थानमा रहेको ताजिकिस्तानको रेजर टाडाजसँग भएको थियो। उक्त खेलमा महेन्द्र पुलिस क्लबले १ गोलकाविरुद्ध २ गोलले सफलता हात पारेको थियो। प्रतियोगिताकै बलियो क्लबका रूपमा प्रस्तुत भएको रेजरले खेल सुरु भएको २६ औं मिनेटमा पहिलो गोल गरेर खाता खोलेको थियो तर ३२ औं मिनेटमा महेन्द्र पुलिस क्लबका जुमानु राईले गोल गरी खेललाई बराबरीमा ल्याएका थिए। दोस्रो हाफमा दुवै पक्षबाट आक्रमणको प्रयास भए पनि गोल हुन सकेको थिएन तर पुलिस क्लबका कप्तान रमेश बुढाथोकीले इन्जुरी टाइममा गोल गरेर महेन्द्र पुलिस क्लबलाई पहिलो पटक यो स्तरको प्रतियोगिताको फाइनलमा पुऱ्याएका थिए। उता अर्को खेलमा डोरडोई डाइनामोले श्रीलंकाको रत्नम स्पोर्ट्स क्लबलाई ४ गोलका विरुद्ध ५ गोलले पराजित गरेको थियो।

लिग चरणको खेलमै समूह 'बी' मा भेट भएका महेन्द्र पुलिस क्लब र डोरडोई डाइनामोबीच भएको खेलमा महेन्द्र पुलिस क्लब पराजित भएको मानसिकताका कारण पनि नेपाली टिम फाइनलमा पछाडि परेको देखियो। खेल सुरु भएको ८ मिनेटमै महेन्द्र पुलिस क्लबले पहिलो गोल खानुपरेको थियो। महेन्द्र पुलिस क्लबले खेललाई बराबरीमा ल्याउन जति प्रयास गरे पनि विफलता मात्र हात लाग्यो। यस क्रममा डोरडोई डाइनामोले ७४ औं मिनेटमा अर्को गोल गरेर शून्यका विरुद्ध २ गोलको अन्तरले अग्रता लिएको थियो तर दोस्रो हाफको इन्जुरी समयमा जुमानु राईले १ गोल गरे। यो गोलले महेन्द्र पुलिस क्लबको हौसला बढे पनि अर्को गोल गर्ने समय ढल्किसकेको थियो।

समष्टिमा नेपाली फुटबलले लामो सयमपछि कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा राम्रो नतिजा दिन सफल भएको छ, तर पनि फाइनलमा प्रवेश गरेपछि उपाधि हात पार्ने आकांक्षा राख्ने कतिपय दर्शकले महेन्द्र पुलिस क्लबको खेल फितलो रहेको बताए। कान्तिपुर टेलिभिजनमार्फत् प्रत्यक्ष प्रसारण हेरेका नेपाली दर्शकले फाइनलमा महेन्द्र पुलिस क्लबको खेल हेरेर यस्तो विश्लेषण गरेका थिए।

# जर्मनीद्वारा उपाधिको रक्षा

पुरुष फुटबलको परम्परागत शक्ति जर्मनीले महिला विश्वकप फुटबलको उपाधि जितेको छ। सन् २००३ को विजेता जर्मनी आइतबार सम्पन्न पाँचौं महिला विश्वकप फुटबलको फाइनलमा ब्राजिललाई शून्यका विरुद्ध २ गोलले पराजित गर्दै लगातार दोस्रोपल्ट महिला विश्वकप फुटबल च्याम्पियन बनेको हो। जर्मनीले सर्वाधिक दुईपल्ट उपाधि जित्ने संयुक्त राज्य अमेरिकाको कीर्तिमान मात्रै बराबरी गरेन, महिला विश्वकपको इतिहासमा उपाधि रक्षा गर्ने पहिलो टिमसमेत बन्यो।

प्रतियोगिताकै फेवरेट टिम अमेरिकाको ५१ खेलको अपराजित यात्रालाई सेमिफाइनलमा पूर्णविराम लगाएको ब्राजिलले विश्वकप जित्ने पूर्वानुमान गरिएको थियो। फाइनलमा ब्राजिलले लोभलाग्दो प्रदर्शन गरे पनि गोल भने गर्न सकेन। ५२ औं मिनेटमा कप्तान बिर्गिट प्रिन्जको गोलमा जर्मनीले १ गोलको अग्रता लिएको थियो। लगत्तै ब्राजिलले खेल बराबरी गर्ने सुनौलो मौका गुमायो। प्राप्त पेनाल्टीलाई ब्राजिलियन प्लेमेकर मार्ताले प्रहार गरे पनि वुमेन अफ द म्याच जर्मन गोलरक्षक नादिन एंगेररले रोकेकी थिइन्। त्यसपछि हौसिएको जर्मनीको जित ८६ औं मिनेटमा सिमोन लाउडरले गोल गर्दै सुनिश्चित तुल्याएकी थिइन्।

जर्मनीले सेमिफाइनलमा नर्वे तथा क्वार्टरफाइनलमा उत्तर कोरियालाई शून्यका विरुद्ध ३ गोलले पराजित गरेको थियो भने ब्राजिलले सेमीफाइनलमा अमेरिकालाई शून्यका विरुद्ध ४ गोलले तथा क्वार्टरफाइनलमा अस्ट्रेलियालाई २ का विरुद्ध ३ गोलले हराएको थियो। तेस्रो स्थानका निम्ति भएको खेलमा अमेरिकाले नर्वेलाई १ का विरुद्ध ४ गोलले पन्छायो। प्रतियोगिताको पूर्वसन्ध्यामा उपाधिको दावेदार मानिएको आयोजक चीन तथा इङ्ल्यान्ड क्वार्टरफाइनलमै रोकिएका थिए।



ब्राजिलकी मार्ताले विश्वकपमा सर्वाधिक ७ गोल गर्दै गोल्डेन बुट हात पारिन्। फिफा वर्ष खेलाडीसमेत रहेकी उनले नै सर्वोत्कृष्ट खेलाडीको गोल्डेन बल पनि जितिन्। जर्मनीले उपाधियात्रामा एकै गोल पनि नखाई सर्वाधिक २१ गोल गरेको थियो। प्रतियोगिताकै सबैभन्दा कमजोर टिम अर्जेन्टिनाले १ गोल मात्रै गरेर १८ गोल खायो। ओसियाना क्षेत्र च्याम्पियन न्युजिल्यान्डले प्रतियोगितामा एक गोल पनि गर्न सकेन। १ सय २० मध्ये छनौट चरण पार गरेका १६ देश सहभागी महिला विश्वकप फुटबल प्रतियोगितामा जापान, अर्जेन्टिना, उत्तर कोरिया, नाइजेरिया, घाना, डेनमार्क तथा न्युजिल्यान्ड समूह चरणबाटै बाहिरिएका थिए।

अन्तर्राष्ट्रिय फुटबल महासंघले यो विश्वकप निकै सफल मानेको छ। चार वर्षअघिको तुलनामा प्रतिम्याच १५ हजार ६ सय ३० भन्दा बढी अर्थात् ३६ हजार १ सय ५५ जना दर्शकले रंगाशालामा प्रत्यक्ष खेल हेरेका थिए। कुल ११ लाख ५६ हजार ९ सय ५५ जना दर्शकले रंगाशालामा खेल हेरेका थिए। ३२ खेलमा ३ दशमलव ४७ को औसतमा कुल १ सय ११ गोल भएको थियो। सन् १९९१ मा चीनबाटै प्रारम्भ भएको महिला विश्वकपको पाचौं संस्करण चीनका विभिन्न ५ सहरमा सञ्चालन गरिएको थियो।

-राजु घिसिङ

# मिस टिनलाई वर्ल्ड मिस युनिभर्सिटीको उपाधि



गत बिहीबार नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको सगरमाथा सभाकक्षमा सञ्चालन गरिएको एचसिएमआई वर्ल्ड मिस युनिभर्सिटीको प्रतिस्पर्धा विभिन्न कारणले महत्त्वपूर्ण एवं रोचक रह्यो। झन्डै कुनै महलको बाहिरी भाग जस्तै देखिने ब्याकड्रपले आयोजनालाई अझ आकर्षक देखाएको थियो भने उक्त सौन्दर्य तथा प्रतिभा मापनसम्बन्धी प्रतियोगिताको च्यानल नेपाल तथा इमेज च्यानल गरी दुईवटा टेलिभिजन च्यानलबाट प्रत्यक्ष प्रसारण गरिएकाले प्रतियोगिता अझ बृहत् एवं महत्त्वपूर्ण बन्न पुगेको देखिन्थ्यो। उक्त प्रतिस्पर्धामा १८ जना युवतीको सहभागिता थियो तथापि गत वर्षकी मिस टिन खुस्बु ओली र यस वर्षकी मिस टिन आयुशा कार्की पनि यो प्रतियोगिताको प्रतिस्पर्धी भएकाले अन्य प्रतिस्पर्धीहरू ओझेलमा परेझैं देखिन्थे। प्रतियोगी नं. ७ आयुशा तथा प्रतियोगी नम्बर १८ खुस्बुबीचको प्रतिस्पर्धा अवलोकन गर्न उपस्थित दर्शकहरूको आँकलन नै खुस्बु र आयुशामध्ये एक नै यसपटकको वर्ल्ड मिस युनिभर्सिटीको उपाधि विजेता बन्नेछन् भन्ने थियो। तथापि खुस्बु फस्ट रनरअप मात्र भइन्। फस्ट रनर अप उपाधि जिते पनि आफू उक्त अप्रत्यासित परिणामबाट दुःखी भएकाले फस्ट रनरअपको मुकुट र ट्रफी मञ्चमै छोडेको खुस्बुले बताइन्।

अन्तर्राष्ट्रिय स्तरमा देशको प्रतिनिधित्व गर्दै आफ्नो बौद्धिकता देखाउने अवसरको खोजीमा वर्ल्ड मिस युनिभर्सिटीको प्रतियोगितामा उत्रिएकी खुस्बु ओली उक्त प्रतिस्पर्धाको परिणामबाट सन्तुष्ट छैनन्। फस्ट रनरअप उपाधिमा आफूलाई सीमित राख्नु आफ्नो बौद्धिकता तथा पर्फमेन्सको उचित मूल्यांकन नभएको तर्क उनको छ। करिब एक महिनाअघि मिस टिन बनेकी आयुशा कार्कीले खुस्बु वर्ल्ड मिस युनिभर्सिटी उपाधिको प्रबल दावेदार भए पनि आफ्नो क्रिएटिभ उत्तरका कारण आफू विजयी भएको



बताइन्। वर्ल्ड मिस युनिभर्सिटीको प्रतियोगितामा आयुशाले मिस फोटोजेनिक एवं खुस्बुले मिस पर्सनालिटीको उपाधि पनि पाए।

करिब साढे तीन बजे दुईवटा टेलिभिजन च्यानलबाट प्रत्यक्ष प्रसारणसँगै प्रारम्भ भएको एचसिएमआई वर्ल्ड मिस युनिभर्सिटी नेपाल २००७ को प्रतियोगिता कार्यक्रम सञ्चालक रोजिन शाक्यले गरेका थिए। नमुना कलेज अफ फेसन टेक्नोलोजीबाट फेसन विषयमा स्नातक गरेका तेस्रो ब्याचका विद्यार्थीहरूले तयार पारेका आकर्षक पहिरनमा सजिएका प्रतियोगीहरूले पहिलो चरणमा एक-एकवटा प्रश्नको पनि सामना गरेका थिए।

त्यसपछि विभिन्न डिजाइनका इभिनिङ गाउनमा प्रतियोगीहरूले पर्फमेन्स गरेका थिए। त्यसपछि छानिएका उत्कृष्ट दस सुन्दरीले उपस्थित निर्णायकका प्रश्नको सामना गरेका थिए। त्यही चरणबाट विजेताको छनौट गरिएको थियो। विजेता-उपविजेताहरूको नाम घोषणापूर्व पुनः एकपटक सम्पूर्ण प्रतियोगीहरू मञ्चमा देखापरेका थिए। यस पटक सेतो पाइन्ट, सेतो रंगकै सर्ट, रातो र कालो रंगको संयोजनमा तयार पारिएको कन्भोकेसन गाउन तथा क्यापमा ठाँटिएका सुन्दरीहरू अझ आकर्षक देखिएका थिए।

कन्भोकेसन ड्रेस कोडमा उभिएका सुन्दरीहरूबीच क्रमशः विभिन्न शीर्षकका विजेताहरूको नाम घोषणा गरिएको थियो। एक्सेल बिजिनेस लिंक, नेप्जे र फेसन लिंकको संयुक्त आयोजना एवं महेश श्रेष्ठको कोरियोग्राफीमा सञ्चालित उक्त प्रतियोगितामा आयुशा कार्की मिस फोटोजेनिक, खुस्बु ओली मिस पर्सनालिटी, शोभना श्रेष्ठ मिस फ्रेन्डसिप, सृष्टि श्रेष्ठ मिस ब्युटिफुल हेयर, स्मृति शाह मिस पपुलर, इस्तुति दाहाल बेष्ट स्माइल तथा रेमा महर्जन मिस ट्यालेन्ट छानिएका थिए।

प्रतिस्पर्धाको अन्तिम तीन नाममा रेशु बस्नेत सेकेन्ड रनरअप, खुस्बु ओली फस्ट रनर अप तथा आयुशा कार्की वर्ल्ड मिस युनिभर्सिटी नेपाल २००७ का रूपमा घोषणा गरिएको थियो। आयुशालाई गत वर्षकी विजेता उषा रजकले ताज पहिन्याइदिएकी थिइन्। आयुशाले आगामी नोभेम्बर महिनामा दक्षिण कोरियामा सञ्चालन हुने वर्ल्ड मिस युनिभर्सिटी २००७ मा नेपालको प्रतिनिधित्व गर्नेछिन्।

# नेपाली तारा भोजपुरदेखि रूपन्देहीसम्म

**साप्ताहिक समाचार**

काठमाडौं- इन्डियन आइडलले केही समय ओझेल पारे पनि उत्कृष्ट १० को छनौटपछि नेपाली ताराको चर्चा बढ्न थालेको छ। देशव्यापी कन्सर्टमा सहभागी भएपछि उनीहरू पुगेका सहरमा नेपाली ताराको चर्चा बढेको निर्देशक राजेन्द्र शलभ बताउँछन्। उक्त कार्यक्रमका सञ्चालक तथा गायक दाजुभाइ सत्यराज र स्वरूपराज आचार्य दस जनासँग निकै नजिक भएका छन्।

आचार्य दाजुभाइले गायन तथा व्यवहारबाट प्रतिस्पर्धीहरूको मूल्यांकन यसरी गरेका छन्– युवराज तिवारी अलिक बढि फेसनेबल छन्। कपाल ठाडो बनाएका युवराज प्रायः हिपहप तथा पप गीत गाउन-सुन्न मन पराउँछन्। उत्कृष्ट १० मा पुगेकाहरूमध्ये पोखराका यी १८ वर्षीय गायक सबैभन्दा कान्छा पनि हुन्।

मकवानपुरकी सविना घलान फरासिलो स्वभावकी छिन्। पप गीत मन पराउने भए पनि उनी सबै प्रकारका गीत गाउन सक्छिन्। रूपन्देहीकी स्वेता पुन्जारी शान्त स्वभावकी छिन्। उनलाई उछृङ्खलता मन पर्दैन। उनको स्वर आधुनिक गीतका लागि उपयुक्त छ।

काठमाडौंकी गायिका रोजिना गुरुङ पपगीत बढी गाउँछिन्। हाँसिरहने स्वभावकी गुरुङ फरासिली छिन्। मोरङका आरजी खरेल कम बोल्ने-हाँस्ने स्वभावका छन्। सबै



प्रकारका गीत गाउने खरेल उत्कृष्ट १० मध्ये सबैभन्दा जेठा प्रतिस्पर्धी (२६ वर्ष) हुन्। धादिङका सन्तोष लामा भने उनीभन्दा ठीक विपरीत स्वभावका छन्। ठट्टा गरिरहने र फेसन गर्न मन पराउने लामा सबै प्रकारका गीत गाउन सक्छन्।

भोजपुरका राज सागर सोचमग्न भैरहन्छन्। उनलाई आधुनिक गीत मन पर्छ। मोरङका सूर्यकिरण लामा अरूको कुरा मनन गर्छन् र राम्रा कुरालाई व्यवहारमा उतार्न खोज्छन्। उनी सबै किसिमका गीत गाउँछन्। झापाका तारा लक्सम हाँसो ठट्टा मन पराउने र गुनगुनाइरहने स्वभावका छन्। नेपालगन्जका सुरज थापालाई सत्य-स्वरूपले गफाडी भनेर जिस्क्याउँछन्। गायकीमा शास्त्रीय संगीतको ज्ञान हुनुपर्छ भन्ने थापालाई गफ गर्नमा बाँकी नौ जनाले भेट्दैनन्।

# छानिए सानोबाबु र सानोपरी



काठमाडौं- सेतो पखेटा जोडिएका सेतो रंगको घुँडासम्म आउने स्लिभलेस पहिरनमा सजिएर परीझैं देखिएका २४ जना बालिका सानो परीको उपाधिका लागि प्रतिस्पर्धामा उत्रिएका थिए। यसैगरी कालो पाइन्ट र सेतो सर्टमा ठाँटिएका १४ जना बालक भने सानो बाबुको उपाधिका लागि प्रतिस्पर्धा गर्दै थिए।

गत शुक्रबार अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको सभाकक्षमा १२ वर्ष उमेर समूहभित्रका बालबालिकाबीच सञ्चालित 'सानोबाबु-सानोपरी नेपाल २००७' शीर्षक अन्तर्गतको प्रतिस्पर्धामा उत्कृष्ट दस बालक तथा बालिकाहरूसंग निर्णायकहरूले प्रश्न सोधे।

निर्णायकहरूको निर्णय तथा उपस्थित दर्शकको मतका आधारमा अन्तिम चरणका लागि उत्कृष्ट ५-५ जना प्रतिस्पर्धी छानिए। त्यसपछि निर्णायक प्रश्न सोधियो र लिखित उत्तरका आधारमा विजेता घोषित भए।

'जित हाम्रो' नामक संस्थाको आयोजना तथा सोफिया महर्जनको कोरियोग्राफीमा सञ्चालित उक्त प्रतिस्पर्धामा पोखराको प्रतिनिधित्व गर्ने सोफिया बरालको प्रस्तुतिले उपस्थित सबैको मन जितेको देखिन्थ्यो। प्रतिस्पर्धाको विजेताका रूपमा आशिष श्रेष्ठ र सिब्रन केसी छानिएका थिए। सानो परी विजेता सिब्रनलाई पूर्व मिस नेपाल उषा खड्गीले विजेताको ताज पहिन्याइदिएकी थिइन्। फस्ट रनरअपतर्फ निकेत पौडेल र सोफिया बराल छानिए भने सेकेन्ड रनरअप उपाधिका लागि सेवक श्रेष्ठ र नेहा श्रेष्ठ उत्कृष्ट घोषित भए।

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ८०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।